जनकपुर टुडेको सम्पर्क नं.
९८०१६२६०२६,
९८०१६२६०२५
०४१५९०१०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २२ •अंक ३५३ •२०७७ साल जेठ ५ गते सोमबार (18 May, Monday, 2020) •पृष्ठ ८ •मूल्य रु. ५।-

### कोरोना भाइरसबाट २ को मृत्यु
# देशमा २ सय ९५ संक्रमित, प्रदेश २ मा १२२

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालमा कोरोनाभाइरस संक्रमणको कारण आइतवार थप एक जनाको मृत्यु भएको छ ।२५ वर्षिय युवकको बाँके जिल्लाको नरैनापुरस्थित क्वारन्टीनमा ६ बजेर ४० मिनेटमा बिहान मृत्यु भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पुष्टि गरेकोछ ।मृत्यु भइसकेपछि युवकको रिर्पोट पोजेटिव आएको बताइएकोछ।उनको मृत्युको पुष्टि मन्त्रालयका प्रवक्ता डा. विकास देवकोटाले गरेका हुन्।

वैशाख ३० गते भारतको मुम्बईबाट नेपाल आएका युवा नरैनापुरस्थित दिपेन्द्र प्राथमिक विद्यालयमा बनाइएको क्वारन्टीनमा रहेका थिए।

नरैनापुर गाउँपालिकाका स्वास्थ्य शाखाका प्रमुख मोइन खानले उनलाई शनिवार राति वान्ता हुनुका साथै एक्कासी ज्वरो देखिएको र बिहान मृत्यु भएको बताए।

शनिवार सिन्धुपाल्चोककी सुत्केरी महिलाको कोरोनाभाइरस संक्रमणबाट मृत्यु भएको थियो ।उनी नौ दिनकी सुत्केरी थिइन्।बच्चालाई जोण्डिस भएको बताइएकोछ।

कोरोना भाइरस संक्रमणबाट २ दिनमा लगातार २ जनाको मृत्यु भएकोछ । देशमा पहिलो कोरोना संक्रमित महिला नै देखिएकी थिइन् ।मृतक युवक अस्पताल सम्म जान नपाउँदै ज्यान गुमाए ।महिलाकोपनि उपचार सुरु भए लगते मृत्यु भएको थियो।

भेरी अस्पताल नेपालगञ्जमा पीसीआर विधिबाट परीक्षण गर्दा ती युवाको कोरोनाभाइरसका कारण मृत्यु भएको मन्त्रालयले आइतवार पुष्टि गरेको हो ।संक्रमितहरुको संख्या बढेकोछ ।स्वास्थ्य मन्त्रालयका अनुसार आइतवार बिहान र साँझगरि ११ जना संक्रमित पुष्टि भएका छन् ।बिहान प्रदेश २ को रौतहट जिल्लाको १० जना संक्रमितको पुष्टि भएको थियो ।साँझ स्वास्थ्य मन्त्रालयले थप १ जनामा संक्रमण पुष्टि गरेको छ।

यसैगरि विराटनगरका २ जना र धनकुटाका १ जनामा कोरोना ससंक्रमण पुष्टि भएको प्रदेश १ का सामाजिक विकास मन्त्री जीवन घिमिरेले जनाए। बिराटनगर र धनकुट्टामा पहिलो पटक संक्रमित पुष्टि भएको हो ।उनीहरुलाई कोसी अस्पतालको आइसोलेशनमा उपचार भइरहेको र स्वास्थ्य समान्य रहेको बताइएकोछ।

कोशी अस्पताल विराटनगरमा आइतबार गरिएको पीसीआर परीक्षणमा विराटनगरको मिल्स एरियाका २ जना र धनकुटाका १ जनामा कोरोनाको पुष्टि भएको उनले बताए।

> **कोशी अस्पताल विराटनगरमा आइतबार गरिएको पीसीआर परीक्षणमा विराटनगरको मिल्स एरियाका २ जना र धनकुटाका १ जनामा कोरोनाको पुष्टि भएको उनले बताए। मन्त्रालयका अनुसार अब कुल संक्रमितको संख्या २ सय ९५ पुगेकोछ।**

मन्त्रालयका अनुसार अब कुल संक्रमितको संख्या २ सय ९५ पुगेकोछ।

मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय कोरोना सुचना डेस्कका अनुसार धनकुटाको ३४ वर्षीय महिला, विराटनगरका ३५ वर्षीय पुरुष र २९ वर्षिय महिलामा कोरोना पुष्टि भएको छ ।प्रदेश १ मा कोरोना भाइरस पुष्टि भएकाको जम्मा संख्या ३९ पुगेको छ।

प्रदेश १ मा निको हुनेको जम्मा संख्या १७ रहेको छ। आइतबार गरिएको परीक्षणमा उनिहरुमा कोरोना पुष्टि भएको हो। यस अघि उदयपुर, झापा, भोजपुर र मोरङमा कोरोना संक्रमित देखिएका थिए भने आइतबार नयाँ जिल्ला धनकुटा पनि थपिएको छ ।सर्वाधिक संक्रमित उदयपुरमा देखिएकोछ।

प्रदेश २ को तथ्यांक अनुसार सर्वाधिक कोरोना भाइरस संक्रमित प्रदेश २ मा १ सय २२ जना पुगेका छन् ।त्यस मध्ये सबै भन्दा बढी पर्सा जिल्लामा ९१ जना संक्रमित रहेकाछन् ।रौतहट जिल्लामा संक्रमितहरुको संख्या १३ पुगेको छ ।रौतहटमा पछिल्लो पटक पुष्टि भएका सबै भारतबाट नेपाल फर्केका हुन् ।धनुषामा पनि २ जना भारतको मुम्बईबाट फर्केकाहरुमा कोरोना भाइरस संक्रमण देखिएकोछ ।उनीहरु प्रादेशिक क्वारेन्टाइन नगराइनमा थिए ।धनुषा जिल्लामा ५, महोत्तरी र बारा जिल्लामा ४/४ जना रहेका छन् ।सर्लाहीमा ३ जना र सिरहा र सप्तरीमा १/१ जना छन्।

स्वास्थ्य मन्त्रालयका अनुसार ३६ जना निको भएको छ ।तर त्यस मध्ये ३ जना पूनःअस्पताल भर्ना भएका छन् ।पूनःअस्पताल भर्ना हुनेहरुमा रौतहट, पर्सा र काठमाण्डुका संक्रमितहरु छन्।

हाल संक्रमितको आशंका गरिएकाहरुमा ३ सय ४६ जनालाई आइसोलेशनमा राखिएको छ ।मन्त्रालयका अनुसार २८ हजार १ सय ६० पीसीआर टेस्ट भएको र ६७ हजार ७ सय ६९ आरडीटी टेस्ट गरिएकोछ ।हाल देशभरि १८ हजार ३ सय ५७ जना क्वारेन्टाइनमा रहेका छन्।

संक्रमित फेला परेका टोलवस्तीहरुलाई सिल गर्ने तर पीसीआर टेस्ट नगर्दा समस्या देखिएकोछ ।सिल भएका टोलवस्तीहरुमा टेस्ट नहुँदा मानिस बाहिरिन पाएका छैनन् ।टेस्टकिट अभाव रहेको बताउँदै संक्रमितहरुका छिमेकीहरुको परीक्षण नभएको बताइएकोछ।

प्रदेश २ मा हाल सम्म कुल ५ हजार ३ सय ६९ स्वाब संकलन गरिएकोमा ४ हजार २ सय ८९ निगेटिव र १ सय २२ पोजेटिव रिर्पोट आएको छ। ९ सय ५८ रिर्पोट आउन अझै बाँकी छ।

# 'प्रेस' लेखिएको मोटरसाइकलमा हतियार

**टुडे समाचारदाता**

मलंगवा । प्रहरीले सर्लाही जिल्लाको विष्णु गाउँपालिकाबाट हतियार सहित दुई जनालाई पक्राउ गरेकोछ ।प्रेस लेखिएको भारतीय नम्बरको मोटरसाइकलको चेकजाँच गर्ने क्रममा हतियार बरामद भएको प्रहरीले जनाएकोछ।

विष्णु गाउँपालिकाको वडा नम्बर ३ विश्वनाथ टोलमा हतियार सहित मानिस रहेको सुचना प्राप्त भएको अधारमा प्रदेश प्रहरी कार्यलिय जनकपुरधाम र जिल्ला प्रहरी कार्यलिय सर्लाहीबाट खटेको विशेष टोलीले आइतवार बिहान हतियार सहित मोटरसाइकल र एकजना भारतीय नागरिक सहित दुई जनालाई नियन्त्रणमा लिएकोछ।

जिल्लामा कोरोना भाइरसको संक्रमित फेला पर्न थालेपछि लकडाउनलाई कडा बनाइएकोछ ।तर लकडाउनमै भारतीय नम्बरको मोटरसाइकलमा 'प्रेस' लेखेर घुमिरहेको अवस्थामा आइतबार बिहान चेकजाँच गर्दा हतियार बरामद भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएकोछ।

> **उनीहरुको साथबाट चाइनिज पेस्तोल एक थान, त्यसको म्यागेजिन र ५ राउण्ड गोली, अर्को एक थान कट्टुवा पेस्तोल र त्यसमा लाग्ने १ राउण्ड गोली, बरामद भएको डीएसपी कुँवरले जनाए।**

प्रहरीले विष्णु गाउँपालिका ३ विश्वनाथ टोलस्थित बाँसघारीबाट बीआर ३० एम ६७८७ नम्बरको प्रेस लेखिएको मोटरसाइकलबाट हतियार बरामद भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता समेत रहेका डीएसपी मदन कुँवरले जनाए।

'बाँसघारीमा हतियारसहित मानिस रहेको सूचना आएपछि प्रदेश प्रहरी कार्यालय जनकपुरधाम र जिल्ला प्रहरी कार्यालय सर्लाहीबाट संयुक्त टोली परिचालन भएको थियो' उनले भने, मोटरसाइकलमा सवार बिष्णु गाउँपालिका ३ बस्ने २५ बर्षिय मदन साह कानु र भारतको सीतामढी जिल्ला मरहाडिहका १९ बर्षिय अनिश साहलाई नियन्त्रणमा लिइएकोछ।

उनीहरुको साथबाट चाइनिज पेस्तोल एक थान, त्यसको म्यागेजिन र ५ राउण्ड गोली ,अर्को एक थान कटुवा पेस्तोल र त्यसमा लाग्ने १ राउण्ड गोली, बरामद भएको डीएसपी कुँवरले जनाए।

कुनै घटना गर्न हतियार सहित सकृय रहेको हुन सक्ने संभावना रहेको जनाउँदै प्रहरीले उनीहरुलाई नियन्त्रणमा लिएर थप अनुसन्धान अगाडी बढाइएको जनाएकोछ।




# लकडाउन जेठ २० सम्म थपियो
# भारतमा पनि जेठ १८ सम्म

**टुडे समाचारदाता**

काठमाण्डु। सरकारले जेठ २० गते सम्म लकडाउनको अवधीलाई थप्ने निर्णय गरेकोछ।

मन्त्रिपरिषदको आइतबार साँझ बसेको बैठकले लकडाउनको समय थपगर्दै जेठ २० गतेसम्म लम्बयाएकोछ ।बैठकमा सहभागि एकजना मन्त्रीले जनाए अनुसार कोरोना भाइरस संक्रमितको संख्या बढन थालेपछि सरकारले लकडाउनको समयावधी बढाउने निर्णय गरेकोछ।

नेपालमा पहिलोपटक चैत ११ देखि १८ गतेसम्म लकडाउन गरिएको थियो। त्यसपछि चैत १८ गतेदेखि २५ गते सम्म हप्ता दिन थप गरिएको थियो।

लकडाउनलाई बढाउदै सरकारले फेरी वैशाख ३ सम्म निरन्तरता दिएको थियो। त्यसपछि १२ दिन लकडाउनको अवधि थपेर वैशाख १५ गते पुऱ्याइएको थियो। सरकराले फेरी १० दिन थप गर्दै बैशाख २५ गते सम्म लकडाउनलाई बढाएको थियो।

सरकारले त्यसपछि ११ दिन लम्बयाउदे जेठ ५ गतेसम्म लकडाउनको अवधि थप गरेको थियो ।अब लकडाउन जेठ २० गते सम्म निरन्तर रहनेछ।

यसअघि बसेको कोभिड-१९ नियन्त्रण तथा रोकथाम समितिले लकडाउन १५ दिन थप गर्न सरकारलाई सिफारिस गरेको थियो।

लकडाउनको ५५ औं दिन पुगेको छ। तर, कोरोना संक्रमण भन् बढिरहेको छ। आइतबार साँझ सम्म देशमा कोभिडका २ सय ९५ संक्रमित देखिएका छन्।

लकडाउनका कारण ठूलो दुर्घटनाबाट बचेको भन्दै समितिले लकडाउनको विकल्प नभएको निष्कर्ष निकालेको थियो।

छिमेकी भारतले पनि आइतबार नै लकडाउन २ साताका लागि थप गर्ने निर्णय गरेको छ ।भारतमापनि लकडाउनलाई जेठ १८ गते सम्म लम्बयाइएकोछ ।भारतमा कोरोना भाइरस संक्रमितको संख्या अत्यधिक बढन थालेकोछ।

भारतम अलपत्र रहेका नेपालीहरुलाई सहमति अनुसार स्वदेश फर्काउन थालिएकोछ ।भारतबाट आइरहेका नेपालीहरुलाई सोझै क्वारेन्टाइनमा राखिने गरिएकोछ।

पछिल्लो पटक रौतहट, धनुषामा देखिएका संक्रमितहरु भारतबाट फर्केका हुन् ।भारतबाट आएकाहरुलाई क्वारेन्टाइनमा राखिएपनि उनीहरुको पीसीआर टेस्ट तदारुकताकासाथ नभएको दुखेसो क्वारेन्टाइनमा बस्नेहरुले गर्न थालेका छन्



# चोरीको ५ सय क्युफिट काठ बरामद

रञ्जन यादव

जीतपुर । डिभिजन बन कार्यालय बाराले कोल्हबी नगरपालिकाको बिभिन्न स्थानमा लुकाईछिपाई राखिएको ५ सय क्युफिट काठ आइतबार बरामद गरेको छ।

नगरपालिकाको वडा नं.५ खोरिया टोलको बिभिन्न ११ स्थानमा तस्करहरुले घर आँगन तथा खेत बारीमा लुकाईछिपाई राखेको काठ बरामद गरिएको डिभिजन बन कार्यालय बाराका प्रमुख मञ्जुर अहमदले जानकारी दिए।



बिशेष सुचनाको आधारमा नेपाल प्रहरी, शसस्त्र प्रहरी र स्थानीय साझेदारी वन समूहको सहयोगमा खान तलासी गरी उक्त काठ बरामद गरिएको डिभिजन बन कार्यालय बाराले जनाएको छ। बरामद काठ साल र शिशौको रहेको छ । कोरोना भाइरसले गर्दा जनजीवन कष्टकर भइ ज्यान सुरक्षित गर्न लकडाउनमा बसिरहेका अवस्थामा डिभिजन बन कार्यालय बाराले एक पछि अर्को बनसंरक्षणमा चालेको कदमको प्रदेश नं.२ का उद्योग ,बन पर्यटन महानिर्देशनालयका अधिकृत सुरेश शर्माले प्रशंसा गरे।

बन कर्मचारीहरुलाई अहिलेसम्म सुरक्षा सामग्रीको नाममा संघ सरकारबाट केही थान सर्जिकल मास्क, हेण्डवाश पञ्जा र स्यानिटाइजर प्राप्त भए पनि अपर्याप्त रहेको डिभिजन बन कार्यालय बाराले जनाएको छ।

# क्वारेन्टाइनबाट ४५ जना भागे

टुडे समाचारदाता

बुटवल। कपिलवस्तुको यशोधरा गाउँपालिका- ८ मा खडा गरिएको दुई छुट्टाछुट्टै क्वारेन्टाइनबाट ४५ जना भागेका छन्।

भारत र अन्यत्रबाट आएका सबै जनालाई क्वारेन्टाइनमा नराखेको भन्दै उनीहरु शुक्रबार र शनिबार राति क्वारेन्टाइन छोडेर घर फर्किएका हुन्।

शुक्रबार राति वडा नम्बर ८ को खोरियास्थित सरस्वती प्राविको क्वारेन्टाइनका ३० जना र शनिबार सोही वडाको राष्ट्रिय निमाबि सिंहखोरका थप १५ जना समेत क्वारेन्टाइन छोडेर भागेका वडा अध्यक्ष सहाबुद्दिन मुसलमानले जानकारी दिए।

यशोधरा गाउँपालिकाका १२ जनामा कोरोना संक्रमण पुष्टि भएको छ। वडा नं ८ मा मात्रै पाँच जनामा संक्रमण भएको छ। हालसम्म फेला परेका संक्रमित सबै खोरिया गाउँके हुन्।

# कोरोना सङ्क्रमितको वृद्धिले सर्वसाधारण त्रसित

जनकपुरधाम । प्रदेश नं २ मा केही दिनदेखि कोरोना सङ्क्रमितको संख्यामा वृद्धि भइरहेकाले यहाँका बासिन्दा सन्त्रासमा छन्। यस प्रदेशअन्तर्गतका आठवटै जिल्लामा कोरोना सङ्क्रमित भेटिएको र यसको संख्यामा गुणात्मक रुपमा वृद्धि भएका देखिँदा बासिन्दामा सन्त्रास देखिएको हो । विसं २०७६ चैत ३० गते यस प्रदेशमा पहिलोपटक पर्सा र बारा जिल्लामा तीन/तीनजना गरी छ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको थियो। ठीक एक महिनाको अवधिमा १२ गुणाले वृद्धि भई वैशाख ३० गतेसम्ममा कोरोना सङ्क्रमितको संख्या ७२ पुग्यो।

प्रदेश नं २ मा पछिल्लो २४ घण्टामा चौध जना नयाँ कोरोना सङ्क्रमित थपिएपछि अब यो प्रदेशमा कोरोना सङ्क्रमितको संख्यामा १२२ पुगेको छ। नयाँ थपिएका कोरोना सङ्क्रमितहरुमा महोत्तरीको दुई, धनुषाको दुई र रौतहटको १० जना रहेको सामाजिक विकास मन्त्रालयका सचिव डा रामप्रसाद घिमिरेले आइतबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराउनुभयो।

यसैबीच, यस प्रदेशमा आजसम्ममा पाँच हजार ३६९ जनाको स्वाबको नमूना सङ्कलन गरिएको छ। सोमध्ये चार हजार २८९ जनाको रिपोर्ट नेगेटिभ आएको छ भने ९५८ जनाको रिपोर्ट आउन बाँकी रहेको छ। यस प्रदेशको १८३ वटा क्वारेन्टाइनमा दुई हजार ६७३, होम क्वारेन्टाइनमा चार हजार ७६४ र आइसोलेशनमा १०६ जना बसेका छन् । सङ्क्रमितमध्ये दुईजना उपचारबाट निको भई घर फर्केका छन् भने अन्यको उपचार भइरहेको छ।

यस प्रदेशको आठवटै जिल्लाको सिमाना भारतको विहार राज्यसँग जोडिएको छ। अब विहारमा व्यापक रुपमा कोरोना सङ्क्रमितको संख्यामा वृद्धि हुन थालेको छ । विहारको सीमावर्ती ग्रामीण क्षेत्रमा कोरोनाको प्रभाव बढेमा यस प्रदेशको सीमावर्ती गाउँहरु पनि अछुतो रहन नसक्ने डरले मन पिरोलिन थालिएको जनकपुरको पशुपतिनाथ झाको धारणा रहेको छ।

यस प्रदेशका ठूलो संख्यामा भारतमा रोजगार गर्न र अध्ययन गर्न भारत पुगेका व्यक्तिहरु फर्कने र उनीहरुमध्ये कतिपय व्यक्ति कोरोना सङ्क्रमित हुनसक्ने डरले पनि यहाँका बासिन्दा चिन्तित हुन थालेका छन्।

प्रदेशको अस्थायी राजधानी जनकपुरमा शुरुको अवधिमा लकडाउनलाई अलि हलुका रुपमा लिएको, जब जनकपुरमा कोरोना सङ्क्रमितहरु फेला पर्न थालेपछि जनकपुरवासी बढी सतर्क भएको र लकडाउनको पालना गरिरहेको अरुण झाले बताउनुभयो । कतिपयले एकले अर्कालाई कोरोना सङ्क्रमित होला कि मनको भयले यतिखेर घरबाट ननिस्कने, निस्केको अवस्थामा समाजिक दूरी कायम गर्नेतर्फ सचेत भएको देखिएको छ।

भारतमा दैनिक चार हजारको हाराहारीमा कोरोना सङ्क्रमित थपिने क्रम जारी रहेको छ। भारतको दिल्ली, मुम्बई, अहमदावाद, पञ्जाव लगायतका प्रदेश बढी कोरोनाबाट सङ्क्रमित छन् । सोही कारणले गर्दा भारतबाट आउने नेपाली नागरिकलाई स्थानीय क्वारेन्टाइनमा राख्नका लागि प्रदेश सरकारले थप क्वारेन्टाइन स्थापना गर्ने तयारीमा जुटेको छ।

यस प्रदेशमा अहिलेसम्म १८३ वटा क्वारेन्टाइन छन्। चार हजार ५७६ जना बस्ने सो क्वारेन्टाइनमा यतिखेर दुई हजार ३८२ जना बसेका छन् । भारतबाट आउने मानिसलाई राख्नका थप क्वारेन्टाइन बनाउनका लागि सरकारले पहल शुरु गरिसकेको समाजिक विकास मन्त्रालयका सचिव डा रामप्रसाद घिमिरेले बताउनुभयो ।रासस

# संक्रमित प्रहरी जवान कलैया अस्पतालमा

सिकेन्द्र पासवान

कलैया । जिल्ला प्रहरी कार्यालय बाराको मुद्दा फाँटमा कार्यरत्त प्रहरी जवानलाई कलैया अस्पतालको आइसोलेसनमा राखिएको छ । शनिबार प्रहरी जवानमा कोरोना पुष्टि भएपछि आईतवार कलैया अस्पतालमा राखिएको हो। जिल्ला प्रहरी कार्यालयको आइसोलेसनमा राखिएको ती प्रहरी जवानलाई एम्बुलेन्सबाट कलैया अस्पतालमा पुर्‍याइएको छ । सोमबारदेखि जिल्ला अस्पतालमा दिदै आएको सेवाहरु ठप्प हुने कलैया अस्पतालका प्रमुख डा. बिरेन्द्र मण्डलले जानकारी दिए।

ईमरजेन्सीमा भर्ना रहेको २ जना बिरामी र प्रसुतीमा भर्ना रहेको १५ जना बिरामीहरुलाई कलैयाको बारा नर्सिङ होममा सारिएको प्रमुख मण्डलले भने । अस्पतालमा दिदै आएको सेवा बारा नर्सिङ होममा सेवा प्रदान गर्ने भएको हुदा उपचारका लागि सोहि ठाउँमा जान सबै नागरिकहरुलाई आग्रह समेत गरे। क्वाटरमा रहेकोहरुलाई हालका लागि कलैया अस्पतालमा नै रहने प्रमुख मण्डलले बताए।

प्रहरी जवानलाई अस्पतालको आइसोलेसनमा राखिएपछि अस्पतालको क्यावरमा बसेकाहरुमा निकै चिन्ता थपेको एक जना कर्मचारीले बताए। यता बारा नर्सिङका संचालक डाक्टर मोरित्तकीम मंसुरको स्वास्थ्य सेवा पुर्णरुपमा प्रभाव गर्ने प्रतिक्रिया दिए।

जिल्लाप्रशासन कार्यालय कलैया, बारामा आइतबार बसेको सर्वदलिय बैठकले कलैया उपमहानगरपालिका ५ मा रहेको नारायणी सिँचाई कार्यालयको भवनको जग्गामा कोरोना भाइरस उपचारको लागि अस्पताल बनाउने निर्णय गरेको छ।

प्रदेश सरकारले जिल्ला अस्पतालको रुपमा सेवा दिई रहेको कलैया अस्पताललाई कोरोना उपचार केन्द्रका रुपमा सञ्चालन गर्ने निर्णयको बिरोध सुरु भएपछि सर्वदलीय बैठकबाट दिर्घकालीन रुपमै सिँचाई कार्यालयमा कोरोना अस्पताल बनाउने निर्णय गरिएको हो।

दुई महिना भित्रमा कोरोना अस्पताल सञ्चालनमा ल्याउने गरि काम शुरु गर्ने र त्यसको भौतिक संरचना लगाएतको कार्यमा शुरुमा ८० लाख खर्च लाग्ने अनुमान गरिएको प्रदेश साँसद पारस साहले बताए। कोरोना अस्पताल निर्माणमा लाग्ने खर्चको आधा रकम ४० लाख जति कलैया उपमहानगरपालिकाले व्यवस्था गर्ने र बाँकी रकम प्रदेश सभा सदस्य पारसले संसदिय विकास कोषबाट दिने प्रतिबद्धता गरेको हो।

कलैया उपमहानगपालिका ३ मा रहेका प्रदेशि शैक्षिक तालिक केन्द्रबाट नै अस्थायी कोरोना उपचार केन्द्र बनाएर सेवा दिने सहमति समेत गरिएको हो । शैक्षिक तालिम केन्द्रमा अहिले ४० देखि ५० आइसोलेसन बेड निर्माण गरेर कोरोना भाइरस लागेकाहरुको उपचार गर्न सकिने अवस्था रहेको कलैया अस्पतालका मेसु डाक्टर बिरेन्द्र मण्डलले बताए।

शैक्षिक तालिम केन्द्रमा रहेको भवनहरुको मर्मत, शौचालयको, खाने पानी, बिद्युतको मर्मत हुने भएको छ । बैठकमा, प्रदेश सभा सदस्य पारस साह, ज्वाल कुमारी साह, महम्द समिर, कलैया उपमहानगरपालिका मेयर राजेशराय यादव, जनता समाजवादी पार्टीका नेता प्रमोद गुप्ता, नेकपाका धुरी साह, बाराका प्रमुख जिल्ला अधिकारी रुद्र प्रसाद पण्डित, प्रहरी उपरिक्षक कृष्ण पंगेनी, बारा उद्योग बाणिज्य संघका अध्यक्ष बिनोद साह लगाएतको सहभागीमा सो निर्णय भएको छ।

# एकै दिन १० संक्रमित फेला परेपछि स्थानीय त्रसित

राकेश यादव

गौर । रौतहटमा भारतीय सिमाना सँगै जोडिएको स्थानीय तहमा एकै पटक १० जनामा कोरोना भाइरस (कोभिड्-१९) को संक्रमण फेला परेपछि स्थानियहरु त्रसित बनेका छन्।

आइतवार विहान स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले रौतहटको राजपुर नगरपालिका र ईशनाथ नगरपालिकाको १० जना पुरुषमा कोरोनाको संक्रमण पुष्टि भएको जानकारी गरेपछि रस्थानीयहरु त्रसित भएका हुन।

राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला काठमाण्डुमा गरिएको स्वाब परीक्षणबाट राजपुर नगरपालिकाका ७ तथा ईशनाथ नगरपालिकाका ३ गरी १० जनामा पोजेटिभ पुष्टि भए जिल्लामा संक्रमितको संख्या १३ पुगेको हो। मन्त्रालयका अनुसार राजपुर नगरपालिका ९ का १८ र ईशनाथ वड़ा नम्बर ३ र ५ का २८,३०,३३ वर्षको पुरुष संक्रमित भएको र उनीहरुको स्वास्थ्य अवस्था सामान्य रहेको छ।

रौतहटमा संक्रमित भेटिएको सवै विदेशबाट फर्केका छन् । सो मध्ये अधिकांश मुस्लिम समुदायको व्यक्ति रहेको बुझिएको छ । यस अघि पोजेटिव देखिएका तीन जना दिल्ली, मुंबई र कलकत्ताबाट फर्केका थिए। मुंबई र गुजरातबाट चोरबाटो हुदै नेपाल भित्रिएका संक्रमित १० जनालाई सम्वन्धित स्थानीय तहले निर्माण गरेको क्वारेंटाइनमा राखिएको थियो।

प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले संक्रमित पुरुषहरु क्वारेंटाइनमा बसेकोले अन्य व्यक्तिको संपर्कमा नआएको जनाएको छ। राजपुर नगरपालिकाका निमित प्रमुख प्रशासकीय अधिकृत बैजू ठाकुरले साविकको राजपुर फरहदा वड़ा नम्बर ९ रहेको बताए।

भारतबाट आएका २७ जनाको स्वाब संकलन गरी परीक्षणको लागि लगिएकोमा ७ जनामा रिपोर्ट पोजेटिव आएको छ । उनले २० जनाको रिपोर्ट निगेटिव आएको र क्वारेंटाइनमा ८९ जना रहेको ठाकुरले जनाएको छ।

# भारतबाट चितवन हुँदै धनुषा आए संक्रमित

टुडे समाचारदाता

जनकपुरधाम। धनुषामा नयाँ देखापरेका कोरोना संक्रमितलाई प्रादेशिक अस्पतालको आइसोलेसनमा भर्ना गरिएको छ।

पछिल्लो पटक फेला परेका दुई जना कोरोना संक्रमितलाई आईतबार आइसोलेसनमा राखिएको छ । उनीहरुलाई नगराइननगरपालिकाको गांगुली क्वारेन्टाइनमा राखी स्वाब परीक्षण गरिएको थियो।

उनीहरु दुई महिनाअघि नै भारतको मुम्बईबाट फर्केर आएको पाइएको छ। मुम्बईबाट दुई महिना अगाडि आएका उनीहरु घर नआई चितवन गएका थिए।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भनेका धनुषाका थप दुई जना पुरुष संक्रमित नगराइन नगरपालिका वडा नम्बर १ घोरघासका हुन् । केहि महिनाअघि यी दुबै जना भारतको मुम्बई गएको र फागु पूर्णिमाको समयमा चितवन फर्केका थिए। संक्रमित भनिएका २० बर्षका युवक चितवनमै ओरसियरी अध्ययन गर्दै आएका थिए।

अध्ययन गरिरहेके समयमा पढाई छाडेर उनी संक्रमित भनिएका ३५ बर्षिय व्यक्तिसँग भारतको मुम्बई गएको पाइएको धनुषाका प्रमुख जिल्ला अधिकारी कोषहरि निरौलाले जानकारी दिए । 'उनीहरु दुई महिनाअघि नै मुम्बईबाट आएको र घर नआई सिधै चितवन गएको खुल्न आएको छ' निरौलाले भने, "उनीहरु गत बैशाख ३० गते चितवनबाट घर आएका थिए।"

मुम्बईबाट चितवन हुँदै घर आएका दुबैलाई नगराइनस्थित गांगुली क्वारेन्टाइनमा राखिएको थियो । क्वारेन्टाइनमै स्वाब संकलन गर्दा दुबै जना पोजेटिभ देखिएको बताउँदै प्रमुख जिल्ला अधिकारी निरौलाले दुबैलाई आइसोलेसनमा ल्याइसकिएको बताए।

# मन्त्री यादव अस्पतालमा

काठमाण्डु । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री रामेश्वर राय यादव सामान्य स्वास्थ्य परीक्षणका लागि बाँसबारीस्थित शहीद गङ्गालाल राष्ट्रिय हृदय केन्द्र पुगेका छन्।

मन्त्री यादवको स्वास्थ्य सामान्य रहेको र नियमित परीक्षणका लागि अस्पताल गएको उनका प्रेस संयोजक विजय यादवले जानकारी दिए। मन्त्री यादवको सचिवालयले उनलाई हृदयघात भएको भनेर फैलाइएको हल्ला निराधार रहेको पनि जनाएको छ ।रासस

# सैनिक पोशाक दुरुपयोग गर्ने गैरसैनिक नियन्त्रणमा

काठमाण्डु । नेपाली सेनाले लकडाउनलाई सफल तुल्याउन र सैनिक भेषमा सवारी साधन चलाई लकडाउन उल्लङ्घन गर्न खोज्नेलाई नियन्त्रण गर्न काठमाण्डु उपत्यकाका चार स्थानका मुख्य चोकमा सैनिक प्रहरी खटाएको छ।

नेपाली सेनाका प्रवक्ता विज्ञानदेव पाण्डेका अनुसार, लकडाउनका समयमा सैनिक पोशाक लगाएका व्यक्तिले चलाएका सवारी साधनको ओहोरदोहोर बक्लो देखिएको भन्ने गुनासो प्राप्त भएपछि सैनिक मुख्यालय जङ्गी अड्डाले जाँच गर्न उपत्यका चार स्थानमा सैनिक प्रहरी खटाइएको हो।



सेनाले काठमाण्डु उपत्यकाको नयाँबानेश्वर, महाराजगञ्ज, कालिमाटी र थापाथलीमा सैनिक प्रहरी खटाइएको छ । सैनिक गैरसैनिकले सैनिक पोशाक लगाएर चलाइएका सवारी साधन नियन्त्रणमा लिएर नेपाल प्रहरीलाई बुझाउने छ । जाँच गर्ने क्रममा बाँसबारीका राजु कोल्ड स्टोरका सञ्चालक सुशील खड्काले सैनिक पोशाक लगाएर लकडाउनको उल्लघन गरिरहेको अवस्थामा सैनिक प्रहरीले उनलाई नियन्त्रणमा लिई प्रहरीलाई बुझाएको सेनाले जानकारी दिएको छ। रासस

# ३० हजार थान किट हस्तान्तरण

काठमाण्डु । भारतले नेपाल सरकारलाई ३० हजार थान पिसिआर किट प्रदान गरेको छ। नेपालका लागि भारतका राजदूत विनयमोहन क्वात्राले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री भानुभक्त ढकाललाई ती किट आइतबार स्वास्थ्य मन्त्रालयमा हस्तान्तरण गर्नुभयो।



त्यस अवसरमा सङ्क्षिप्त मन्तव्य व्यक्त गर्दै राजदूत क्वात्राले भारत सरकार र त्यहाँका जनताबाट उपहारस्वरुप उपलब्ध गराइएका किटले थोरै भए पनि नेपालका स्वास्थ्यकर्मीलाई पिसिआर परीक्षण गर्न सघाउने बताउनुभयो । मन्त्री ढकालले जनस्वास्थ्यको विषम समस्याका बेला भारतले पिसिआर किट प्रदान गरेकामा कृतज्ञता व्यक्त गर्नुभयो ।रासस

## तपाईको आज

आचार्य पण्डित : श्री सन्तोष कु. पाण्डेय

- मेष : सुख समृद्धि हुने।
- बृष : नयाँ कार्य हुने।
- मिथून : शिक्षामा उन्नति।
- कर्कट : प्रेम प्रसंग, मित्र सुख।
- सिंह : वाद विवादबाट बच्नु।
- कन्या : बौद्धिक क्षमता।
- तुला : पारिवाहिक सुख।
- बृश्चिक : धन बृद्धि सञ्चय।
- धनु : भ्रमण अवसर हुने।
- मकर : अवसर प्राप्त।
- कूम्भ : प्रतिभा सम्पन्नता।
- मीन : पुरस्कार प्राप्त लाभ।

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५२००४४ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# २८ जिल्लामा कोरोनाको कहर

काठमाण्डु । नेपालमा कोभिड-१९ का कारण मृत्यु हुनेको संख्या दुई पुगेको छ। आइतबार बाँकेका २५ वर्षीय पुरुषको मृत्यु भएसँगै कोभिडका कारण मृत्यु हुनेको संख्या दुई पुगेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको हो ।

मन्त्रालयको नियमित पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता डा विकास देवकोटाले कोभिडबाट नेपालमा मृत्यु हुनेको संख्या दुई पुगेको जानकारी दिनुभयो । नरैनापुर-५ बाँकेका ती पुरुष गत वैशाख ३० गते भारतबाट आएर क्वारेन्टाइनमा बस्नुभएको थियो ।

गएराति ज्वरो, पखालालगायत स्वास्थ्य समस्या आएको थियो । आइतबार बिहान ६:४० बजे उहाँको मृत्यु भयो । उहाँको पिसिआर परीक्षणका लागि स्वाबको परीक्षण रिपोर्ट पोजिटिभ आएको प्रवक्ता देवकोटाले बताउनुभयो । यसबारे थप विवरण आउन बाँकी रहेको मन्त्रालयले जनाएको छ ।

यसअघि शनिबार सिन्धुपाञ्चोकको २९ वर्षीया महिलाको पनि कोभिडबाटै मृत्युको स्वास्थ्य मन्त्रालयले पुष्टि गरेको थियो । ती महिला गत वैशाख २३ गते त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा भर्ना भई २४ वैशाख गते साधारण तरिकाले सुत्केरी भएकी थिइन् । सुत्केरीपछि ती महिलालाई २५ गते घर पठाइएको थियो । घरमा गएपछि ज्वरो, श्वासप्रश्वास जस्ता समस्या आएपछि स्थानीय अस्पतालमा उपचार गराएकी महिलाको स्थिति जटिल बन्दै जाँदा धुलिखेल अस्पताल आउँदै गर्दा मृत्यु भएको मन्त्रालयले जनाएको थियो ।

**अट्ठाइस जिल्लामा सङ्क्रमण फैलियो**

नेपालमा कोभिड-१९ का सङ्क्रमित पछिल्ला दिनमा ह्वात्तै बढेको छ । नेपालमा हालसम्म कोभिडबाट सङ्क्रमित २९१ जना




छन् तीमध्ये २३६ महिला र ५५ पुरुष रहेको मन्त्रालयले जनाएको छ । हाल देशका २८ जिल्लामा कोभिडको सङ्क्रमण फैलिएको स्वास्थ्य मन्त्रालयका प्रवक्ता देवकोटाले जानकारी दिनुभयो । उहाँका अनुसार प्रदेश नं १ मा ३६, प्रदेश नं २ मा १२१, वाग्मती प्रदेशमा १७ (एकको मृत्युसहित), गण्डकी प्रदेशमा तीन, प्रदेश नं ५ मा १०९ र सुदूरपश्चिम प्रदेशका पाँचजना रहेका छन् ।

कोभिडका सङ्क्रमितमध्ये हालसम्म ३६ जना उपचारपछि घर फर्केको पनि मन्त्रालयले उल्लेख गरेको छ । नेपालमा विसं २०७६ माघ ९ गते पहिलोपटक एक पुरुषमा कोभिडको सङ्क्रमण देखिएको थियो । त्यसपछि चैत १० गते विदेशबाट आएकी एक महिलामा कोभिडको सङ्क्रमण देखिएको थियो ।

**अट्ठाइस हजारभन्दा बढीको पिसिआर विधिबाट परीक्षण**

मुलुकमा हालसम्म २८ हजार १६० जना कोभिडका सङ्क्रमितको रियल टाइम पोलिमरेज चेञ्ज रियाक्शन (पिसिआर) विधिबाट परीक्षण गरिएको स्वास्थ्य मन्त्रालयले जनाएको छ । मन्त्रालयका प्रवक्ता डा देवकोटाका अनुसार पिसिआर विधिबाट २८ हजार १६० र आरडिटी विधिबाट ६७ हजार ७६९ जनामा परीक्षण गरिएको छ । बितेको २४ घण्टामा एक हजार ४६९ पिसिआर विधिबाट र आरडिटी विधिबाट दुई हजार २० परीक्षण भएको छ ।

हालसम्म क्वारेन्टाइनमा बस्नेको सङ्ख्या १८ हजार ३५७ रहेको छ । अहिलेसम्म आइसोलेशनमा ३४६ रहेका छन् । यीमध्ये उपत्यकाभित्र ३५ र उपत्यकाबाहिर ३११ छन् । प्राप्त तथ्याङ्कअनुसार रेडजोनमा पर्नेको सङ्ख्या ३८२ रहेको पनि पत्रकार सम्मेलनमा जानकारी गराइएको छ । त्यसैगरी स्वमूल्याङ्कन फारम भर्नेको सङ्ख्या ३९ हजार ५९८ रहेको छ । पछिल्लो २४ घण्टामा एक हजार ६४१ जनाले आफ्नो स्वास्थ्यका बारेमा विवरण भरेको मन्त्रालयले जनाएको छ ।

**अब निजी तथा सामुदायिक अस्पतालले कोभिड परीक्षण गर्ने**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निजी तथा सामुदायिक अस्पतालबाट आरडिटी विधिबाट गरिने स्वास्थ्य स्वास्थ्य परीक्षणका लागि निर्देशिका जारी गरेको छ । यो निर्देशिका जारी भएपछि निजी तथा सामुदायिक अस्पतालले कोभिडको आरडिटी विधिबाट परीक्षणका लागि अनुमति लिनसक्ने मन्त्रालयका प्रवक्ता देवकोटाले जानकारी दिनुभयो ।

सो अनुमति लिनका लागि सम्बन्धित अस्पताल नियमअनुसार दर्ता भएको हुनुपर्नेछ । अस्पतालले आरडिटी परीक्षणका लागि उपत्यकाभित्र स्वास्थ्य सेवा विभाग र बाहिरका अस्पतालले सम्बन्धित प्रदेशका स्वास्थ्य निर्देशनालयबाट अनुमति लिनुपर्नेछ । आरडिटी परीक्षण गर्न चाहने अस्पतालले जनस्वास्थ्य प्रयोगशालाले तोकिएको सूचीमा उल्लेख गरिएका आरडिटीको मात्रै परीक्षण गर्नसक्नेछन् । आरडिटीको परीक्षण प्रतिवेदन दैनिक रुपमा राष्ट्रिय प्रयोगशालमा अनिवार्य पेश गर्नुपर्ने मन्त्रालयले जनाएको छ । आरडिटी परीक्षणका लागि शुल्क अस्पतालले खरिद गरेको मूल्यको बढीमा २० प्रतिशत मात्रै शुल्क लिन पाउनेछन् ।

कोभिड-१९ को परीक्षणलाई सहज बनाउन निर्देशिका जारी गरिएको प्रवक्ता देवकोटाले बताउनुभयो । मन्त्रालयले शनिबार मुत्यु भएकी सिन्धुपाल्चोकको २९ वर्षीया महिलासँगको संसर्गमा रहेकाको पहिचान गर्ने कार्य शुरु गरिसकेको छ । मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखको संयोजकत्वमा कन्ट्याक ट्रेसिङको काम शुरु भइसकेको प्रवक्ता देवकोटाले बताउनुभयो । सम्पर्क व्यक्तिको आजदेखि नमूना सङ्कलन भइसकेको छ । गोङ्गाबु, माछापोखरीलगायत क्षेत्रबाट ४०० भन्दा बढीको परीक्षण गर्ने योजना छ । उनीहरुमध्ये १५० को पिसिआर र २५० को आरडिटी विधिबाट परीक्षण गरिनेछ ।

मन्त्रालयले चिकित्सक तथा स्वास्थ्यकर्मीको मनोबल गिर्नेगरी कतिपय स्वयम्सेवकले गतिविधि गरेकामा निन्दा गर्दै गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । कोभिडको नियन्त्रण र उपचारमा खटिएका चिकित्सकमाथि त्यस किसिमका घटना भएको भन्दै त्यस्ता व्यवहार नदोहोर्याउन मन्त्रालयले आग्रह गरेको छ ।

उच्च रक्तचावको नियन्त्रणका लागि नियमित रुपमा रक्तचाप परीक्षण गर्न अनुरोध गरेको छ । कोभिडसँग जोडिएकाले उक्त रक्तचापका बिरामी बढी जोखिममा हुने भएकाले सतर्कता अपनाउन अनुरोध गरेको छ ।रासस

# थप पाँच लाख आरटिडी किट ल्याउने तयारी

काठमाण्डु । कोरोना भाइरसको परीक्षणका लागि अत्यावश्यक मानिएको थप पाँच लाख थान आरटिडी किट ल्याउने तयारी थालेको छ । बिआइडिएच म्यानेजमेन्ट (विद) प्रालिले थप पाँच लाख थान किट ल्याउने तयारी थालेको हो । यसै साता ती किट काठमाण्डु ल्याउने गरी तयारी थालिएको विद म्यानेजमेन्टका प्रमुख विके भण्डारीले जानकारी दिनुभयो ।

यसअघि सोही कम्पनीले निजी क्षेत्रको वायु सेवा प्रदायक कम्पनी हिमालयन एयरलाइन्समार्फत एक लाख थान आरटिडी किट ल्याएको थियो । स्वास्थ्य सेवा विभागले उक्त किट ढुवानी र खरिदका लागि विद म्यानेजमेन्टलाई जिम्मा दिएको थियो । सरकारले निजी क्षेत्रले सञ्चालनमा ल्याएका अस्पतालाई समेत कोरोना परीक्षणका लागि अनुमति दिएको छ । सो अनुमतिपछि कोरोना परीक्षणको दायरा बढ्ने विश्वास लिइएको छ ।

सरकार तथा विभिन्न निजी अस्पतालको आग्रहमा ती किट ल्याउन लागिएको हो । यसको बजार मूल्य प्रतिकिट रु ५६५ रहने रहेको छ । विद म्यानेजमेन्टका प्रमुख भण्डारीले चीनको राजधानी बेइजिङबाट ती किट ल्याउन लागिएको बताउनुभयो ।

यसअघि विद म्यानेजमेन्टले गत वैशाख १७ गतेको सम्झौताअनुसार सामान ल्याएको थियो । यसअघि सम्झौतामा तोकिएको समयभन्दा अगावै ती किट आइपुगेका हुन् । विभागले विभिन्न २४ कम्पनीसँग किट खरिद तथा आयातका लागि प्रस्ताव माग गरेको थियो । सो कम्पनीले चीनको लिपु मेडिकल टेक्नोलोजी बेइजिङबाट ती सामान ल्याएको थियो । रासस

# सदरमुकाम जोगाउन बांध मर्मत कार्य तिब्र

टुडे समाचारदाता

गौर । रौतहटको राजदेवी नगरपालिकाका नगर प्रमुख धीरेन्द्र कुमार सिंहले बागमती नदीको पश्चिम तर्फको बाँध बचाउनको लागि ठोकर स्पर निर्माणको कार्य यही महिनाको अन्त्यसम्म सम्पन्न हुने बताएका छन् ।

गत वर्ष असार महिनामा आएको बाढ़ीले क्षतिग्रस्त भएको राजपुर नपा- ६ स्थित स्पर ठोकर पुनः निर्माण कार्य भैरहेको हो । वर्षाको मौसम भन्दा पहिला नै निर्माण कार्य सकिने गरी धमाधम कार्य भैरहेको उनले थपे ।

बागमती तथा लालबकेया नदी नियंत्रण कार्यालयको आर्थिक सहयोगमा स्पर निर्माण कार्य भैरहेको छ । स्पर नम्बर १ को लागत कर सहित ८७ लाख ४९ हजार ३१० रुपैया रहेको छ । स्पर नम्बर १ र २ को लम्बाई ८२ मीटर रहेको मेयर सिंहले बताए ।

बागमती नदीको पानीको बहावको गति नियंत्रण गरी कटानबाट बांधलाई सुरक्षित राख्नको लागि २ वटा ठूलो र एउटा सानो स्पर बनाउन लागिएको हो । सानोको लम्बाई ४७ मीटर रहेको छ । बाढ़ीको उच्च जोखिममा रहेको सदामुक़ाम गौर लाइ सुरक्षित राख्नु पर्ने लक्ष्य समेत रहेको छ ।



बागमती नदीको बांध भत्किएमा राजदेवी नगरपालिकाको वड़ा नम्बर ४ , ५ , ६ , ७ , ८ , र ९ तथा गौर नगरपालिकाको ८ वटाहरु डुवानमा पर्नुको साथै भारतको मसहा मुसाचक , बेरगिनिया लगायतका गाउँ जोखिममा पर्ने गरेको छ । आफ्नो तथा छिमेकी नगरपालिकाका सम्पूर्ण नागरिकको रक्षाको लागि समयमा बांध मरमत ठोकर निर्माणको कार्य गरिएको मेयर सिंहको भनाइ छ ।

विश्वभरि महामारीको रुपमा फैलिएको कोभिड- १९ को कारण निर्माण कार्यमा नकारात्मक असर परेपनि स्थानीय प्रसाशन तथा संघीय सरकारको सहयोगले सामाजिक दुरीको अवलम्बन गर्दै ठोकर बनाउने कार्य शुरू गरिएको बताए ।

मेयर सिंहले ऊर्जा, जलस्रोत तथा सिचाई मन्त्रालयलाई पटक पटक आग्रह गरेपछि रकम विनियोजन गरिएको बताउँदै सम्वन्धित विभागले अरु स्पर निर्माणको कार्यादेश लिखित रुपमा नदी पनि मौखिक रूपको आदेशलाइ आधार मानेर कार्य गराउन लागेको प्रष्ट पारे ।

सिंहले जनधनको क्षति न्यूनीकरणको लागि कार्य बढाएको बताए । कार्यादेश पाउने समेत विश्वास जनाए ।

सत्ताको अनुपातमा अलप मतमा रहेका मेयर सिंहले नगरको विकास समृद्धिको लागि संघर्ष गरिदै अघि बढ्ने गरेको छ । जनता समाजवादी पार्टीको पूर्ण बहुमत रहेको उक्त स्थनीय तहमा नेपाली कांग्रेसबाट एक जना वड़ा अध्यक्ष निर्वाचित छन ।


प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

प्रादेशिक अस्पताल

प्रदेश नं. २

जनकपुरधाम, धनुषा

**करार सेवामा कर्मचारी लिने सम्बन्धि दरखास्त आव्हानको सुचना**

प्रथम पटक प्रकाशित मिति : २०७७/०२/०४

यस अस्पतालमा कोभिड १९ को लागि संचालन हुने आइसोलेसन वार्डमा २०७७ साल असार मसान्तसम्मका लागि काम गर्न तपसिल अनुसारको जनशक्तिको आवश्यकता परेकोले प्रथम पटक सुचना प्रकाशित मितिले ५ (पाँच) दिनभित्र लोकसेवा द्वारा निर्धारण गरिएको पद अनुसारको शैक्षिक योग्यता पुरा गरेका तथा सामाजिक विकास मन्त्रालय प्रदेश न. २ मा सूचिकृत भएका व्यक्तिह्रु वा अन्य जोसुकेले पनि आवश्यक सम्पूर्ण कागजात संलग्न राखी दरखास्त दिन हुन आव्हान गरिन्छ ।

तपसिल

| क्र.सं. | पद | संख्या | कैफियत |
|---|---|---|---|
| १ | पेडियाट्रिसियन एम. डी. | १ | |
| २ | एनेस्थेसिया एम. डी. | १ | |
| ३ | मेडिकल अधिकृत | २० | |
| ४ | माइक्रोवायोलोजिष्ट | २ | |
| ५ | अस्पताल व्यवस्थापक | १ | |
| ६ | एनेस्थेसिया टेकिनसियन | ४ | |
| ७ | ल्याब टेकिनसियन | ४ | |
| ८ | रेडियोग्राफर | ४ | |
| ९ | हेल्थ असिस्टेन्ट | केही | |
| १० | स्टाफ नर्स | ५० | |
| ११ | अ.न.मी. | २० | |
| १२ | कार्यालय सहयोगी | ८ | |
| १३ | मेस्तर | २० | |

**नोट**:

१. **परीक्षाको किसिम**: अन्तरवार्ता/ प्रयोगात्मक ।
२. **परीक्षा केन्द्र**: प्रादेशिक अस्पताल, प्रदेश नं. २, जनकपुरधाम ।
३. **निवेदन दिने अन्तिम मिति**: २०७७/०२/०९ गतेसम्म ।
४. **शैक्षिक योग्यता** : लोक सेवा आयोगले निर्धारण गरेको पद अनुसार ।
५. **पेश गर्नु पर्ने कागजात**: सम्बन्धित पदको न्यूनतम शैक्षिक योग्यता, नेपाली नागरीकताको प्रमाण पत्र, प्राविधिक पदको लागि सम्बन्धि काउन्सिलमा दर्ता तथा नविकरण भएको ।
६. श्री सामाजिक विकास मन्त्रालय, प्रदेश नं. २, जनकपुरधाममा सूचिकृत भएको वा अन्य जो सुकेले पनि दरखास्त दिन सक्नेछ ।
७. **निवेदन दिने स्थान**: अस्पतालमा सोझै वा इमेल hospitaljanakpurzonal@gmail.com बाट पनि दिन सकिनेछ ।
८. अनुभवीलाई ग्राहयता दिइनेछ ।
९. दरखास्त फारम यस अस्पतालको वेव साइट phj.p2.gov.np बाट प्राप्त गर्न सक्नेछ ।
१०. सम्पर्क नं. ९८४४०२४०२८, ९८५४०२७०५१
११. आवश्यकता अनुसार उल्लेखित पद संख्याहरु थप घट हुन सक्नेछ ।
१२. **अन्तरवार्ता मिति** : २०७७/०२/११ गते यस अस्पतालमा १०:०० बजे देखि हुने ।
१३. अन्तरवार्तामा आउदा सम्पूर्ण सक्कल कागजातहरु लिई आउनु पर्नेछ ।

मेडिकल सुपरिन्टेण्डेन्ट


# 'फरक यौनिकता मानसिक रोग होइन'

चिप्लेढुङ्गा । "अहिले स्वतन्त्ररूपमा आफ्नो परिचयसहित हिँड्न पाउँदा निकै खुशी छु, कुनै बेला छक्का र हिजडा भनेर अपमानित गर्नेहरूले पनि अहिले विन्दिया जी भनेर सम्मान गरेको पाउँछु", नौलो बिहानी पोखराका अध्यक्ष विन्दिया गौतमले भन्नुभयो, "चौध वर्ष अगाडिदेखि आजसम्म अधिकांश समय मानसिक विक्षिप्तता लिएर बाँचेको अनुभव छ ।"

जैविकरूपमा छोरा भएर जन्मँदा परिवार र समाजले छोरा नै ठान्नु तर आफ्नो सम्पूर्ण स्वभाव छोरी हुनु, मेरा लागि मात्रै होइन परिवारका लागिसमेत उत्तिकै चिन्ताको विषय बन्यो ।" गौतमले भन्नुभयो, "आज मानसिक समस्याबाट टाढा रहेर स्वतन्त्र जीवन बाँचेकी छु, अब अरुको स्वतन्त्र जीवनका लागि आवाज उठाएर मानव अधिकार स्थापित गर्ने दौडानमा त्रियाशील छु ।"

**आइतबार मे १७ लाई विशेषरूपमा सम्झँदै विन्दियाले भन्नुभयो, "फरक यौनिकता हुनुलाई विश्व समुदायमै असामान्य रुपले लिइन्थ्यो, यस्तो अवस्थालाई मानसिक रोग वा सामाजिक विकृति भनेर बुझ्ने गरिन्थ्यो । सन् १९७० मा अमेरिकी वैज्ञानिक सङ्घ र अमेरिकी मनोरोग चिकित्सक सङ्घले एलजिविटी हुनु भनेको कुनै मानसिक रोग नभएको पुष्टि गर्दै मानसिक रोगीको सूचीबाट हटायो ।**

आइतबार मे १७ लाई विशेषरूपमा सम्झँदै विन्दियाले भन्नुभयो, "फरक यौनिकता हुनुलाई विश्व समुदायमै असामान्य रुपले लिइन्थ्यो, यस्तो अवस्थालाई मानसिक रोग वा सामाजिक विकृति भनेर बुझ्ने गरिन्थ्यो ।

सन् १९७० मा अमेरिकी वैज्ञानिक सङ्घ र अमेरिकी मनोरोग चिकित्सक सङ्घले एलजिविटी हुनु भनेको कुनै मानसिक रोग नभएको पुष्टि गर्दै मानसिक रोगीको सूचीबाट हटायो । त्यस्तै सन् १९९० मे १७ मा विश्व स्वास्थ्य सङ्गठनले पनि एलजिविटीलाई मानसिक रोगीको सूचीबाट हटाएको थियो, यो समुदायले आजको दिनलाई एक उत्सवकारूपमा मनाउँदै आएका छन् ।"

हाल विश्वभरि देखिएको कोरोना सङ्क्रमणको कारणले आजका दिनका सबै कार्यक्रम भने रोकिएको उहाँले जानकारी दिनुभयो । जीवनमा अपहेलना तिरस्कारसँग जुध्दै आफ्नो फरक पहिचानलाई स्थापित गराउन सफल गौतम सन् २००६ बाट आफ्नो अस्तित्वको लडाइँमा उत्रनुभएको हो । आफ्नो फरक हुर्काइका कारण आमाबुबाले समेत धेरै मानसिक पीडा भोग्नुपरेको अनुभव सुनाउँदै गौतम भन्नुहुन्छ, "आमाहरूले छोरा भएर जन्मेर छोरी हुने कस्तो रोग लागेछ भन्दै भाग्यलाई धिक्कार्नुहुन्थ्यो ।

समाजले हिजडा र छक्का भनेर हेयको दृष्टिकोणले हेर्थ्यो, पृथ्वीनारायण क्याम्पसमा स्नातक भर्ना हुँदा पनि म धेरैको नजरमा हाँसोको पात्र बन्थेँ । त्यसपछि मलाई पढ्न जाने मन लागेन ।"

सन् २००७ नौलो बिहानी समाज भनेर संस्था खोलेपछि अफिसमा केटीको पहिरन लगाएर बस्ने र घर आउँदा केटा भएर आउने गरेका अनुभवहरू उहाँसँग छन् ।

जीवनमा पहिलोपल्ट २००७ मा 'मिस पिङ्कमा' फष्ट रनरअप हुँदाको पलले खुशी दिएको र दोस्रोपल्ट आमाबुबाले आफ्नो अवस्थालाई स्वीकारेर दिएको आत्मियताले आफ्नो आत्मबल र आत्मविश्वास बढ्दै गएको बताउनुहुन्छ ।

गौतमका अनुसार 'यो पाँच प्रकारको हुन्छ 'लेस्बियन' भनेको महिला समलिङ्गी हो । जो जन्मदा बालिका भएर जन्मिएको हुन्छ र आफू महिला भएर पनि महिलासँग नै मानसिक, शारीरिक र भावनात्मकरुपले आकर्षण रहन्छ, गे- पुरुष समलिङ्गी, जो जन्मदा बालक भएर जन्मन्छ र पुरुषसँग नै आकर्षण हुन्छ । बाइसेक्सुअल- दुई लिङ्गी जो व्यक्ति महिला पुरुष दुवैसित आकर्षण हुन्छ । ट्रान्सजेन्डर- तेस्रो लिङ्गी बालक भएर जन्म भएको र पछि बयस्क बन्ने क्रममा आफूलाई महिला सोच्ने र पुरुषलाई मन पराउनेलाई तेस्रो लिङ्गी महिला भनिन्छ । जन्मदा बालिका भएर जन्मिएको र पछि हुर्कंदै बढ्ने क्रममा आफूलाई कहिल्यै पनि महिला नठान्ने, पुरुषको हाउभाउ गर्ने र महिलाप्रति आकर्षित हुने व्यक्ति तेस्रो लिङ्गी पुरुष हो ।

इन्टरसेक्सङ्- जो जन्मदा न महिला न पुरुषको जस्तो हुन्छ उसको लिङ्ग नै प्रष्ट हुँदैन उसलाई अन्तरलिङ्गी बच्चा भनिन्छ । तेस्रो लिङ्गी महिला जो जन्मदा बालक र हुर्कने बढ्ने क्रममा महिलाको जस्तो हाउभाउ गर्ने महिलाको भावना विकास भएको र आफूलाई तेस्रो लिङ्गी महिला भनेर चिनाउन गर्छन् ।"

निलहिरा समाजका अध्यक्ष पिङ्की गुरुङले यस समुदायका मानिसले सामाजिक, आर्थिक, मानसिक, राजनीतिक, सांस्कृतिक विभेद र हिंसा भोग्नु परेको बताउनुहुन्छ ।

उहाँले संविधानको धारा १२ मा लैङ्गिक पहिचानबमोजिम नागरिकता उपलब्ध गराउने भनिए पनि नागरिकता विधेयकमा भने चिकित्सकीय सिफारिसमा मात्र नागरिकता उपलब्ध गराउने भनेपछि यसले थप समस्या उत्पन्न गराएको उहाँको भनाइ छ । रासस

# कोरोना भाइरसबाट विश्वभर ९६ नेपालीको मृत्यु, सात हजार सङ्क्रमित

काठमाण्डु।विश्वभरमहामारीका रूपमा फैलिरहेको कोरोना भाइरस (कोभिड-१९) संक्रमणका कारण शनिबार साँझसम्म मृत्यु हुने गैरआवासीय नेपाली ९६ पुगेका छन् । गैरआवासीय नेपाली संघ (एनआरएनए), स्वास्थ्य समितिले संकलन गरेको तथ्यांकानुसार सबैभन्दा बढी बेलायतमा ६३ जनाको मृत्यु भएको छ ।

यस्तै संयुक्त राज्य अमेरिकामा कोरोना भाइरसका कारण ज्यान गुमाउनेको संख्या १५ पुगेको छ । संयुक्त अरब इमिरेट्स (युएइ) मा नौ, साउदी अरबमा दुई तथा आयरयाण्ड, जापान, टर्की, नेदरल्याण्डस, बहराइन, स्वीडेन र नेपालमा एकएक जनाको मृत्यु भएको समितिका संयोजक डा सञ्जीव सापकोटाले जानकारी दिनुभयो । मृत्यु हुनेमा ७७ पुरुष र १९ जना महिला रहेको स्वास्थ्य समितिले जनाएको छ । कोरोना भाइरसका कारणले यो साता मात्र नेपालसहित थप १८ जनाले ज्यान गुमाएका हुन् ।

सो साता ज्यान गुमाउनेमा बेलायत १२, युएई तीन, साउदी अरब दुई र नेपाल एक रहेको एनआरएन स्वास्थ्य समितिले जनाएको छ । यस्तै एनआरएनए स्वास्थ्य समितिका संयोजक डा सापकोटाका अनुसार नेपालबाहेक विश्वभर छ हजार ७८१ गैरआवासीय नेपाली कोरोनाबाट संक्रमित भएका छन् । तीमध्ये मध्यपूर्वमा ५३, अमेरिकामा २३, युरोपमा १९ र एशियामा पाँच प्रतिशतमा संक्रमणमा देखिएको छ । अष्ट्रेलियामा एक प्रतिशतभन्दा कम संक्रमण देखिएको छ । अफ्रिकी मुलुकमा रहेका नेपालीमा कोरोना संक्रमण नदेखिएको कोडिभ -१९, उच्चस्तरीय समिति एनआरएनका प्रेस संयोजक चिरन शर्माले जानकारी दिनुभयो ।रासस

# सीमानाकामा कडाइ जारी, अवैध क्रियाकलापमा आएन कमी

मलगंगवा । भारतसँग सीमा जोडिएको सर्लाहीमा १३ स्थानमा सशस्त्र प्रहरी बलको उपस्थिति छ ।

कोरोना सङ्क्रमण नियन्त्रणका लागि नेपाल-भारत सीमा सिल गरिएपछि सशस्त्र प्रहरीले सीमा क्षेत्रमा आफ्नो उपस्थितिलाई सुदृढ बनाउँदै लगेको हो । जिल्लाको भारतसँग सीमा जोडिएका ५१ किलो मिटर दूरीमा सशस्त्र प्रहरी बलले आफ्नो पोष्ट खडा गरी सीमा क्षेत्रमा दिनरात पहरा दिइरहेको छ ।

सोह्र बेसक्याम्प र ८२ ड्युटी पोष्ट बोर्डरमा करिब ८० देखि १०० मिटरको दूरीमा ५०० सशस्त्र प्रहरीलाई ड्युटीमा खटाइएको सशस्त्र प्रहरी बल जिल्ला सुरक्षा कार्यालय सर्लाहीले जनाएको छ । भारतबाट अवैधरूपमा नेपाल प्रवेश नरोकिएपछि सीमा क्षेत्रमा बिओपी, ड्युटी पोष्ट र बेसक्याम्प स्थापना गरिएको सशस्त्र प्रहरी बल जिल्ला सुरक्षा कार्यालय सर्लाहीका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक गङ्गाराम श्रेष्ठले बताउनुभयो ।

सीमानाका खुला रहेका र पछिल्लो क्रममा भारतमा कोरोना सङ्क्रमितको सङ्ख्या बढेका कारण सीमा क्षेत्रमा थप सतर्कता अपनाइएको छ ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# संक्रमितलाई थप तनाव

कोरोना भाइरसको संक्रमणमा परेका मानिसहरुलाई आइसोलेशनमा राखेर उपचार गर्न थालिएकोछ ।कोरोना भाइरसको संक्रमणको त्रास नै ठूलो छ ।संत्रमणको डरले मानिसहरु घर बाहिर निस्कन सक्दैन् ।आमनागरिक अहिले लकडाउनमा छन् ।यस्तो अवस्थामा कोरोना भाइरस संक्रमितमा त्रास हुनु अस्वभाविक होइन् ।हुनत संक्रमित हुँदैमा ज्यान जाने त होइन् ।संसारभरिकै तथ्यांक हेर्दा संक्रमित भएकाहरु मध्ये ४ प्रतिशत भन्दापनि कम मानिसको ज्यान गएको देखिन्छ ।अधिकांशलाई आफै ठिक हुने गरेको छ ।तर संक्रमित अथवा आशंकित व्यक्तिहरुलाई क्वारेन्टाइन अथवा आइसोलेशनमा राख्नुको प्रमुख कारण अन्य मानिसमा संक्रमण सर्न नदिनु हो ।संक्रमित व्यक्तिले अन्य मानिसहरुमा भाइरस सार्ने भएकाले उनीहरुलाई आइसोलेशनमा राखेर उपचार गरिन्छ ।हाल सम्म औषधी समेत पत्ता नलागेको अवस्थामा आइसोलेशनमा राखेका संक्रमितहरुको उपचार भन्दा हेरचाह र खानपिनमा ध्यान दिनु बढी आवश्यक छ ।आइसोलेशनमा रहेका संक्रमितहरु मानसिक तनावमा रहेको देखिन्छ ।त्यो अस्वभाविक होइन् ।कोही मानिस समान्य बिरामी हुँदापनि तनाव हुन्छ ।अहिले कोरोना भाइरसको विषयमा भइरहेको प्रचारप्रसारलेपनि संक्रमित मानिसहरुमा तनाव बढाइरहेकोछ ।अस्पतालमा उपचारका लागि राखिएका संक्रमितहरुलाई आवश्यक हेरचाह हुनुपर्छ ।संक्रमित हुँदैमा कोही मानिस मर्दैन् ।कोरोनाको संक्रमणलाई पराजित गर्न आत्मबल बढाउनु आवश्यक छ ।तर त्यसका लागि उपयुक्त वातावरण हुनुपनि उतिकै आवश्यक छ ।अहिले क्वारेन्टाइन र आइसोलेशनमा त्यस्तो वातावरण र खानपिनको व्यवस्था छैन् ।संक्रमितहरुको शरिरमा रोग प्रतिरोधात्मक क्षमता बृद्धि गर्ने आहार आवश्यक हुन्छ ।उनीहरुलाई चाहिने सुपाच्य तर 'इम्युनिटी पावर'बढाउने किसिमको भोजन चाहिन्छ ।समयमा भोजन, चिया, खाजा, फलफुल लगायतका सामग्री उनीहरुलाई उपलब्ध गराइनु पर्छ ।आइसोलेशनमा रहेका संक्रमितहरुको मनोबल उच्च बनाउनु पर्छ ।त्यसका लागि समुचित आहार र आवश्यक सुविधाहरु उपलब्ध गराइनुपर्छ ।अहिले देखिएको समस्या संक्रमितहरुसित मानविय व्यवहार भइरहेको छैन् ।आइसोलेशनको शौचालयहरु अत्यन्त दुर्गन्धित छन् ।शुद्ध तातोपानी उपलब्ध भइरहेको छैन् ।समयमा भोजन पाइदैन् ।नियमित रुपमा चिकित्सकहरुले जाँच गर्दैनन् ।खाजाको नाउँमा चाउचाउ र खानापनि स्तरीय हुँदैन् ।आइसोलेशन र क्वारेन्टाइनको खर्च पालिकाहरुले ब्यहोर्नु पर्ने हो ।आफ्नै गाउँ समाजका मानिसहरुलाई विषम परिस्थितिमा सक्दो सहयोग गर्न पालिकाहरु पछि हट्नु हुँदैन् ।क्वारेन्टाइन र आइसोलेशनबाट संक्रमितहरु भाग्ने अथवा प्रयास गर्नुको एउटा योपनि प्रमुख कारण हो ।संक्रमितहरुलाई सम्बन्धित निकायहरुले अत्यावश्यक सेवा सुविधाहरु आइसोलेशनमा उपलब्ध गराउनु पर्छ ।आइसोलेशनमा रहेका संक्रमितहरुका लागि पालिका र प्रदेश सरकारले आवश्यक सुविधाहरुको तत्काल व्यवस्था गर्नुपर्छ ।क्वारेन्टाइनको अवस्थापनि दयनिय छ ।त्यसकोपनि सुधार गर्नुपर्छ ।प्रदेश सरकारले भुठा प्रचारबाजी गर्नु भन्दा मानविय संवेदना देखाउनु आवश्यक छ ।प्रचारबाजी गर्ने अहिले अवस्था छैन् ।अहिले कोरोना भाइरससित सशक्त रुपमा लडनु पर्ने बेला हो ।

# माहामरीले देखाएको औकात



डा कमल अर्याल

यतिखेर सिंगो विश्व नै 'कोभिड-कोरोना डिजिज' सँग जुध्न संघर्षरत छ। कसरी बच्ने, कसरी फैलिनबाट रोक्ने भन्नेमा संसारभरिका धेरै मान्छे जानकार भइसकेका छन्। नेपालीहरुले पनि कोरोनाका विषयमा धेरै जानकारी पाइसकेका छन्। यति छोटो समयमा पनि यति धेरै जानकारी लिनु, त्यसलाई सहज तरिकाले स्वीकार्नु र व्यवहारमा पनि उतार्नु चानेचुने कुरो होइन। यसमा नेपाली स्वास्थ्य विज्ञहरु, नेपाल सरकार र नेपाली सन्चारमाध्यमको सराहनीय भूमिकाको खुलेरै प्रशंसा गर्नुपर्छ।

संकट आएपछि आ-आफ्नो गच्छेअनुसार त्यसको सामना गर्नु सम्पूर्ण सजीव जातिको विशेषता मानिन्छ। हामी नेपाली पनि यो संकटको सामना गर्न तम्तयार भएको भनेका छौँ। ठूलो संकटको सामना गर्न तयारी पनि ठूलै चाहिनु स्वभाविक नै हो। तर हाम्रो तयारी कस्तो रहेछ, कत्रो रहेछ भन्ने चाहिँ हामी मनमनै अथवा पारिवासँग कहिलेकाहीँ गफिने गर्छौं।

हुन त टोले चिया पसल यस गफका मूल थलो भए तापनि लकडाउन अथवा बन्दाबन्दीले त्यसो हुन पाएको छैन। त्यसैले सीमित परिवारभित्र मात्रै यो गफ थन्किएको होला। एउटा स्वास्थकर्मीको हैसियतले मैले नेपालमा अहिलेसम्म देखेका' भोगेका स्वास्थ्यका प्रणालीले कोरोना महामारीसँग जुध्न हामी कति सक्षम छौं भनेर सोच्न बाध्य बनाएको छ। यस्तै सोच्दासोच्दै हाम्रो विगत केही दशकदेखिको जनस्वास्थ्य क्षेत्रको चरित्र उतार्ने र यस महामारीकै वरिपरि रहेर हाम्रा समग्र स्वास्थ्यका लामा-छोटा तयारीका केही पाटा उजागर गर्न खोजेको छु।

हाम्रो देशमा स्वास्थ्य क्षेत्र सधैंजसो प्राथमिकताभन्दा बाहिरको विषय बन्न पुग्यो। मन्त्रालय नेतृत्व गर्नलाई प्रमुख दलहरुले बलियो दाबी नगर्नु र हरेक पटक कूल राष्ट्रिय बजेटको ५ प्रतिशतभन्दा कम बजेट मात्र छुट्ट्याउनुले राजनीतिज्ञहरुको जनस्वास्थ्य सुधारप्रति तीब्र इच्छाशक्ति नै नभएको भन्ने बुझ्न कठिन छैन।

कुनै पनि राज्यका अन्तराष्ट्रिय मान्यता अनुरुप कम्तीमा पनि १० प्रतिशत बजेट स्वास्थ्यमा छुट्याइनु त्यस राज्यका नागरिकको हक बन्छ। तर कहिलेकाहीं लाग्छ, यस्ता सामान्य राज्यशासनका सिद्धान्त पनि हाम्रो राज्यलाई किन पटक्कै बोध नभएको होला? यो फगत कुनै एउटा सरकारको कमजोरी भने होइन। पछिल्लो क्रममा यो राज्य नै त्यसरी चल्दै आएको छ। यो राज्यले जनस्वास्थ्यमा गरिने लगानी केवल 'फजुल खर्च' सम्झेको छ भन्ने भान हुन्छ ।

पछिल्लो केही दशकदेखियता देशमा सरकारी स्तरमा कुनै पनि मझौला वा ठूलाठूला टर्सियरी अस्पताल नखोलिनुले त हामीमा कुनै पनि इच्छाशक्ति नभएको प्रमाणित नै गर्छ। राष्ट्रिय स्तरका अयोजनामा छोड्नुस्, योजनामा पनि छोड्नुस्, परिकल्पनामा समेत पनि यस्ता ठूला स्वास्थ्य संस्था नपरेको देख्दा खासै आशावादी हुने ठाउँ छैन। पहिला नै भएका स्वास्थ्य संस्थाहरुलाई 'कागजी स्तरोन्नति' गर्नु बाहेक खासै अरु भौतिक उपलब्धि स्वास्थ्यमा हामीले लामो समयदेखि देखेका छैनौं।

त्यसो त उपलब्धि नीतिगत रुपमा पनि छैन, हाम्रो स्वास्थ्य क्षेत्र कस्तो संरचनाको हुने भन्ने नितिगत स्पष्टता पनि हाम्रो स्वास्थ्य मन्त्रालयले पटक्कै लिन पनि दिन पनि सकेको छैन। मन्त्रालय एउटा अभिछिन्न उत्तराधिकारी हुने भए तापनि आफ्नोभन्दा अघिल्लो कार्यकालमा बनेका नीति-नियमहरुलाई अपनत्व लिन नसक्नु अझ त्यसैमाथि सधैंको ९-१० महिने अस्थिर सरकार भैराख्नु पनि एउटा कारण हुनसक्छ। तर सबै दोस अस्थिर सरकार हुनुको मात्र चाहिँ पक्कै होइन।

अन्तराष्ट्रिय दातासंस्थाका लगानीमा चलेका विभिन्न कार्यक्रमहरुलाई अपनत्व लिई राज्यले कागजमा आफ्नो पनि 'नाम लेखाइ' विभिन्न राष्ट्रिय कार्यक्रमहरु भने सञ्चालन गरिने रहेको छ। यस्ता विभिन्न ठूला कार्यक्रमहरु सन्चालन भएकाले पनि केही समयदेखि हाम्रा स्वास्थ्यका केही सूचकांक राम्रै छन्। तर अझै पनि बाल मृत्युदररमातृत्व मृत्युदर घटाउनु नै हाम्रो स्वास्थका मुख्य चुनौती रहिरहनुले पनि हामीले स्वास्थ्यमा ठूलो फड्को मार्न नसकेको छर्लङ्ग हुन्छ।

एकातिर स्वास्थ्यमा गरिएको थोरैभन्दा थोरै लगानी अर्कोतिर स्वास्थ्यप्रति राज्यका जिम्मेवार राजनीतिज्ञहरु बारम्बार जिम्मेवारी लिन तयार नहुनुले आजको समयमा कोरोना महामारीको यस अत्यन्त सुरुवाती चरणमा चाहिने निकै नै न्यूनतम पूर्वाधारहरु पनि हामीसँग छैनन्।

हाम्रो राज्यको स्वरुप कस्तो छ भन्ने नै सम्बन्धित निकायहरुलाई स्पष्ट अवगत छैन। नीतिगत वा तथ्यांकगत कुनै पनि किसिमको अभिलेख पनि नभएको अवस्था छ। हाम्रा ल्याब कहाँकहाँ छन् या कति हुनुपर्ने, हाम्रा डाक्टर कति छन् अनि हुनुपर्ने कति हो, देशलाई नर्स कति चाहिन्छ, अहिले कति छन्,अरु प्यारामेडिक्सको संख्या कति हुनुपर्ने थियो वा कति छन्, ठूलाठूला अस्पताल केन्द्रमा मात्र चाहिने हो कि बाहिर पनि आवश्यकता हो, हाम्रा विश्वविद्यालयले 'राजनीतिज्ञ जन्माउने' बाहेक अरु केके अनिवार्य कामहरु गर्ने, स्वास्थ्य अनुसन्धान( अन्वेषणको लागि एउटा केन्द्रीय संस्थाले मात्र पुग्ने कि विश्वविध्यालयमार्फत देशका कुनाकुना सम्म पुर्या,उने, अरु त अरु कसले के चाहिँ काम गर्ने भन्नेसम्ममा पनि सरकार हस्याँङफस्याँङ गर्दै यी प्रश्नका उत्तर खोज्नमा यो अमूल्य समय खेर फाल्न बाध्य देखियो। अझ यो अधारभूतपछिको अर्को चरणमा आइपर्ने ठूला र निकै कठिन चुनौतीको सामनाको तयारीको त मैले कुनै चर्चा नै गर्न चाहिनँ, केबल एक वाक्यमा हामी पटक्कै तयार छैनौ मात्र भन्न चाहेँ।

हाम्रा विगतका तयारीमा त हामी नराम्ररी चुकिने सक्यौं। हामी गरिब थियौं होला तर हामी जति नै गरिब राष्ट्र भए पनि माथिका तयारी अहिले 'समृद्ध' भनिएका मुलुकहरुले उनीहरु गरिब हुँदाताका नै पूरा गरिसकेका थिए। अझ उनीहरुको 'सम्पन्नता' को आधार नै त्यस्ता तयारी थिए। त्यसैले हाम्रो आर्थिक 'गरिबी' यी आधारभूत मानिएका तयारीको बाधक कदापि होइन। तर हाम्रो नैतिक, इच्छाकृत र इमानजमानको गरिबी भने पक्कै यसको बाधक थियो। खेर त्यस्का बावजुद पनि यो माहामारीले हामीलाई तयारीको प्रशस्तै समय दिएकै हो। हाम्रो सौभाग्यले हामीलाई कोरोनाको माहामारी आउने सम्भवतः पक्कापक्की नै जस्तोपछि पनि मनग्य समय पाएका थियौँ। यो समयमा हामीले निकै धेरै तयारी गर्न सकिन्थ्यो। हाम्रा नीति पनि स्पस्ट पार्न सकिन्थ्यो।

तर हामी यसरी नतमस्तक भयौं कि मानौं हामिलाई कोरोना आतंकले छुनेवाला नै छैन ।

विज्ञहरुले नघच्घच्याएका भने होइनन्। तर सरकार त्यति सुन्न तयार नै भएन, सरकार कोरोना नभित्रिनेमा निर्धक्क नै जस्तो देखिन्थ्यो। यस बीचमा कति भेन्टिलेटर थप्यौं हामीले? कति औषधिको बन्दोबस्त गर्यौं हामीले? कति नयाँ स्वास्थ्यकर्मी आकर्षित गरेर थप्न सक्यौं? कति स्वास्थ्यकर्मीलाई तालिम दिई तयार गरायौं? कति अस्पताललाई कोरोनाको उपचारका लागि छुट्यायौं? निजी अस्पताल र निजी क्षेत्रका स्वस्थ्यकर्मीका हकमा केकस्ता योजना बनायौं? के सरकार पुगनपुग १००० सरकारी डाक्टर मात्र लिएर कोरोनासँग लड्न चाहन्छ या निजीलाई पनि सुविधा सम्पन्न मुट्ठीमा राखेर उनीहरुबाट काम लिन चाहन्छ?

संक्रमित स्वस्थ्यकर्मीको हकमा के तयारी गर्यौं? उनीहरुलाई लाठी बर्साउने नियम मात्र बनायौं कि उनीहरु लगायत परिवारको सुरक्षा हुनेगरी क्वारेन्टाइन आवासको परिकल्पना पनि गर्यौं? बिरामी बढ्दै गए उनीहरुको ओसारपसारका लागि कस्तो व्यवस्थाको परिकल्पना गर्योंक? अव्यवस्थित क्वारेन्टाइनमा बस्नपर्ने डरले केसहरु नै रिपोर्टमा न आउने शंकालाई कसरी चिर्ने सोच्देछौं? गैर-कोरोना रोगका निर्वा रुपमा उपचार चलिराखोस् भन्ने केही नीति-नियम बनायौं कि बनाएनौं ?

यस्ता थुप्रै प्रश्नका उत्तर अझै पनि नाजवाफ नै छन् या त हतारहतारमा उत्तर दिनकै लागि मात्र जवाफ खोजिँदै छ। त्यसो त चिकित्सक वर्गको प्रतिनिधित्व गर्ने सर्वोच्च संस्थाले पनि ठोस कार्ययोजना सरकारलाई बुझाउन सकेको देखिँदैन। यस्तो माहामारीमा यी संस्थाले खेल्न सक्नुपर्ने हस्तक्षेपकारी भूमिकामा पनि निकै कमजोर उत्रेको मेरो ठम्मयाइ हो। तर हस्तक्षेप नै गर्न नसके पनि सरकारले खोजेका बेला उचित सहयोग र सल्लाह प्रदान गर्नु चाहिँ सकारात्मक नै मानिन्छ।

आखिर वर्षौंदेखि नै आममानिसदेखि नेतृत्व तहसम्मले स्वास्थ्यकर्मीहरुलाई नै थोपर्दै आइरहेको असक्षमताको दोषको सक्कली भागिदार कोको हुनेरहेछ, यस क्षेत्रमा अरु को-को वा के-के जोडिने रहेछन् भन्ने अनुमान अहिले आम मानिसले पनि गरिराख्नुभएकै हुनुपर्छ। निजी भन्देमा सरकारको उपस्थिति नै चाहिँदैन, सरकारको भूमिका नै हुँदैन भन्ने भ्रम पनि सबैमा अहिले केही हदसम्म तोडिएकै होला।

यसमा अझ कोरोना माहामारीभन्दा पहिलादेखि नै रहेका तर जनमानसको चासोमा त्यत्ति नपर्ने चिकित्सकीय चरम असन्तुष्टिका पाटाहरु त समावेश नै गरिएको छैन। 'कांग्रेसको उदारवाद होस् या कम्युनिस्टको साम्यवाद, कुनै पनि वादसँग मतलब नराख्ने स्वास्थ्यकर्मीहरु माहामारी नहुँदा पनि आफ्नो र आफ्नो परिवारलाई यत्ति नै मात्राको जोखिममा राखेर काम गरिरहेका छन्, केवल हाम्रो ध्यानमात्र नपुगेको रहेछ' भन्ने मात्र आमसमाजले बुझिदिए स्वास्थ्यकर्मीको हौसला सधैं उच्च रहिरहने थियो, जुन अपरिहार्य पनि छ ।

ठाउँठाउँमा प्रयोगशाला द्रुत रुपमा सन्चालनमा ल्याउन सक्नु सकरात्मक नै छन्। यसले मैले औंल्याएजस्तै विगतको इक्षाशक्तिकै कमी इँगित गर्दैछ। यसैबीचमा केही उपयोगी स्वास्थ्य सामग्रीहरु नेपालमै डिजाइन र उत्पादन हुनुले पनि आउँदा दिनहरुमा केही न केही सकरात्मक सन्देश प्रवाह गर्ने नै छ ।

यो विपत हामी नेपालीलाई हाम्रो औकात चिनाउन पनि आएको हुनसक्छ। वर्षौंदेखि पटक्कै चिन्ता नभएका र वास्ता नगरिएका चिज आज हामीलाई तुरु का तुरु चाहियो भन्दै छाती पिट्दै छौं। अहिले खोज्ने बित्तिकै ट्याक्कै पाइनका लागि त वर्षौंदेखि हामीले जोहो गरेर राखेको हुनुपर्थ् यो। हामीमा अझै पनि 'कमनसेन्स' त्यति 'कमन' छैन। भूकम्प र नाकाबन्दीपछिकै अवस्था हेरौं, के नै सिकिएको रहेछ र? सबै उस्तै अवस्थामा त रहेछौं ।

स्वास्थ्य क्षेत्रमा आमूल परिवर्तनको खाँचो पक्कै पनि आमजनतादेखि सरकारसम्मले प्रत्यक्ष महसुस गरेको हुनुपर्छ यो पटक। यस संकटपछि पनि हाम्रा स्वास्थ्य नीति, योजना, आयोजानाका बारेमा पुनर्विचार नगरे कहिले गर्ने? स्वास्थ्य मन्त्रालय, नेपाल मेडिकल काउन्सिल, नेपाल चिकित्सक संघ र अन्य स्वास्थ्यकर्मी संघहरुले यसको निर्णायक र नेतृत्वदायी भूमिका खेलुन्। सबै पक्षका आँखा, दिमाग, मन सबै सर्लक्कै खुलेको बेलामा लौन केही गरौं न। यसपालि त चेतौं न ।

*(डा अर्याल सुमेरु अस्पतालमा कार्यरत छन्, सौजन्य :स्वास्थ्य खबर)*

> *हाम्रो सौभाग्यले हामीलाई कोरोनाको माहामारी आउने सम्भवतः पक्कापक्की नै जस्तोपछि पनि मनग्य समय पाएका थियौँ। यो समयमा हामीले निकै धेरै तयारी गर्न सकिन्थ्यो। हाम्रा नीति पनि स्पस्ट पार्न सकिन्थ्यो। तर हामी यसरी नतमस्तक भयौं कि मानौं हामिलाई कोरोना आतंकले छुनेवाला नै छैन । विज्ञहरुले नघच्घच्याएका भने होइनन्। तर सरकार त्यति सुन्न तयार नै भएन, सरकार कोरोना नभित्रिनेमा निर्धक्क नै जस्तो देखिन्थ्यो। यस बीचमा कति भेन्टिलेटर थप्यौं हामीले? कति औषधिको बन्दोबस्त गर्यौं हामीले? कति नयाँ स्वास्थ्यकर्मी आकर्षित गरेर थप्न सक्यौं? कति स्वास्थ्यकर्मीलाई तालिम दिई तयार गरायौं? कति अस्पताललाई कोरोनाको उपचारका लागि छुट्यायौं? निजी अस्पताल र निजी क्षेत्रका स्वस्थ्यकर्मीका हकमा केकस्ता योजना बनायौं? के सरकार पुगनपुग १००० सरकारी डाक्टर मात्र लिएर कोरोनासँग लड्न चाहन्छ या निजीलाई पनि सुविधा सम्पन्न मुट्ठीमा राखेर उनीहरुबाट काम लिन चाहन्छ?*

# चाइना मेड कोरोनाको 'साम्यवादी डिएनए'

•एस के द्विवेदी

हामी पढेका थियौं, कम्यूनिष्टहरु धर्म मान्देनन रे । चर्च,मन्दिर,मस्जीद लगायत सबै धार्मिक स्थल बन्द छन् । हामि सुनेका थियौं ,साम्यवादीहरु ,समाजिक रिति थीतीमा विश्वास गर्दैन,मलामी जाने अवस्था छैन,श्राद्ध गर्ने व्यवस्था छैन ,बिहे,ब्रन्तबन्ध,भोज भतेर गर्ने चलन हराउदे गएको छ ।

कारोनाको कारण गरिब मुलुकहरुलाई आफ्नो जनता बचाउन, खुआउनमा नै हमे हमे परेको छ । चीनका प्रणेता माओले चाहेको वास्तविक साम्यवादलाई शिजिगपिगले कारोनाको डिएनएद्धारा पुरा विश्वमा स्थापित गराउन सफल भएका छन् ।उनको सैन्यचरीले स्थापित गरेको मेडइन चीन को यो सामान र यसबाट उत्सर्जित सेवा र क्लिनिकल ट्रायललाई पूरा विश्वबाट खारेज गर्न सकिन्छ ?

लोकतांत्रिक दुनियाका सबै शक्तिशाली देशहरु अहिले चीन निर्मित साम्यवादी कोरोनाबाट नै आ-आफ् नो समाज ,सस्ंकृती,सभ्यता एवम धार्मिक परिवेश अनुसारको लोकतान्त्रिक व्यवस्था फर्कउनमा त्राहिमाम गरिरहेका छन् । पूंजीवाद र नव-उदारवाद को दोष निकाल सकिन्छ तर उसको प्रतिउत्तर चीनको आधिपत्य कदापि पनि होइन ।

महाव्याधीको उद्भव कोभिड-१९ ले उत्पन्न भएकोले पुरा विश्व आत्रान्त छ । प्रकृतिको क्षयसँगै विगत र हालका दिनमा देखिएको महाव्याधिको उद् भव चाइनाको बुहानबाट नै भएको हो । जसले गर्दा पनि यसलाई मेडइन चाइना भन्न अतिसोक्ति हुदैन ।बुहान स्थित चाइना आर्मिको प्रयोगशालाबाट निर्मित कोरोना भाइरसको परिवार ठूलो छ । कोरानाको बैज्ञानिक चरित्र जस्तो भएपनि यसको समाजिक र राजनैतिक चरित्र पुर्ण रुपेण साम्यवादी कम्युनिष्ट अर्थात माओवादमा आधारित डिएनए नै हो ।

कोरोना कारण आएको तबाहीले पुरै विश्वको आर्थिक बाजारमा आईरहेको गिरावटलाई चीनले अवसरको रुपमा लिएको छ । चीनको यो कुदृष्टिपुर्ण मंशालाई मध्यनजर गर्दै कतिपय ठुला देश जर्मनी, आस्ट्रेलिया, इटली र स्पेन अहिले बहुराष्ट्रिय कम्पनि एफडीआईको नियमावलीलाई कडा बनाएका छन् ।

कोरोना भाइरसको असर पुरै विश्वको आर्थिक क्षेत्रमा पनि देखा परेको छ । चिनले कारोनाको संक्रमणको कारण पुरा विश्वमा उत्पन्न भएको आर्थिक गीरावटलाई मध्यनजर गर्दै विभिन्न कम्पनिहरुमा लगानिलाई दिएको तिब्रताले पनि चिनिया आर्थिक नितिकोषडयन्त्र मुलक कुचक्रको कारणनै कारोनाको उत्पनि भएको प्रष्ट भइसेकेको छ । जसप्रकार चीनको पीप्लस बैंक आफ चीन (पिबिओसि) ले भारतको सबै भन्दा ठुलो हाउसिंग फाइनेंस कंपनी, हाउसिंग डेवलपमेंट फाइनेंस कारपोरेशन लिमिटेड (एच डि एफ सि)मा करोडौं शेयर किनेर साझेदारी ०.८ प्रतिशतबाट बढाएर १.०१ प्रतिशत पुर्याएको छ ।

वैश्विक अर्थव्यवस्थाको उथल-पुथलको समयमा विदेशी निवेशको आडमा भारतीय कंपनीहरुमा आफ् नो हिस्सेदारी बढाउनु चीनको विस्तारवादी सोचको ज्वलन्त उदहारण हो । कोरोनाको तबाहीबाट पुरै विश्वको आर्थिक बाजारमा छाएको गीरावटको चीन पहिला भरमजबुर अवसरको रुपमा भुनाउन लागी परेको छ ।जसलाई सुक्ष्म रुपमा नियाली रहेको विश्वका शक्तिसाली देशहरु जर्मनी, आस्ट्रेलिया, इटली र स्पेनले पनि एफडीआई को नियमलाई शक्तिसाली बनाउन लागी परेका छन् ।

यूरोपीय संघले सुरक्षाको हवाला दिदै एफडीआईको सेयर कारोवारलाई चेक जांच गर्ने नियम समेत बनाएको छ । अमेरिकाले चीनबाट हुने निवेशको चेक जांच अझ कडा पेचिलो बनाएको छ । चीनले अमेरिकामा ठुलो सम्पत्ति अधिग्रहण गरिरहेको आर्थिक जगतमा चलेको चर्चाकै बेला अमेरिकाले यस्तो नियम ल्याएको छ । आस्ट्रेलियाले पनि कोरोना भाइरस संकटको अवधीमा रणनीतिक र सामरिक संम्पत्तिहरुलाई शून्यको भाउमा बेचिने खतरालाई दृष्टिगत गर्दै विदेशी निवेशकहरुद्धारा गरिने लगानि अधिग्रहणको नियमलाई गएको मार्च महिनामै शसक्त बनाएको छ । भारत सरकारले पनि एफडीआई को नियममा ल्याएको परिवर्तन वस्तुत : चीन को वर्चस्ववादी रवैये माथि रोक लगाउन नै मुख्य उदेश्य हो ।

वैज्ञानिक समुदायमा चुनौती बनेको प्रश्न छ, यो भाइरस वुहानमा कहाँबाट, कुन माध्यम हुँदे आयो ? डिसेम्बर २०१९ मा चीनको वुहानबाट फैलिएको उक्त भाइरसको उद्भव केन्द्र र माध्यमका बारेमा वैज्ञानिक र अनुसन्धान गर्ने केन्द्रका आफ्नै तर्क, विश्लेषण र अनुमान छन् । भाइरस अर्को जीवमा (विभिन्न वन्यजन्तु वा मान्छे) प्रवेश गरेपछि त्यसले आश्रय दिने जीवको (होस्ट) शरीरमा भएका भाइरससँग अन्तरत्रिया गरी फेरिन्छ र भिन्न संरचनाको बन्छ । कतिपय अवस्थामा त नयाँ भाइरसको प्रजातिको रूपमा उद्भव हुने वैज्ञानिक तथ्य छ । त्यसै कारण भाइरसको स्रोत (उद्गम केन्द्र) मात्र थाहा पाएर हुँदैन, त्यसका बीचमा रहेका होस्टहरू पनि थाहा पाउनुपर्ने हुन्छ ।

चीनले पुरै विश्वलाई स्वस्थताको साटो गुलाम बनाएर मानवतावादको क्षेत्रमा वर्चस्व कायम गर्ने कुरामा जोड दिएको छ । ताबूत र मुर्दाघर देखि मास्क, हेन्डग्लब्स, वेंटिलेटर, डाक्टर, नर्स, खाद्यान्न, पानी र परिवहनको मुल्यमा आएको कमिलाई अधार बनाएर पुरा विश्वको मसीहाको रूपमा आफुलाई पेश गर्न कोशिस गरिहेको छ ।

यस्तो परिवेशमा अवस्थ सामान्य भएपछि के पुरा विश्व संरक्षणवादी हुनसक्छ ? के विश्व व्यापार संगठन (डब्लु टि ओ ) चीनको अर्को युद्ध मैदान कुनसक्छ ? उत्तरी अमेरिकामा महामारी को आगा भन्द पनि तिब्र गतिमा फैलिरहेको वेला यस्ता कतिपय प्रश्नहरु विश्वमाझ उभिएका छन् ।

कोविड १९ लोकतांत्रिक विश्वको सबै भन्दा ठुलो खुफिया नाकामिको एक परिणाम पनि हो ।किनकि चीन महामारी यसको नया भू-राजनीतिक हथियारलाई परोपकारको रूपमा पनि पेश गरिरहेको छ । चीन पहिला देखि नै विश्वमा सबै भन्दा ठुला सैन्य र आर्थिक शक्तिहरुमा एक पनि हो ।

के पुरे विश्व टेड्रोस माथी विश्वस र समर्थन गरेर त कुनै ठुलो गल्ती गरेन ? यो जानी जानी कि स्वास्थ्य र मानवाधिकारको क्षेत्रमा उनको राम्रो रेकर्ड छैन । जनवरीको अन्तिममा टेड्रोस चीन गएर राष्ट्रपति शी जिनपिंगसंग भेटेका थिए । त्यहा उनले भनेका थिए कि चीन कारोना रोगलाई नियन्त्रण लिने कार्यमा वैश्विक नया मानदंड लागु गरिरहेको छ । उनले रोगको लक्षण र महामारी लगायत सबै जानकारी चिनले पुरा विश्व समक्ष साझा गरिरहेको भन्दै उसको सराहना समेत समेत गरेका थिए । के टेड्रोस शीको कुनै सहमतिलाई परिख रहेका थिए ? के यो संक्रमण जनवरीको अन्तिममा महामारी बनेको हो ?

"यसै बीचमा कोविड १९ लगातार महामारीको विशेषता देखाइरहेको थियो, पूरे दुनियामा एक साथ तिब्र गतीमा फैलिरहेको थियो ।

न मात्र टेड्रोस र उनकी टीम स्वास्थ्य आपातकाल घोषित गर्नमा नाकाम रहे, उनले अंतर्राष्ट्रीय समुदायलाई यात्रा प्रतिबंध लगाउन र भेदभाव न फैलाउन अनुरोध गरिरहे । यूरोपियन सेंटर फार डिज़ीज़ प्रिवेंशन एंड कंट्रोलले सुझाव दियो कि यूरोपीय यूनियनमा वायरस को संक्रमण को आशंका कम छ .जसको कारण यूरोपका देशको सीमामा कडाइ गरिने र पुरा विश्व आत्रन्त बनेको छ ।"

> *यूरोपीय संघले सुरक्षाको हवाला दिदै एफडीआईको सेयर कारोवारलाई चेक जांच गर्ने नियम समेत बनाएको छ । अमेरिकाले चीनबाट हुने निवेशको चेक जांच अझ कडा पेचिलो बनाएको छ । चीनले अमेरिकामा ठुलो सम्पत्ति अधिग्रहण गरिरहेको आर्थिक जगतमा चलेको चर्चाकै बेला अमेरिकाले यस्तो नियम ल्याएको छ । आस्ट्रेलियाले पनि कोरोना भाइरस संकटको अवधीमा रणनीतिक र सामरिक संम्पत्तिहरुलाई शून्यको भाउमा बेचिने खतरालाई दृष्टिगत गर्दै विदेशी निवेशकहरुद्वारा गरिने लगानि अधिग्रहणको नियमलाई गएको मार्च महिनामै शसक्त बनाएको छ । भारत सरकारले पनि एफडीआई को नियममा ल्याएको परिवर्तन वस्तुत : चीन को वर्चस्ववादी रवैये माथि रोक लगाउन नै मुख्य उदेश्य हो । वैज्ञानिक समुदायमा चुनौती बनेको प्रश्न छ, यो भाइरस वुहानमा कहाँबाट, कुन माध्यम हुँदै आयो ? डिसेम्बर २०१९ मा चीनको वुहानबाट फैलिएको उक्त भाइरसको उद्भव केन्द्र र माध्यमका बारेमा वैज्ञानिक र अनुसन्धान गर्ने केन्द्रका आफ्नै तर्क, विश्लेषण र अनुमान छन् । भाइरस अर्को जीवमा (विभिन्न वन्यजन्तु वा मान्छे) प्रवेश गरेपछि त्यसले आश्रय दिने जीवको (होस्ट) शरीरमा भएका भाइरससँग अन्तरक्रिया गरी फेरिन्छ र भिन्न संरचनाको बन्छ ।*

# आलोचना गर्दा यथार्थ धरातलमा उभिएर छलफल गर्नुपर्छ : उपनेता नेम्वाङ



काठमाण्डु । नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को संसदीय दलका उपनेता सुवासचन्द्र नेम्वाङले प्रतिपक्षी दलहरूले सरकारको नीति तथा कार्यक्रमको आलोचना गर्दा यथार्थमा उभिएर छलफल गरी निष्कर्षमा पुग्दा राम्रो हुने धारणा व्यक्त गर्नुभएको छ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा नेपाल सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममाथिको छलफलका क्रममा उहाँले नीति तथा कार्यक्रम कोरोना केन्द्रित र वर्तमान समस्यालाई सम्बोधन गर्नमा नै केन्द्रित रहेको स्पष्ट पर्नुभयो । वर्तमान सङ्कट सम्बन्धमा नीति निर्माणअघि पनि विभिन्न चरणमा छलफल भएको र सोहीअनुसार नै नीति कार्यक्रम आएको उहाँको भनाइ थियो।

उहाँले भन्नुभयो, "नीति तथा कार्यक्रमले अहिलेको कोरोनाको समस्यालाई सम्बोधन गर्ने प्रयत्न गरेको छ। कोरोनाका सङ्क्रमितको अवस्था अहिले सामान्य छ र अझै जटिल बन्न सक्नेतर्फ सरकार सजग रहेको छ। कोरोनाको प्रभावमा परेका समुदाय र व्यक्तिलाई राहतको व्यवस्था गर्ने नीति तथा कार्यक्रममा उल्लेख छ ।" साथै उपनेता नेम्वाङले नीति तथा कार्यक्रमका बारेमा सदनमा उठेका आवाजलाई पनि सरकारले ध्यान दिनुपर्नेमा जोड दिनुभयो।

कोरोनाको प्रभावलाई सम्बोधन गर्ने गरी सरकारले काम गरिरहेको बताउँदै उहाँले विगतका सन्दर्भलाई पनि समेटेर कतिपय कुराहरू नीतिमा समेटिएका कारण विस्तृत देखिएको हुनसक्ने जानकारी दिनुभयो। यही सदनमा भएका दलहरू एकताबद्ध भएर विगतमा संविधान जारी गरी आजको अवस्थासम्म आइपुगेको प्रसङ्ग उल्लेख गर्दै उपनेता नेम्वाङले त्यसयता उठेका केही माग र आवाजलाई

> **"यही सरकारले भूपरिवेष्टित मुलुकका रूपमा रहेको नेपाललाई भूजडित बनाएको बारेमा समेत जानकारी गराउनुभयो । साथै अब नेपालमा नाकाबन्दी नहुनेसमेत स्पष्ट पार्नुभयो ।"**

पनि छलफल गर्दै निष्कर्षमा पुग्न सकिने धारणा व्यक्त गर्नुभयो।

अब शान्ति र प्रजातन्त्रका लागि आन्दोलन गर्नुपर्ने भएको बताउँदै उहाँले नीति तथा कार्यक्रममा शान्ति प्रक्रिया पनि चाँडै टुङ्गोमा पुर्याउने उल्लेख गरेको अवगत गराउनुभयो । शान्ति प्रक्रियाका बाँकी काम आवश्यक कानून बनाई दुई वर्षमा टुङ्गिने र त्यो विषय नीति तथा कार्यक्रममा पनि रहेको उहाँले अवगत गराउनुभयो।

"कोरोनाविरुद्धको लडाइँमा हामीसबै एकछौँ र यसलाई निरन्तरता दिएरमात्र यसविरुद्धको लडाइँ जित्न सकिन्छ। नीति कार्यक्रमले लोकतन्त्रका सम्बन्धमा संविधान भएका आधारभूत विशेषतालाई समेत उल्लेख गरेको छ", उहाँले भन्नुभयो।

उहाँले भूकम्पले मुलुक क्षतविक्षत भएको बेला छिमेकीले नाकाबन्दी लगाएको, दुई छिमेकीले नेपाललाई नसोधी नेपालको भूमि अतिक्रमण भएको स्थानबारेमा गरेको सम्झौताविरुद्ध अघि बढ्ने दृढता व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, "यही सरकारले भूपरिवेष्टित मुलुकका रूपमा रहेको नेपाललाई भूजडित बनाएको बारेमा समेत जानकारी गराउनुभयो । साथै अब नेपालमा नाकाबन्दी नहुनेसमेत स्पष्ट पार्नुभयो।"

निरोगी नेपाल निर्माण गर्ने, समृद्धिका लागि वन, स्वच्छ नेपाल, रोजगारी, आर्यआर्जनका साथै अब कोही भोकै पर्दैन भोकले कोही मर्दैन, कृषिलाई थप आधुनिकीकरण, स्वदेशी वस्तुको उपभोग गरौँलगायतका कार्यक्रम महत्वपूर्ण भएको बारेमा उहाँले जानकारी दिनुभयो। भ्रष्टाचारप्रति सरकारको शून्य सहनशीलता नीति सरकारको कार्यक्रममा समेटिएको बताउँदै उहाँले कानूनबमोजिम भ्रष्टाचार गर्ने जोसुकैलाई कारवाही भएको बताउनुभयो।

उपनेता नेम्वाङले प्रसारण लाइन निर्माण गरी भारत र बङ्गलादेशसम्म जलविद्युत् निर्यात गर्ने बारेमा समेत नीति तथा कार्यक्रममा उल्लेख छ भन्नुभयो। नीति तथा कार्यक्रममा उल्लेख भएअनुसार नेपालका अतिक्रमित भूमि समेटिएर नेपालको नक्सा जारी हुने बताउँदै उहाँले सबै एकताबद्ध भएर अघि बढ्न र जनतालाई निराशा होइन आशा बाँडो भन्नुभयो।रासस

## सरकारको नीति कार्यक्रममाथि पाँच संशोधन प्रस्ताव प्रस्तुत

काठमाण्डु। नेपाल सरकारको आर्थिक वर्ष २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रमका विभिन्न बुँदामा प्रतिनिधिसभामा एकल र संयुक्तरूपमा गरी पाँच संशोधनका सूचना पेश भएका छन्। राष्ट्रपति विद्यादेवी भण्डारीले सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकमा गत शुक्रबार नेपाल सरकारको आगामी आवको नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको थियो।

सो नीति तथा कार्यक्रममा नेपाली काँग्रेस सांसद डा मिनेन्द्र रिजालले संशोधन प्रस्ताव प्रस्तुत गर्दै स्थिरता र स्थायित्वका लागि नीति तथा कार्यक्रममा सञ्चारजगत्लाई मर्यादित र अनुशासन बनाउने उल्लेख भएको भन्दै पहिले सरकार आफू मर्यादित र अनुशासित हुनुपर्नेमा जोड दिनुभयो। साथै उहाँले इतिहासकै कठिन चुनौतीमा रहेको वर्तमान अवस्थामा उत्पन्न हुने आर्थिक सङ्कटलाई सम्बोधन गर्ने ठोस कार्यक्रम नीतिमा नभएको धारणा व्यक्त गर्दै अप्ठ्यारोमा परेका जनतालाई तत्कालको समस्या समाधानका लागि आवश्यक कार्यक्रम ल्याउन आग्रह गर्नुभयो।

राष्ट्रिय जनता पार्टी नेपाल र समाजवादी पार्टीको तर्फबाट संयुक्त संशोधन प्रस्ताव प्रस्तुत गर्दै लक्ष्मणलाल कर्णले कृषि, उद्योग, पर्यटन, श्रमलगायत सबै क्षेत्रलाई तत्काल राहतको आवश्यकता रहेको उल्लेख गर्दै नीति तथा कार्यक्रममा कृषि प्राथमिकतामा नपरेको भन्दै संविधान संशोधन र सबैका अधिकार सुनिश्चित गर्न र लाल आयोगको प्रतिवेदन प्रकाशन गर्न माग गर्नुभयो। साथै उहाँले प्रदेश नं २ र कर्णाली प्रदेशका लागि विकास तथा समृद्धि गर्न एउटै कार्यक्रम ल्याउनुपर्ने धारणा व्यक्त गर्नुभयो।

अर्का संशोधन प्रस्तावकर्ता प्रेम सुवालले समाजवाद उन्मुख लेखेर मात्रै नहुने भन्दै त्यसका लागि उत्पादनका मुख्य साधनलाई सामाजीकरण गरी व्यक्तिलाई होइन समग्र जनतालाई अवसर दिनुपर्नेमा जोड दिनुभयो। संशोधन प्रस्तावकर्ता सरिता गिरीले नीति कार्यक्रम परम्परागत र औपचारिकतामा सीमित भएको आरोप लगाउँदै कोरोनाबाट परेको प्रभाव र जनतालाई राहतका बारेमा खासै सम्बोधन नगरेको टिप्पणी गर्नुभयो।रासस

# नीति तथा कार्यक्रम बहुवर्षीय योजनाको कल्पना जस्तो भयो : सभापति देउवा



काठमाण्डु । प्रमुख विपक्षी दल नेपाली काँग्रेसको संसदीय दलका नेता शेरबहादुर देउवाले सरकारको आगामी वर्षको नीति तथा कार्यक्रममाथि टिप्पणी गर्दै कोभिड-१९ ले गर्न सक्ने क्षतिबारे ज्ञान नभएको जस्तो देखिएको बताउनुभएको छ।

नेपाल सरकारको आव २०७७/०७८ को नीति तथा कार्यक्रमका सम्बन्धमा आज प्रतिनिधिसभा बैठकमा सम्बोधन गर्दै उहाँले सरकारलाई जनताका दुःख बोध नभएको जस्तो देखिएको आरोप लगाउनुभयो । उहाँले भन्नुभयो, "सरकारसँग यो अप्ठेरो बेला भविष्यका लागि जनता आश्वस्त हुने योजना छैन। एक वर्षे नीति तथा कार्यक्रम उद्देश्यबाट बरालिएर बहुवर्षीय योजनाको कोरा कल्पना जस्तो देखिन्छ।"

नेता देउवाले सो अवसरमा कोरोना सङ्क्रमणको जोखिमसँग जुध्दै देशभरि अग्रपङ्क्तिमा काम गरिरहेका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सञ्चारकर्मी र सफाइकर्मीदेखि कोरोनाबाट सङ्क्रमित नागरिक र यो महामारीका कारण दुःखमा परेका किसान, स्वदेश तथा विदेशमा रोजगारी गुमाइरहेका श्रमिक, विदेशबाट घर फर्कन चाहेका तर नपाएका अप्ठ्यारोमा परेका नागरिक, बसेको ठाउँमा राहत नपाएर सयौँ किलोमिटर हिँडेर घर जान बाध्य हजारौँ मजदुर, विद्यार्थी र बेरोजगारलाई स्मरण गर्नुभयो।

उहाँले भन्नुभयो, "उपचार पाउन कठिनाइमा परेका अन्य रोगका बिरामी, उद्योग व्यापार बन्द भएका साना ठूला उद्यमी व्यापारी, बिहान साँझको छाक टार्न नसक्ने अवस्थामा पुगेका मजदुर, समस्यामा परेका गरिब, अपाङ्गता भएका व्यक्ति र एकल महिलालाई सम्झिरहेको छु। म परीक्षण सामग्रीको अभावमा कोरोना परीक्षणको प्रतीक्षामा बसेका नागरिक र भाइरसको महामारीले आफू र परिवारलाई कसरी जोगाउने, प्रकोप बढ्दै गए स्थिति के होला, यसले मुलुकलाई के गर्ला भनेर सन्ताप र त्रासमा बसेका नेपाली दिदीबहिनी, दाजुभाइको स्मरण गरिरहेको छु। अनि हिजोमात्रै समयमै उपचार नपाएर कोरोनाका कारण मृत्यु भएकी सिन्धुपाल्चोककी सुत्केरी, उनको काखको शिशु र उनको परिवार सम्झिरहेको छु।"

सरकारले यी सबैलाई आफू अभिभावक भएको अनुभूति गराउनुपर्ने समय हो भन्दै नेता देउवाले सरकारले ल्याउने नीतिले यस्ता सबै विषयलाई सम्बोधन गर्नेछ भन्ने अपेक्षा रहेको तर सरकारको नीति तथा कार्यक्रमले अर्कै सन्देश दिएको टिप्पणी गर्नुभयो।

सरकार महामारी नियन्त्रण गर्ने व्यापक तयारी गर्न चुकेको भन्दै सभापति देउवाले कोरोना देखिएको यति लामो समयपछि पनि स्वास्थ्यकर्मीको सुरक्षा उपकरणलगायत आवश्यक सामग्रीको उपलब्धताको प्रत्याभूति नहुनु, विश्वसनीय परीक्षण किटको अभाव हुनु, अस्पतालमा भेन्टिलेटरलगायत अन्य उपचार सामग्रीको आपूर्ति नहुनु, कोरोना प्रभावबाट मर्कामा परेकालाई उचित राहतको व्यवस्था नहुनु, सिमाना बाहिर बिचल्लीमा रहेका र देशभित्र र घरबाहिर पनि असहाय अवस्थामा रहेका नागरिकलाई सुरक्षित र इज्जतपूर्वक घरमा पुर्याउने योजना नहुनुले जनताले सरकार भएको अनुभूति गरेका छैनन्। उहाँले भन्नुभयो, "म प्रश्न गर्न चाहन्छु सरकारले लकडाउनको यो अवधिमा के तयारी गर्यो ?"

स्वास्थ्य सामग्री तत्काल पर्याप्त प्रबन्ध गर्न, पिसिआर परीक्षणको दायरा व्यापकरुपले समुदायस्तरमा पुर्याउन, विभिन्न क्षेत्रका लागि आवश्यक राहतको व्यवस्थित प्याकेज ल्याउन र विदेशमा अप्ठ्यारोमा परेका नेपालीलाई स्वदेश फर्काएर मापदण्डयुक्त क्वारेन्टाइनमा व्यवस्थितरुपले राखेर परीक्षणपश्चात् घर पुर्याउने बन्दोबस्त मिलाउन उहाँले सरकारसमक्ष माग गर्नुभएको छ।

दुई वर्ष पहिलेका नीति तथा कार्यक्रममा उल्लेख गरिएका नै कतिपय योजना र कार्यक्रम अहिले पनि पुनरावृत्ति गरिएको बताउँदै उहाँले यसले नीति तथा कार्यक्रमको कार्यान्वयन फितलो भएको टिप्पणी गर्नुभयो। विकासको गति गजबले अगाडि बढेको दाबी गर्ने सरकारलाई न्यून पूँजीगत खर्चको अवस्थाले जिस्काइरहेको उहाँको भनाइ थियो।

राजश्वको यो वर्षको लक्ष्यसमेत नभेटिएको परिप्रेक्ष्यमा पुराना योजना पनि दोहोर्याउने र महामारीसँग लड्न नयाँ खर्च पनि छुट्याउने हो भने यो सबैका लागि स्रोत कहाँबाट आउँछ भनी नेता देउवाले प्रश्न गर्नुभयो। उनीहरूलाई बैंकबाट उपलब्ध हुने पूँजी सरकारले आन्तरिक ऋण उठाउने र जथाभावी वैदेशिक ऋण लिने गलत नीतितर्फ जाने उहाँको आरोप छ।

कोरोनाले मुलुकका सबै क्षेत्रलाई अत्यन्त नकारात्मक रुपले प्रभावित गरेको छ। यसका अल्पकालीन र दीर्घकालीन प्रभाव रहने बताउँदै नेता देउवाले सरकारका नीति तथा कार्यक्रम समस्या समाधानतर्फ उन्मुख नभएको, देशभित्र उद्योगधन्दा, निर्माण क्षेत्रमा पर्ने प्रभाव र विदेशबाट देश फर्किनेको ठूलो सङ्ख्याले बेराजगारीको समस्या भयावहरूपले बढ्ने विषयमा सम्बोधन गर्न सरकारसँग इच्छाशक्ति, क्षमता, इमान्दारी र दूरदृष्टिको नितान्त अभाव रहेको टिप्पणी गर्नुभयो।

सरकारले अहिले पनि उद्योग, रेमिट्यान्स आदि क्षेत्रमा कोरोनाबाट भएको प्रारम्भिक क्षति अनुमान गर्न नसकेको बताउँदै उहाँले यसले राहत पाउनुपर्ने उद्योगलाई प्रोत्साहित गर्ने विषय नीति कार्यक्रममा नसमेटिएको, सरकारसँग निर्यात बढाउने विश्वसनीय र नयाँ योजना नभएको धारण राख्नुभयो।

नेता देउवाले भन्नुभयो, "अहिले कोरोनाबाट व्यापकरूपमा प्रभावित भएको पर्यटन क्षेत्र पनि हो । पर्यटन प्रवर्द्धनसम्बन्धी कुनै नीति आएको छैन । केही एयरपोर्टको निर्माण र मर्मतमात्र दिगो र गुणस्तरीय पर्यटनको स्रोत होइन । सबैभन्दा बढी राहत चाहिएको पर्यटन क्षेत्रमा पुराना सामान्य किसिमका विषयको पुनरावृत्तिबाहेक कुनै नवीन सोच र योजना छैन।"

नेता देउवाले नेपाली भूभागमा भएको अतिक्रमण र सडक निर्माणबारे छिमेकी मुलुक मित्र राष्ट्र चीनसँगसमेत उच्चस्तरमा सार्थक र परिणाममुखी वार्ता गरी समस्याको समाधान गर्नुपर्ने तथा अघिल्लो सरकारले गरेको हालसम्मकै सबैभन्दा ठूलो सहयोगसम्बन्धी सम्झौता एमसिसीलाई यो सदनमा प्रस्तुत गरेर पारित गर्ने प्रक्रिया अघि बढाउन आग्रह गर्नुभएको छ।रासस

# नीति तथा कार्यक्रम 'समृद्ध नेपाल र सुखी नेपाली'को लक्ष्यमा केन्द्रित छ : नेता श्रेष्ठ

काठमाण्डु । नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का नेता नारायणकाजी श्रेष्ठले मुलुक र मुलुकवासीको आवश्यकता पूरा गर्न र राजनीतिकरुपले आर्थिक सामाजिक रुपान्तरण गरी 'समृद्ध नेपाल र सुखी नेपाली'को लक्ष्यलाई केन्द्रविन्दुमा राखेर नीति तथा कार्यक्रम आएको भनी स्वागत गर्दै समर्थन जनाउनुभएको छ।

राष्ट्रियसभामा आव २०७७/७८ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथिको छलफलमा पहिलो वक्ताका रूपमा भाग लिँदै उहाँले देश र विश्वकै विशिष्ट परिस्थितिलाई ध्यान दिएर गर्नुपर्ने मुख्य काम नीति तथा कार्यक्रममा समेटिएको बताउनुभयो । राष्ट्रपति विद्यादेवी भण्डारीले सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकमा गत शुक्रबार नेपाल सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको थियो।

नेता श्रेष्ठले भन्नुभयो, "नेपालको राष्ट्रिय सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता, स्वाभिमान र हितलाई केन्द्रविन्दुमा राखेर नेपाल सरकार अघि बढ्ने प्रतिबद्धतालाई जोडदाररूपमा समेटिएको छ।" केही समयदेखि महाकाली क्षेत्रमा नेपाली भूमि अतिक्रमण भएकामा उक्त भूमि फिर्ता र प्राप्त गर्न ठोस पहलकदमी गर्ने र नेपालको नक्सामा छुट हुन गएका भूभागलाई सामेल गरेर नेपालको नक्सा प्रकाशित गर्ने ऐतिहासिक निर्णय नीति तथा कार्यक्रममा उद्घोष गरेको जनाउँदै उहाँले 'सरकारको ऐतिहासिक कदमप्रति धन्यवाद ज्ञापन गर्नुपर्छ' भन्नुभयो।

समाजोन्मुख सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई रक्षा गर्ने प्रतिबद्धता व्यक्त गर्दै अझै विकसित तुल्याउँदै कार्यान्वयनमा लैजान ठोस मार्गचित्र अघि बढाएको बताउँदै नेता श्रेष्ठलाई लोकतन्त्रलाई अझै जनमुखी र प्रभावकारी बनाउनुपर्छ भन्नेमा सरकार दत्तचित्त रहेको धारणा प्रकट गर्नुभयो।

नेपाललाई कोभिड-१९ महामारीमुक्त देश बनाउनु सरकारको पहिलो प्राथमिकता भएको उल्लेख गर्दै उहाँले सचेतना फैलाउने र सजगता अपनाउन, क्वारेन्टाइन र परीक्षणलाई व्यापक बनाउने, उपचारका लागि स्वास्थ्य सेवामा गुणस्तर वृद्धि गर्नेजस्ता विषय नीति तथा कार्यक्रम समेटिएको बताउनुभयो।

> **हरेक सङ्कट राष्ट्र निर्माणका लागि अवसरमा परिणत गर्न सकिन्छ भनेर रोजगारी, उत्पादन क्षेत्र, औद्योगिक विकास र कृषि क्षेत्रको विकासलाई जोड दिइएको बताउँदै नेता श्रेष्ठले सरकारको नीति तथा कार्यक्रमलाई कार्यान्वयमा सबै शक्ति एकजुट हुन आह्वान गर्नुभयो ।**

हरेक सङ्कट राष्ट्र निर्माणका लागि अवसरमा परिणत गर्न सकिन्छ भनेर रोजगारी, उत्पादन क्षेत्र, औद्योगिक विकास र कृषि क्षेत्रको विकासलाई जोड दिइएको बताउँदै नेता श्रेष्ठले सरकारको नीति तथा कार्यक्रमलाई कार्यान्वयमा सबै शक्ति एकजुट हुन आह्वान गर्नुभयो।

नीति तथा कार्यक्रमलाई सङ्क्षेपीकरण गर्न, तत्कालीन आवश्यकताले सिर्जना गरेको सोचअनुसारको विकास ढाँचा अघि बढाउन, समाजवादोन्मुख विकास ढाँचा बनाउन, प्राथमिकतालाई अझै मूर्त र ठोस बनाउन, विपद् व्यवस्थापनका कार्यक्रम घोषणा गर्नेजस्ता विषयमा सुधार ल्याउन सकिने सम्भावना रहेको थियो भनी उहाँले सुझाव प्रस्तुत गर्नुभयो।

सोही पार्टीका परशुराम मेघी गुरुङले कोभिड-१९ मानवमाथिकै शताब्दीकै सबैभन्दा ठूलो सङ्कट पैदा गरेको भनी स्वीकार्दै मुलुकको अर्थतन्त्रलाई धक्का दिएकाले मानव जीवनको संरक्षणलाई प्राथमिकीकरण गरेर काम गर्नेजस्ता विषय नीति तथा कार्यक्रममा समेटिएको बताउनुभयो।

उहाँले भन्नुभयो, "सङ्घ, प्रदेश र स्थानीय सरकार समन्वयमा राहत कार्यक्रम संञ्चालन गरिने कुरा पनि उल्लेख भएको छ, देश बाहिर र सीमामा रहेका नेपालीलाई घर फर्काउने विषय पनि सम्बोधन गरेको छ", बजेटमार्फत पनि ठोस कार्यक्रम आउने नै छ, राष्ट्रिय क्षमताको वृद्धि, संविधान कार्यान्वयमार्फत दायित्व पूरा गर्ने, क्षेत्रगत विकासलाई निरन्तरता दिने नीति तथा कार्यक्रमका विशेषता हुन।

नेकपाकै बेदुराम भुसालले नीति तथा कार्यक्रम लामो र छरिएका भए पनि देश र जनताको हितमा सरकारले गर्ने पर्ने धेरै कार्यक्रम समेटिएको बताउनुभयो। उहाँले भन्नुभयो, "राष्ट्रिय प्रतिबद्धता, लोकतन्त्रको विकास र स्थायित्वमा जोड, जनताका लागि स्वास्थ्य र शिक्षामा केन्द्रित भएको तथा रोजगारी सिर्जना गर्ने मार्गचित्र समेटिएको नीति तथा कार्यक्रमप्रति म स्वागत र समर्थन जनाउँछु।

सोही पार्टीका विमला घिमिरे वर्षौंदेखिको सुकुम्बासी र अव्यवस्थित बसोबास अन्त्य गर्ने ढङ्गबाट आएको नीति तथा कार्यक्रमले मुलुकको अहिलेको माग र आवश्यकतालाई सम्बोधन गर्न सक्षम हुने बताउनुभयो । नेकपाका देवेन्द्र दाहालले कोभिड-१९ को प्रभावलाई नियन्त्रण गर्दै देशको अर्थतन्त्रलाई चलाएमान गर्ने ढङ्गबाट नीति तथा कार्यक्रम आएको भनी बचाउ गर्नुभयो।

सोही पार्टीका कोमल वलीले समस्याको पहिचान गरेको, चुनौतीलाई आँकलन गरेको र सबै पक्षलाई समेटिएर आएको नीति तथा कार्यक्रमले आमजनताको भावनालाई सम्बोधन गर्ने बताउनुभयो । नेकपाकै शेरबहादुर विश्वकर्माले सबै जातजाति र समुदायलाई समेटेर ल्याइएको नीति तथा कार्यक्रम नेपाल र नेपाली जनताको हितमा परिलक्षित रहेको धारणा व्यक्त गर्नुभयो।

सोही पार्टीका डा विमला राईले 'नीति तथा कार्यक्रमको पहिलो प्राथमिकता भनेको कोरोनाबाट देशलाई मुक्त गराउने हो' भन्नुभयो। नेकपाकै गोपी सार्की अच्छामीले सरकारको नीति तथा कार्यक्रम कोभिड-१९ को रोकथाम र समग्र मुलुकको हितका लागि ठीक गन्तव्य पहिचान गरेको छ भनी स्वागत र समर्थन गर्नुभयो।

सोही पार्टीका बिना पोखरेलले कोभिडको सामना दिएर जनतालाई सुरक्षित तुल्याउने उद्देश्यले आएको नीति तथा कार्यक्रमले समाजवादको आधार तयार गरेको बताउनुभयो। रासस

# नीति तथा कार्यक्रममाथि छ संशोधन प्रस्ताव प्रस्तुत

काठमाण्डु। राष्ट्रियसभामा आव २०७७/७८ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथिको छलफल प्रारम्भ भएको छ। राष्ट्रपति विद्यादेवी भण्डारीले सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकमा गत शुक्रबार नेपाल सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको थियो।

बैठकको प्रारम्भमा उक्त सम्बोधनमा उल्लिखित आव २०७७/७८ का लागि सरकारको नीति तथा कार्यक्रममाथिको छलफल प्रारम्भ गरियोस् भनी प्रधानमन्त्रीको तर्फबाट उपप्रधानमन्त्री ईश्वर पोखरेलले प्रस्ताव प्रस्तुत गर्नुभएको थियो। उक्त नीति तथा कार्यक्रममाथि छ जना सदस्यको तीन संशोधन परेको छ। सरकारको नीति तथा कार्यक्रममाथि दुवै सदनमा जेठ ४, ५ र ६ गते छलफल हुनेछ।

राष्ट्रपतिबाट प्रस्तुत नीति तथा कार्यक्रममा नेपाललाई कोभिड-१९ महामारीमुक्त देश बनाउनु सरकारको पहिलो प्राथमिकता भएको उल्लेख छ। कोभिड-१९ पछिको थप रणनीति तथा कार्ययोजना तयार गरी क्षेत्रगत विशेष कार्यक्रम सञ्चालन गर्ने विषय उक्त नीति तथा कार्यक्रममा समेटिएको छ। निर्धारित समयभन्दा पौने एक घण्टा ढिलो शुरु भएको बैठकमा नीति तथा कार्यक्रममाथि संशोधन प्रस्तुत गर्दै प्रमुख प्रतिपक्ष दलका नेपाली काँग्रेकी अनिता देवकोटा सिमनामा अलपत्र परेकालाई उद्धार र भोकले अत्तालिएका श्रमिकलाई राहतभन्दा निराशा पैदा गर्ने गरी कार्यक्रम आएकाले कार्यक्रमलाई पुनर्लेखन र संशोधनको आवश्यकता परेको भनी संशोधन प्रस्ताव पेश गर्नुभयो।

सोही पार्टीका जितेन्द्रनारायण देवले देश आर्थिक शिथिलताको अवस्था र खाद्यान्न अभावको सङ्केत गरिरहेको बेला कोभिड-१९ नियन्त्रण, खाद्य अभाव हुन नदिन तथा कृषिका माध्यमबाट अर्थतन्त्रलाई बलियो तुल्याउनेजस्ता ठोस कार्यक्रमलाई प्राथमिकीकरण गर्नुपर्नेमा अनावश्यक पट्यार लाग्दो नीति तथा कार्यक्रम ल्याइएको भनी संशोधन प्रस्ताव प्रस्तुत गर्नुभयो।

नेपाली काँग्रेसकै उमेशजङ्ग रायमाझीले 'नीति तथा कार्यक्रममा स्वास्थ्य कोभिड-१९ को समयमै परीक्षण गरिएको भए सुत्केरी महिलाले ज्यान गुमाउनुपर्ने अवस्था आउँदैनथ्यो' भन्नुभयो।

समाजवादी पार्टीका सांसद प्रमिला कुमारीले खाद्यलगायत अत्यवश्यक उपभोग्य वस्तुको सहज उपलब्धता र कोभिड-१९ जोखिम नियन्त्रणमा पहिलो पङ्क्तिमा रहेर काम गर्नेलाई प्रोत्साहन गर्न सुविधा र बीमालगायतका विषय कार्यक्रममा समेट्न सुझाव दिनुभयो।

नीति तथा कार्यक्रममा भनिएको छ, 'महामारीका कारण रोजगारी गुमाएका श्रमिक, साना किसान, असाय व्यक्ति तथा विपन्न वर्गका परिवारलाई लक्षित गरी स्वास्थ्य शिक्षा, सीप विकास तालिम र रोजगारी एवं आयआर्जनसम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिने छ।' नेपाली काँग्रेसकै प्रकाश पन्थले सरकारले प्रस्तुत कार्यक्रम फोकस नभएको प्राथमिकता निर्धारण गर्न नसकेको आरोप लगाउँदै कोभिड नियन्त्रणका लागि प्राथमिकीकरण सुझाव दिँदै संशोधन प्रस्ताव प्रस्तुत गर्नुभयो।

राष्ट्रिय जनता पार्टीका शेखरकुमार सिंहले लिखित संशोधन प्रस्तुत गर्दै संविधान संशोधन, कोभिड-१९ पीडितलाई भइरहेको राहत प्रदानमा सुधार ल्याउन, सरकारी काम र खर्चलाई पारदर्शी तुल्याउन, सुनकोशी कमला सिँचाइ आयोजना सञ्चालन गर्न तथा कृषकलाई समयै मल खाद्य उपलब्ध गराउन सुझाव दिनुभयो।रासस

# विशाखापटनम औद्योगिक दुर्घटनाले सिकाएको पाठ

**कृष्ण अधिकारी(रासस)**

काठमाण्डु । औद्योगिकीकरणको विस्तारसँगै यसको सुरक्षामा ध्यान नदिँदा हुनसक्ने दुर्घटनाले जनधनको क्षति तथा वातावरणीय र जनस्वास्थ्यमा पार्ने असरको मूल्य निकै महंगो पर्न जाने गर्दछ । यसको पछिल्लो उदाहरण भारतको आन्ध्र प्रदेश राज्यस्थित भाइजाग, विशाखापटनममा एल.जी. पोलीमर्स उद्योगबाट स्टाइरिन ग्यास चुहिँदा भएको दुर्घटनालाई लिन सकिन्छ । यस घटनालाई विश्वका धेरै सञ्चार माध्यमहरूले पनि प्रमुखताका साथ प्रकाशन र प्रशारण गरेका थिए ।



यही मे ७ तारिखको बिहान करीब २.३० बजे भएको सो घटनामा परी कम्तीमा १२ जनाको मृत्यु भएको छ भने एक हजार जनालाई अस्पताल भर्ना गरिएका थियो । बेहोस अवस्थामा अस्पतालमा भर्ना गरिएका तीमध्ये धेरैको अवस्था गम्भीर रहेको बताइएको छ । कोरोना भाइरस नियन्त्रण गर्न भन्दै लगाइएको लकडाउनका कारण २४ मार्चपछि पहिलो पटक यो उद्योग खोलिएका बेला दुर्घटना भएको थियो ।

उद्योगबाट निस्केको ग्यासको मुस्लो तीन किलोमिटर वरिपरिसम्म फैलिएको थियो । मानिसहरूलाई आँखा पोलेको र सास फेर्न गाह्रो भएको थियो भनी केहीको निस्सासिएर मृत्यु भएको थियो । दुर्घटनामा परी थुप्रै घरपालुवा जनावरहरू गाई, भैंसी, कुकुर, बिरालो, चरा, सर्पहरू मरेका थिए भने विषाक्त ग्यासबाट अन्नबाली तथा वातावरण, हावा, खानेपानीको स्रोतमा पनि नकारात्मक असर पुऱ्याएको छ ।

यस पोलिमर फ्याक्ट्रीबाट चुहिएको स्टाइरिन ग्यास पोलिस्टिरिन प्लास्टिक र रेजिन बनाउन प्रयोग गरिन्छ । स्टाइरिन ग्यास रङ्गविहीन अथवा धेरै दिन राख्दा हल्का पहेँलो हुन्छ । यो १७ डिग्री सेल्सियसमा उम्लिन सक्ने अति प्रज्ज्वलनशील हुन्छ ।

यी तत्वबाट खानेकुरा राख्ने भाँडाहरू, सामान पोको पार्न आवश्यक प्लाष्टिक, कृत्रिम मार्बल, भूईंमा ओच्छ्याउने बस्तु, फर्निचर लगायत बनाउन सकिन्छ । यो ग्यास सामान्यतः रेफ्रिजरेटरमा राख्ने गरिन्छ । स्टाइरिनयुक्त हावामा श्वासप्रश्वास गर्दा नाक र घाँटीमा खसखस हुने, खोकी लाग्ने, दम आउने र फोक्सोमा पानी जम्न सक्ने विशाखापटनमस्थित होमिभावा क्यान्सर हस्पिटल एण्ड रिसर्च सेन्टरका संस्थापक निर्देशक डा रघुनाथा राव बताउनुहुन्छ ।

स्टाइरिनको मात्रा बढी भयो भने स्टाइरिन बिमार हुन सक्छ । यसले टाउको दुख्ने, वाकवाकी लाग्ने, वान्ता आउने, कमजोरी महसुस हुने, थकाइ लाग्ने, अचेत जस्तो हुने हुन्छ । केहीलाई मुटुको चालमा अनियमितता हुन सक्छ र बेहोस पनि हुन सक्छ । केही अध्ययनले स्टाइरिन र रक्त क्यान्सरबीच सम्बन्ध हुनसक्ने देखाएको उहाँको भनाइ छ । विश्व स्वास्थ्य संगठन र क्यान्सरसम्बन्धी अनुसन्धान गर्ने अन्तर ष्ट्रिय संस्था (आइएआरसी) को अनुसार स्टाइरिन ग्यास मानवको लागि सम्भाव्य क्यान्सर लगाउन सक्ने रसायनको रूपमा पहिचान भैसकेको रसायन हो ।

घटनाको लगत्तै कोरियामा यसबारेमा पत्रकार सम्मेलन गरी आगामी दिनमा यसखालका दुर्घटना हुन नदिन उच्च सतर्कता अपनाउनु पर्नेमा जोड दिइएको त्यहाँको केबिसी टेलिभिजनले समाचार प्रशारण गरेको थियो । यस्तै कार्यस्थलको सुरक्षा, सरसफाइ र कामदार हरूको अधिकारका क्षेत्रमा कार्यरत व्यावसायिकजन्य स्वास्थ्य र वातावरण प्रभावित संस्थाहरूको एशिया सन्जालले आयोजना गरेको वेभनर पत्रकार सम्मेलनमा कोरियाका सियोल विश्वविद्यालयको स्कुल अफ पब्लिक हेल्थका प्रा डोम योङ पिकले यस किसिमका औद्योगिक दुर्घटनाहरू हुन नदिन सरकारहरूले विशेष कानूनी व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो ।

सञ्जालका संयोजक तथा जनस्वास्थ्य तथा वातावरण प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक रामचरित्र साहले यस उद्योगमा भएको दुःखद् घटनाबाट अन्य उद्योगहरूमा पनि बन्दाबन्दीको दौरान वा खुलेपछि उद्योगहरू सञ्चालनमा ल्याउनु अगाबै सबै सम्बन्धित पक्ष र सरकारले पूर्ण साबधानीहरू र सबैखाले व्यावसायजन्य सुरक्षा र स्वास्थ्य एवं व्यक्तिगत सुरक्षा कवचहरूको व्यवस्था मिलाउन जरुरी रहेको बताउनुभयो ।

एल.जी. पोलीमर रासायनिक उद्योगबाट ग्यास चुहावट हुँदा कुनै सूचना वा साइरन बजाउने काम भएको थिएन । तथापि, लगत्तै सबै आपतकालीन सेवा निकाय दुर्घटनास्थल पुगेको र घाइतेहरूलाई तत्काल अस्पताल लैजान सकेका कारण अझ ठूलो क्षति हुन पाएको थिएन । ग्यास फैलिएपछि स्थानीय बासिन्दा आत्तिँदै घर बाहिर भागदौड गरेका थिए । प्रहरीले आसपासका इलाकाबाट सैयौं मानिसलाई सुरक्षित स्थानमा लगेको थियो । घटना लगत्तै उद्योग वरपरका पाँच गाउँ खाली गराइएको स्थानीयवासी नागेश्वर रावले पत्रकार सम्मेलनमा बताउनुभयो । मे ८ मा नेशनल ग्रीन ट्रिबुनलले ६.६ मिलियन अमेरिकी डलर धरौटी राखी अनुसन्धानका लागि समिति बनाएर अनुसन्धान गर्न आदेश दिएको बिबिसी हिन्दीले जनाएको थियो । सन् १९६१ मा स्थापना भएको एलजी पोलिमर इण्डिया प्रालि नामक यस कम्पनि पछि कोरियाको कम्पनीअन्तर्गत सञ्चालित रहँदै आएको छ । हाल यस कम्पनिमा ६०० भन्दा बढी कामदार रहेका छन् । यसको वार्षिक कारोवार २०० मिलियन डलर हुने गर्दछ ।

**महाविपत्तिको ३५ वर्षपछि भोपाल**

भारतमा पटक पटक यस किसिमका ग्यास चुहावटका दुर्घटना हुने गरेको छ । सन् १९८४ मा भारतको मध्यप्रदेशको भोपालमा यस्तै दुर्घटना भएको थियो । युनियन कार्बाइड इण्डिया लिमिटेड नामक एउटा कारखानाबाट ठूलो मात्रामा रासायनिक पदार्थ चुहावट भएर हजारौं मानिसको मृत्यु भएको थियो । युनियन कार्बाइडको कारखानाबाट विषालु ग्यास हावामा फैलिएपछि २४ घण्टाभित्र कम्तीमा तीन हजार जनाको ज्यान गयो भने हजारौं मानिसको त्यसपछि पनि मृत्यु भएको थियो । पाँच लाखभन्दा बढी मानिस प्रत्यक्षरूपमा प्रभावित बनेको विषयलाई विभिन्न समाचार एजेन्सीहरूले आफ्नो समाचारहरूमा उल्लेख गरेका थिए । उक्त चुहावटलाई संसारकै सबैभन्दा ठूलो र नराम्रो औद्योगिक दुर्घटना मानिन्छ । दुर्घटना भएको ३५ वर्षपछि पनि हजारौं मानिसलाई फोक्सोको रोग लाग्ने गरेको छ भने अझै सोही दुर्घटनाको असरका कारण अपाङ्गता भएका बच्चाहरू जन्मिने गरेको पीडितहरूले बताउने गरेका छन् ।

सन् १९८९ मा भारतको सर्वोच्च अदालतले पीडितहरूलाई क्षतिपूर्ति उपलब्ध गराउन आदेश दिएको थियो । तर धेरै पीडितले थप क्षतिपूर्तिको आशा र उक्त स्थानको सफाइ हुनुपर्ने माग अहिले पनि राख्दै आएका छन् । गत वर्ष उक्त दुर्घटना भएको ३४औं वर्ष पुगेको अवसरमा न्यायको माग राख्दै भोपालमा ठूलो जुलुस निकालिएको थियो ।

भोपाल दुर्घटनापछि भारतले विभिन्न ऐन नियमहरूको तर्जुमा गरी औद्योगिक तथा रासायनिक दुर्घटनाबाट बच्न विशेष जोड दिएको पाइन्छ । सन् १९८६ मा वातावरण संरक्षणसम्बन्धी ऐन तथा नियमावली, सन् १९८९ मा जोखिमपूर्ण फोहरसम्बन्धी नियम र जोखिमपूर्ण रसायनको उतपादन, भण्डारण र निर्यातसम्बन्धी नियम, सन् १९९६ मा रसायनिक दुर्घटना नियम, सन् १९८७ मा उद्योग संशोधन ऐन र सन् १९९१ मा सार्वजनिक दायित्व वीमा ऐनको तर्जुमा गरेको पाइन्छ । यति धेरै कानूनहरूमा औद्योगिक दुर्घटनाको न्यूनीकरणका लागि आवश्यक कानूनी आधार भएर पनि विशाखापटनममा अहिले भएको दुर्घटनाले त्यसको कार्यान्वियनका कतै कमजोरी रहेको प्रष्ट हुन्छ ।

**औद्योगिक सुरक्षाको प्रश्न**

भारतमा मात्र नभएर विश्वका थुप्रै मुलुकहरूमा यस किसिमका दुर्घटनाहरू हुने गर्दछन् । यसखालका औद्योगिक सुरक्षा हुन नदिन र भइहालेमा पनि क्षति हुन नदिन पछिल्लो समय विश्वव्यापीरूपमै उच्च सतर्कता अपनाइएको छ । उद्योग स्थापनादेखि त्यसको नवीकरण गर्दा वा समयसमयमा व्यवस्थापन पक्ष र सरकारी निकायहरूबाट अनुगमन मूल्यांकन हुने गरेका कारण अप्रिय दुर्घटनामा कमी आएको छ । उद्योग कारखानाहरूले पनि निश्चित मापदण्ड अपनाउनु पर्ने हुन्छ । मुलुकको आर्थिक विकासका लागि औद्योगिकीकरण हुन आवश्यक छ र त्यहाँ कार्यरत मजदूरहरूको सुरक्षा र वातावरणीय स्वच्छता कायम गर्न राज्यहरूले आवश्यक कानूनहरूको तर्जुमा र त्यसको कार्यान्वियनमा ध्यान दिनु आवश्यक हुन्छ र ट्रेड युनियनहरूको दायित्व पनि कामदारहरूको सुरक्षित वातावरणमा काम गर्ने अधिकारको रक्षामा आफूलाई केन्द्रित राख्नुपर्ने हुन्छ ।

विशाखापटनमकोयस उद्योगलेराज्यबाट समयसमयमा वातावरणीय र औद्योगिक सुरक्षा कायम गरेको भन्ने प्रमाणपत्र पाउन असफल रहेको थियो । अर्थात उद्योगभित्र आवश्यक पूर्वसावधानीहरू यथेष्ट मात्रामा नअपनाइएका कारण यो दुर्घटना हुन पुगेको बताइन्छ ।

बन्दाबन्दी (लकडाउन) को बेला ग्यास राखेको ट्याङ्कीको तापक्रम नियन्त्रण गर्ने रेफ्रिजेरेसन (चिस्यायने यन्त्र) ले काम नगर्नु, अनुगमन नहुनु र ट्याङ्कीमा रासायनिक प्रक्रिया रोक्न थप्नुपर्ने रसायनहरू समयमा थप्न नसक्नु यो दुर्घटनाको प्रमुख कारणहरू रहेको मानिएको छ । (लेखक राससका कार्यकारी सम्पादक हुनुहुन्छ । यो सामग्री विभिन्न एजेन्सीहरूको सहयोगमा तयार पारिएको हो ।

# विश्वभर ३ लाख १३ हजारको मृत्यु, ४७ लाख बढी संक्रमित

**एएफपी**

जेनेभा । कोरोनाभाइरसका कारण विश्वभर ३ लाख १३ हजारभन्दा बढी व्यक्तिको मृत्यु भएको छ भने संक्रमितको संख्या ४७ लाख २२ हजार नाघेको छ । जोन्स हप्किन्स विश्वविद्यालयका अनुसार नेपाली समयानुसार आइतबार मध्याह्नसम्ममा विश्वभर २४ घण्टाको अवधिमा ९५ हजार ६०० जना नयाँ संक्रमित भेटिएका छन् भने ४ हजार ३६० जनाको ज्यान गएको छ । प्राप्त समाचार अनुसार विश्वभर करिब ४४ हजार ८२९ जनाको स्वास्थ्य अवस्था कोरोनाभाइरसबाट अत्यन्त जटिल रहेको छ भने २५ लाख ५१ हजारको स्वास्थ्य अवस्था सामान्य छ ।



युरोपेली मुलुकहरूमध्ये कोरोनाभाइरसबाट बेलायतमा सबैभन्दा बढी व्यक्तिको मृत्यु भएको छ । पछिल्लो विवरण अनुसार बेलायतमा ३४ हजार ४६६ जनाको कोरोनाभाइरसका कारण मृत्यु भइसकेको छ ।

संयुक्तराज्य अमेरिकामा मृत्युदरमा उतारचढाव यथावत छ । पछिल्लो २४ घण्टामा अमेरिकामा १ हजार २१८ जनाको मृत्यु भएको छ । योसहित अमेरिकामा मृत्यु भएका व्यक्तिको कूल संख्या ९० हजार ११३ पुगेको छ । कोरोनाभाइरसबाट सर्वाधिक दैनिक मृत्युदर रहेका इटाली, स्पेन र फ्रान्समा २४ घण्टाको अवधिमा अघिल्लो दिनको भन्दा सामान्य रहेको छ ।

विगत २४ घण्टामा इटालीमा १५३, स्पेनमा १०४ र फ्रान्समा ९६ जनाको ज्यान गएको छ । दक्षिण अमेरिकी देशहरूमध्ये कोरोनाभाइरसको इपिसेन्टरका रूपमा देखिएको ब्राजिलमा १५ हजार ६३३ जनाको मृत्यु भइसकेको छ । विगत २४ घण्टामा ब्राजिलमा ८१६ जनाको ज्यान गएको छ ।

# यमनको पछिल्लो हिंसामा १४ जना सरकारी सैनिकको मृत्यु

**एएफपी**

दुबई । गृहयुद्धको चपेटामा रहेको यमनमा शनिबार १४ जना विद्रोही लडाकूको ज्यान गएको छ । सरकार समर्थित फौज र पृथकतावादी समूहबीच छ दिनदेखि दक्षिणी प्रान्त अब्यानमा जारी युद्धका क्रममा पछिल्लो घटना भएको हो ।

यमनको दक्षिणी क्षेत्रलाई अलग्याउने उद्देश्यसाथ लडिरहेको साउदर्न ट्रान्जिसनल काउन्सिल (एसटिसी) समर्थित पृथकतावादी फौजले सरकार समर्थित फौजको डटेर सामना गरिरहेको जनाएको छ । सरकारी फौजले दक्षिणको मुख्य शहर एडेनबाट करिब ६० किलोमिटर दक्षिणस्थित जिन्जिबारको बाहिरी इलाकालाई लक्षित गरी आक्रमण गरिरहेको छ । एक जना सरकारी सैन्य अधिकारीले नाम नबताउने शर्तमा एएफपीलाई आफ्ना तर्फका १४ जना लडाकू मारिएको बताउनुभयो । सरकारी सैनिक मारिएको बारेमा पृथकतावादी सैनिक स्रोतले पनि पुष्टि गरेको छ । उनीहरूले सरकार समर्थित ४० जना सैनिकलाई कब्जामा लिनुका साथै ठूलो परिमाणमा हातहतियार बरामद गरेको बताएका छन् । पृथकतावादी एक जना कमान्डरले सरकारी फौज जिन्जिबार नगरको भित्री भागमा पस्न नसकेको जानकारी दिनुभयो । गत अप्रिल २६ मा यमनको दक्षिणी क्षेत्रलाई पृथकतावादी समूहले स्वशासन घोषणा गरेपछिको यो पहिलो भिडन्त हो ।

दक्षिणी क्षेत्रमा शुरु भएको भिडन्तले राजधानी साना सहित उत्तरी क्षेत्रमा कब्जा जमाएको इरान समर्थिक हुथी विद्रोही र साउदी अरेबिया समर्थित सरकारबीच जारी भिडन्तलाई थप जटिल बनाएको छ । सरकार र दक्षिणमा सक्रिय एसटिसी प्राविधिक रूपमा हुथी विरुद्धको लामो युद्धमा सँगै छन् । तर पृथकतावादी समूह एसटिसी र साउदी समर्थित सरकारबीच पुनः फाटो आएको छ ।

सरकार र एसटिसीबीच गत नोभेम्बरमा रियादमा भएको युद्धविराम र सत्ता सहभागिता सम्बन्धी सम्झौतालाई सरकारले उल्लंघन गरेको भन्दै एसटिसी उक्त सम्झौताबाट अलग्गिएको छ । विगत छ वर्षदेखि जारी गृहयुद्धमा दशौं हजारको मृत्यु भइसकेको छ भने लाखौं मानिस घरबारविहीन भएका छन् । संयुक्त राष्ट्रसंघले यमनको गृहयुद्ध सर्वाधिक दर्दनाक मानवीय संकटपूर्ण घटना भन्दै आएको छ ।

# औषधि प्रयोगबारे राष्ट्रपतिसँगको विवादपछि ब्राजिलका स्वास्थ्यमन्त्रीद्वारा राजिनामा

**एएफपी**

ब्रासिलिया । ब्राजिलियाली स्वास्थ्य मन्त्री नेल्सन तेइचले जिम्मेवारी सम्हालेको एक महिनाभन्दा पनि कम समयमा पदबाट राजीनामा गर्नुभएको छ ।



कोरोनाभाइरसका घटनाहरू देशव्यापीरूपमा व्यापक वृद्धि भएका समय स्वास्थ्यमन्त्रीको राजिनामा आउनुलाई राष्ट्रपति जैयर बोल्सनोरो र स्वास्थ्यमन्त्री तेइचबीच कोरोनाको महामारीलाई व्यवस्थापनगर्नेविषयमादेखिएको विवादका रूपमा व्याख्या गरिएको छ । नेल्सन मन्डेटाको स्थानमा मन्त्री बनाइएका तेइच राजीनामा गर्ने ब्राजिलका दोस्रो स्वास्थ्यमन्त्री हुनुभएको छ ।

"जीवन छनौट मिलेर बनेको छ र मैले आज पदबाट छोड्ने निर्णय लिएको छु" तेइचलाई उद्धृत गर्दै अमेरिकी समाचार संस्था 'द न्यु योर्क टाइम्स' ले लेखेको छ । उहाँले भन्नुभयो, "यस पदमा रहेर काम गर्न म असमर्थ रहेँ तर म देश र जनतालाई पदमा नरहेर पनि सहयोग गर्न सक्छु ।" उहाँले राष्ट्रपति बोल्सनोरोको कडा आलोचना गर्दै भन्नुभयो, "वास्तविकतालाई इन्कार गर्ने राष्ट्रपतिबाट म निराश छु ।"

निवर्तमान् स्वास्थ्यमन्त्रीले ब्राजिल कोभिड-१९ अनुमानित सङ्ख्याको सामना गर्न तयार नरहेको घोषणा गर्दै पद छोड्ने निर्णयलाई सार्वजनिक गर्नुभएको हो । ब्राजिलका जनताको हितका लागि यो तीतो यथार्थ बोल्नु आफ्नो बाध्यता भएको उहाँले बताउनुभयो । तेइचले भन्नुभयो, "बाजिलले धेरै सङ्क्रमण फैलिने अनुमान गरेको छ । थोरै मानिसहरुले रोगको नियन्त्रणका लागि एकान्तमा रहने उपायलाई पालना गरिरहेका छन् । यसबाट आउनसक्ने परिस्थितिको सामना गर्न ब्राजिलको स्वास्थ्य सेवा प्रणाली तयार छैन ।"

एक फेसबुक पोस्टमा निवर्तमान स्वास्थ्यमन्त्री तेइचले भन्नुभयो, "मैले पदका लागि ब्राजिलियाली जनताको स्वास्थ्यप्रति खेलवाड नगर्ने कुरालाई छनौट गरेँ ।"न्यूयोर्क टाइम्सका अनुसार राष्ट्रपति बोल्सोनारो र उहाँका दुबै स्वास्थ्यमन्त्रीबीच मलेरियाविरूद्धको औषधि हाइड्रोक्सिक्लोरोक्वीनलाईकोभिड-१९ को उपचारमा प्रयोग गर्ने बिषयमा विवाद भएको हो । राष्ट्रपतिले उपचारमा उक्त औषधिलाई प्रयोग गनुपर्ने अडान राख्नुभएको थियो भने निवर्तमान स्वास्थ्यमन्त्री तेइच र पूर्वस्वास्थ्यमन्त्री मन्डेटाले यसलाई प्रयोग गर्ननहुने विचार राख्दै आएका थिए ।

ब्राजिल कोरोनाभाइरसको सङ्क्रमणका हिसाबले छैठौं बढी प्रभावित देश हो । शनिबारसम्ममा ब्राजिलमा दुई लाख १८ हजारभन्दा बढी कोरोनाभाइरसबाट सङ्क्रमित भएका छन् भने करिब १५ हजारको मृत्यु भइसकेको छ ।

# चीनमा थप १७ जना सङ्क्रमित उहानमा परीक्षण अभियान

**एएफपी**

बेइजिङचीनमाकोरोनाभाइरसबाट थप १७ जना सङ्क्रमित भएका छन् । कोरोनाभाइरसबाट सङ्क्रमित हुनेहरू थपिने क्रम नरोकिएपछि उहानमा आम परीक्षणलाई अभियानका रूपमा सञ्चालन गरिएको छ ।



कोरोनाभाइरसको उद्गमस्थल समेत मानिने उहानमा केही समय यसको सङ्क्रमण रोकिएको बताइए पनि अहिले फेरि दिनप्रतिदिन सङ्क्रमित हुनेहरूको संख्या थपिदै गएको छ । सरकारी अधिकारीहरूले अहिलेसम्म उहानका मात्रै झण्डै एक करोड दशलाख मानिसमा कोरोनाभाइरसको सङ्क्रमण भए नभएको बारेमा स्वास्थ्य परीक्षण गरिएको छ ।

चिनियाँ राष्ट्रिय स्वास्थ्य आयोगले देशको जिलिन प्रान्तमा पनि शनिबार थप पाँच जना सङ्क्रमित भेटिएको जनाएको छ । उनीहरूमध्ये तीन जनालाई स्थानीय सङ्क्रमण भएको आयोगले आइतबार उल्लेख गरेको छ ।

कोरोनाभाइरसबाट सङ्क्रमितहरूको संख्या बढ्दै जान थालेपछि जिलिन शहरमा यसै हप्तादेखि लकडाउन लागु गरिएको छ । शनिबार थपिएकासँगै चीनमा कोरोनाभाइरसबाट सङ्क्रमित भएकाहरूको कुल संख्या ८२ हजार ९४७ पुगेको छ । स्वास्थ्य अधिकारीहरूका अनुसार कुल सङ्क्रमितमध्ये अहिले पनि उपचाररत अवस्थामा ८६ जना छन् भने अरु ७८ हजार २२७ जना सङ्क्रमणमुक्त भएर घर फर्किएका छन् ।

चीनमा कोरोनाभाइरसबाट सङ्क्रमित भएर अहिलेसम्म चार हजार ६३४ जनाको मृत्यु भएको छ । चीनमा गत डिसेम्बरको अन्तिम साता पहिलो पटक कोरोनाभाइरसको सङ्क्रमण देखिएको थियो । त्यही सङ्क्रमण फैलिदै गएर अहिले संसारभरी पुगेको विश्वास गरिन्छ ।

# भारतमा ९० हजार कोरोना संक्रीमित, एकै दिन भेटिए ५ हजार

**एएफपी**

नयाँदिल्ली । भारतमा आइतबार बिहानसम्म कोरोनाभाइरसका संक्रमितका संख्या ९० हजार नाघेको छ । विगत २४ घण्टाको अवधिमा भारतमा झण्डै पाँच हजार नयाँ संक्रमित भेटिएका छन् ।

भारतको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका अनुसार भारतमा हाल ५३ हजार ९४६ जनामा कोरोनाभाइरसको संक्रमण रहेको छ । भारतमा कूल २ हजार ८७२ जनाको कोरोनाभाइरसको संक्रमणबाट मृत्यु भइसकेको छ ।

करिब ३४ हजार १०८ जना निको भएर डिस्चार्ज भएका छन् । विगत २४ घण्टाको अवधिमा झण्डै ४ हजार मानिस निको भएर अस्पतालहरूबाट डिस्चार्ज भएको पनि मन्त्रालयले जनाएको छ । भारतीय राज्य महाराष्ट्रमा ३० हजार ७०६ जनामा कोरोना देखिएको छ ।

# इटलीद्वारा जुनदेखि यात्रा अनुमति दिने

**एएफपी**

रोम । इटलीले आगामी महिनादेखि विदेश जान र आउनका अनुमति दिने घोषणा गरेको छ । स्थानीय समय अनुसार शुक्रबार राति इटालीको मन्त्रिपरिषद्को निर्णयमा इटाली भित्रको यात्रामा पनि प्रतिबन्ध हटाइनेछ ।

बासिन्दालाई फेरि एकपटक स्वतन्त्र रुपमा एक क्षेत्रबाट अर्को स्थानमा जान पाउने अनुमति दिइनेछ । मे १८ मा अन्त्य हुने गरी अवागमनमा लगाएको प्रतिबन्धहरू १२ हप्ताभन्दा पछि हटाइनेछ । इटली युरोपमा फैलिएको कोरोनाभाइरसको प्रकोपको केन्द्रबिन्दु बनेको थियो । सङ्क्रमण नियन्त्रणका लागि यसले युरोपमा सबैभन्दा कडा मानिएको अनावश्यक यात्रामा प्रतिबन्ध लगाउँदै आन्तरिक तथा बाह्य सिमाना बन्द गरेको थियो ।

जसको शुरूमा यूरोपेली मुलुकहरूमा आलोचना पनि भएको थियो तर इटलीले बन्दाबन्दी नै सङ्क्रमण रोक्ने उत्तम उपाय रहेको ठहर गर्दै लामो समयसम्म आवागमन तथा व्यापारिक गतिविधिमा समेत रोक लगाएको थियो ।

इटालीले पहिलो पटक मार्च १० मा लागू भएको घरेलु लकडाउनका सर्तहरू बिस्तारै सहज गर्दै गएको छ ।

# नवौं राष्ट्रिय खेलकूद प्रतियोगिता अन्योलमै

कास्की । नीति तथा कार्यक्रममा यसपटक खेलकूदलाई कम प्राथमिकता दिइएको गुनासासँगै फागुनमा गण्डकी प्रदेशमा तय भएको नवौं राष्ट्रिय खेलकूद प्रतियोगिताबारे केही उल्लेख नहुँदा तोकिएको मितिमा आयोजना हुनेमा आशङ्का शुरु भएको छ । यसअघि खेलकूदका महत्वपूर्ण प्रतियोगिता सरकारले वार्षिक कार्यक्रममा समावेश गर्थ्यो ।

गत वर्ष वैशाखमा प्रदेश नं ५ को बाँकेलगायत जिल्लाहरूमा सम्पन्न आठौं राष्ट्रिय खेलकूदपछि नवौंको जिम्मा गण्डकी प्रदेशले पाएको थियो । प्रतियोगिता समापनका अवसरमा आगामी संस्करण आयोजनाको झण्डा बोकेर गण्डकीको टोली पोखरा आएको थियो । मिति तय नभए पनि आगामी फागुनमा राष्ट्रिय खेलकूद आयोजना गर्ने भन्ने उल्लेख थियो ।

नेपाली खेल क्षेत्रको कुम्भ मेला राष्ट्रिय खेलकूद सरकारले हरेक दुईदुई वर्षमा आयोजना गर्छ । विसं २०३८ देखि राष्ट्रिय खेलकूद गर्न शुरु गरिएको हो । कहिले नियमित तथा कहिले लामो अन्तरालमा प्रतियोगिता हुँदै आएकामा विसं २०७३ मा प्रदेश नं १ मा सातौं संस्करण आयोजनापछि विसं २०७५ मा आठौं आयोजना गरियो ।

आगामी वर्षको कार्यक्रममा राष्ट्रिय खेलकूदबारे उल्लेख नहुँदा खेलकर्मी, खेलाडी तथा खेल सङ्घसमेत अन्योलमा छन् । कोभिड-१९ को सङ्क्रमण रोक्न देशव्यापी आह्वान गरिएको बन्दाबन्दीले खेल क्षेत्रसमेत प्रभावित बनेको छ । प्रस्तुत नीति तथा कार्यक्रममा स्थानीय, राष्ट्रिय र अन्तरराष्ट्रिय प्रतियोगितामा सहभागी भई पदक प्राप्त गर्न सक्ने गरी खेलाडीको क्षमता विकास गरिने तथा स्थानीय, प्रादेशिक तथा राष्ट्रियस्तरमा सुविधासम्पन्न खेलकूद पूर्वाधारको निर्माण, स्तरोन्नति तथा उच्च पर्वतीय खेलकूद तालीम केन्द्र स्थापना र निजी क्षेत्रबाट निर्माण गरिएका खेल पूर्वाधार निर्माणलाई प्रोत्साहन गरिनेछ भन्नेबाहेक अन्य विषय समेटिएका छैनन् ।

खेलकूदका राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रतियोगिता तथा खेल पूर्वाधार निर्माण अहिले रोकिएको छ । आंशिक रूपमा केही पूर्वाधार निर्माण भइरहे पनि अधिकांश काम ठप्प छ । रासस

# चेम्बरले दियो सरकारलाई बजेटसम्बन्धी सुझाव

काठमाण्डु । नेपाल चेम्बर अफ कमर्शले आगामी आर्थिक वर्षको बजेटमार्फत नेपाललाई आत्मनिर्भर बनाउन योजनाबद्ध कार्यक्रम ल्याउनुपर्ने र कोरोनाका कारण अर्थतन्त्रमा परेको असरलाई कम गर्दै पुनरुत्थानमा केन्द्रित गर्न सरकारलाई सुझाव दिएको छ । चेम्बरका उपाध्यक्ष कमलेशकुमार अग्रवालले आज राजश्व सचिव रामशरण पुडासैनीलाई एक सुझावपत्र बुझाउँदै कोरोना असर कम गरी मुलुकको समग्र अर्थतन्त्रलाई पुराने गतिमा लैजान आग्रह गर्नुभएको हो ।

कोरोनाका कारण वैदेशिक रोजगारीमा गएकामध्ये कति घर फर्किएलान् र फर्किए तथा तीनलाई कसरी व्यवस्थापन गर्ने भन्ने विषय आफैँमा चुनौतीपूर्ण रहेको भन्दै चेम्बरले आर्थिक क्षेत्रमा यसको सिधा असर बैंकमा तरलता अभाव र विदेशी विनियम सञ्चितिमा पर्ने देखिएको जनाएको छ । चेम्बरको सुझावमा निर्यात व्यापारलाई मूल्य अभिवृद्धिका आधारमा निर्यात अनुदान दिने नीति अपनाउनुपर्ने, ३० प्रतिशतसम्मको भ्याल्यू अडिसनमा पाँच प्रतिशतका नगद अनुदान दिनुपर्ने उल्लेख गरिएको छ ।

राष्ट्र बैंकको पुनःकर्जालाई अधिकतम वृद्धि गरी प्रभावित क्षेत्रको अवस्थाका आधारमा सबै प्रकारका साना घरेलु, मझौला तथा ठूला उद्योगलगायत निर्यात तथा अन्य व्यावसायिक क्षेत्रलाई समेत दीर्घकालीन कर्जा उपलब्ध गराउनुपर्ने र प्याकेजको आकार कूल गार्हस्थ्य उत्पादनको पाँच प्रतिशतभन्दा कम हुन नहुने जनाएको छ । ॠण भएका ऊर्जाका आयोजनालाई पुनरुत्थान गर्न पाँच प्रतिशत ब्याजदरमा ऋण सुविधा उपलब्ध गर्नुपर्ने, आन्तरिक पर्यटनतर्फ कोरोनाको प्रभाव कम हुनेबित्तिकै अघि बढाउनु आवश्यक रहेकाले सरकारले अनिवार्यरूपमा वर्षको एकपटक निजामती तथा सङ्गठित संस्थाका कर्मचारी र आमनागरिकलाई प्रोत्साहन प्याकेजसहित आन्तरिक भ्रमणका लागि प्रेरित गर्न सुझाव दिइएको छ ।रासस

## मन्त्री पुनद्वारा सहयोग रकम हस्तान्तरण

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनले निजी क्षेत्रमार्फत प्राप्त रु एक करोड करोड ११ लाख, ११ हजार १११ बराबरको आर्थिक सहयोग प्रधानमन्त्री कार्यालयअन्तर्गतको कोरोना भाइरस रोकथाम, नियन्त्रण तथा उपचारका लागि गठित राहत कोषमा हस्तान्तरण गर्नुभएको छ ।

मन्त्री पुनले प्रधानमन्त्री कार्यालयका सचिव नारायणप्रसाद बिडारीलाई ऊर्जा मन्त्रालयमा आयोजित एक कार्यत्रममा उक्त रकमबराबरको चेक हस्तान्तरण गर्नुभएको हो । त्यस क्रममा मन्त्री पुनले कोषमा जम्मा भएको रकम महामारी रोकथाम तथा नियन्त्रणका लागि आवश्यक परेका पालिकामा पठाउने कार्य शुरु गर्न सुझाव दिनुभयो ।

सचिव बिडारीले हालसम्म कोषमा रु दुई अर्ब २६ करोड जम्मा भइसकेको जानकारी दिनुभयो । उहाँले माग भई आएको अवस्थामा कोषबाट पालिकामा रकम पठाउन सकिने बताउनुभयो । हालसम्म केही पालिकाले मौखिकरूपमा रकम माग गरेको भन्दै उहाँले तालुकदार सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयमार्फत कोषको रकम माग गर्न सक्ने स्पष्ट गर्नुभयो । रासस

## आफ्नै लगानी आफ्नै उत्पादन

चितवन । गैँडाकोट नगरपालिकाले बाँझो जमिन खोजेर आफैँ खेती गर्ने भएको छ । नगरपालिकाका वडा कार्यालयमार्फत बाँझो जग्गाको खोजी गरी आफ्नै लगानी आफ्नै उत्पादन अभियान शुरु गर्न लागिएको हो ।

नगरपालिकाका प्रमुख छत्रराज पौडेलका अनुसार कार्यपालिकाको बैठकबाट निर्णय गरी काम अघि बढाइएको छ । वडा कार्यालयले पाँच कठ्ठाभन्दा बढी बाँझो छोडिएको जमिनको तथ्याङ्क सङ्कलन गर्न शुरु गरेका छन् । यसलगत्तै नगरपालिकाले आफ्नै लगानीमा स्थानीय मजदुरलाई रोजगारी दिएर खेती गर्न शुरु गर्ने छ । उत्पादित वस्तुहरू प्रचलित बजार मूल्यमा बिक्री गर्ने गरी व्यवस्थापन गरिने उहाँले जानकारी दिनुभयो ।

पहिलो चरणमा ४० बिघा जमिन हाराहारीमा खेती गर्ने तयारी गरिएको छ । सोपश्चात यसको प्रभावकारितालाई हेरेर थप जग्गाको खोजी गरिने छ । पूर्णरूपमा बाँझो जग्गामा खेती गर्दा चार हजार हाराहारीले रोजगारी पाउने पौडेलको भनाइ छ । सम्बन्धित जग्गाधनीले खेती नगरी बाँझो राखेमा सो जग्गामा नगरपालिकाले खेती गर्ने भएको हो । जग्गाको पहिचान गरी नगरपालिकाले सिँचाइ नभएका ठाउँमा सिँचाइको व्यवस्थापन गरी खेती गर्ने छ ।

नगरपालिकाले कृषि फार्म, पशुपालनजस्ता कार्यमा अनुदान दिँदै आएको छ । नेपालकै नमूना नगर बनाउन बाँझो जमिन राखेर सम्भव नहुने पौडेलले बताउनुभयो । उहाँका अनुसार देशभरमै सबैभन्दा बढी दूध उत्पादन हुने नगर गैँडाकोट हो । गैँडाकोट नगरपालिकामा १८ वडा रहेका छन् । हाल नगरपालिकाको जनसङ्ख्या ६५ हजार रहेको छ । लकडाउनका कारण देशमै खाद्य सङ्कट निम्तन सक्ने भन्दै समयमै सावधानी अपनाउन लागिएको हो ।

**नगरपालिकाले कर्मचारीको कोरोना बीमा गर्ने**

गैँडाकोट नगरपालिकाले स्वास्थ्य, सरसफाइ कर्मचारी र सवारी चालकको कोरोना बीमा गर्ने भएको छ । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामप्रसाद आचार्यका अनुसार ६० जना कर्मचारीको बीमा गर्ने प्रक्रिया अघि बढेको छ ।

प्रतिव्यक्ति रु ६०० तिरेर बीमा गरेपछि कोरोना पोजेटिभ देखिएमा सम्बन्धित कर्मचारीले बीमा कम्पनीबाट रु एक लाख प्राप्त गर्नेछन् । नगरप्रमुख पौडेलले जोखिममा काम गरेका कर्मचारीलाई सङ्क्रमण भइ हालेमा केही राहत प्राप्त होस् भन्ने उद्देश्यले बीमा गर्न लागिएको बताउनुभयो । रासस

# व्यवसायीको प्रश्न : 'पर्यटन उद्योग र मजदुर बचाउने कार्यक्रम खै ?'

काठमाण्डु । सरकारले कोभिड-१९ बाट थलिएको मुलुकको पर्यटन पुनरुत्थान र दिगो पर्यटनको कार्यक्रमलाई विशेष प्राथमिकता दिने लक्ष्यसहित आगामी आर्थिक वर्ष २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ ।

राष्ट्रपति विद्यादेवी भण्डारीले यही जेठ २ गते सङ्घीय संसद्को दुवै सदनमा संयुक्तरूपमा प्रस्तुत गर्नुभएको सरकारको नीति तथा कार्यक्रममा पर्यटन क्षेत्रमा कोभिड-१९ ले पारेको प्रभाव र बाह्य कारणले समेत पर्यटनमा पारेको प्रभावको अध्ययन गरी पर्यटन पुनरुत्थानलगायत दिगो पर्यटनका कार्यक्रम कार्यान्वियन गरिने उल्लेख छ ।

कोभिड नियन्त्रणका लागि सरकारले मुलुकभर लागू गरेको बन्दाबन्दीको अवस्थामा मुलुकको पर्यटन उद्योगमा नराम्ररी असर परेको छ । कोभिडले आक्रान्त पारेको पर्यटन उद्योगलाई प्रोत्साहन गर्न र त्यसमा आबद्ध लाखौँ श्रमिकको भविष्यलाई सम्बोधन हुने गरी सरकारले नीति तथा कार्यक्रममा विशेष राहत प्याकेज ल्याउने पर्यटन व्यवसायीको अपेक्षा थियो ।

हवाई पूर्वाधार तथा ग्रामीण पर्यटन पूर्वाधारमा राम्रा कुरा आए पनि कोभिडपछिको आन्तरिक पर्यटन प्रवर्द्धन र पर्यटन व्यवसायीलाई प्रोत्साहन गर्ने गरी नीति तथा कार्यक्रम नआएको व्यवसायीले प्रतिक्रिया दिएका छन् । यद्यपि नीति तथा कार्यक्रममा छुटेका पर्यटन क्षेत्रको विषय आगामी आर्थिक वर्षको बजेटमा समेटिने उनीहरूको विश्वास छ ।

ट्रेकिङ एजेन्सीज एशोसिएसन अफ नेपाल (टान) का अध्यक्ष खुमबहादुर सुवेदीले व्यवसायीको अपेक्षित विषय नीति तथा कार्यक्रममा प्रष्ट नभएको भन्दै आगामी बजेट कार्यक्रममा समेटिने विश्वास व्यक्त गर्नुभयो । "पर्यटन उद्योगी व्यवसायीलाई उत्साहित गर्ने कार्यक्रम नीति तथा कार्यक्रममा प्रष्ट आएको छैन तर पनि अहिले नसमेटिएका विषय बजेटमा पर्ने अपेक्षा गरेका छौं", उहाँले भन्नुभयो ।

अध्यक्ष सुवेदीले कोभिडले थलिएको पर्यटनलाई उकास्न सरकारले कम्तीमा छ महिनादेखि एक वर्षको राहतका प्याकेज ल्याउनुपर्ने बताउनुभयो । नेपालमा पदयात्रा र पर्वतारोहण गरी झण्डै एक हजार ८०० संस्था छन् । यिनमा रु १५ अर्बभन्दा बढीको लगानी छ । सरकारले पर्यटन पुनरुत्थान र दिगो पर्यटनलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने नीति लिएको छ । सन् २०२० मा २० लाख पर्यटक भित्र्याउने लक्ष्य कोभिड-१९ का कारण स्थगन गर्न बाध्य भएको नीति तथा कार्यक्रममा उल्लेख छ ।

टानका पूर्वअध्यक्ष नवराज दाहालले नीति तथा कार्यक्रममा हवाई क्षेत्रमा बढी नै कार्यक्रम आए पनि पर्यटन क्षेत्रमा ठोस कार्यक्रम आउन नसकेको बताउनुभयो । उहाँले



भन्नुभयो, "पर्यटनको मुख्य क्षेत्र पदयात्रा, पर्वतारोहण, ट्राभललगायतलाई कोभिडले आक्रान्त बनाएको पर्यटनलाई उकास्ने गरी ठोस कार्यक्रम नीति तथा कार्यक्रमा आउनुपर्ने हो, अहिले छुटेका विषय बजेटमा सम्बोधन हुनुपर्छ ।"

कोभिडको विश्वव्यापी महामारी कहिलेसम्म नियन्त्रण हुन्छ अहिले नै अनुमान गर्न सकिने अवस्था छैन । त्यसैले अबको एक वर्षसम्म विदेशी पर्यटकको चहलपहल हुँदैन । उक्त अवधिसम्म आन्तरिक पर्यटनलाई चलायमान बनाउन र धराशायी अवस्थामा पुगेको व्यवसायलाई लयमा फर्काई त्यहाँ आबद्ध मजदुर व्यवसायीलाई प्रोत्साहन हुने गरी सरकारले प्याकेज ल्याउनुपर्ने व्यवसायीको भनाइ छ ।

त्यसो त कोभिड-१९ ले मुलुकको पर्यटन उद्योगको प्रमुख क्षेत्र होटल र वायुसेवा कम्पनी बढी मारमा परेको बताइन्छ । यो क्षेत्रमा गरिएको खर्बौं लगानी जोखिममा पर्ने र उद्योगलाई बचाउन चुनौती हुने सरोकारवाला बताउँछन् । होटल व्यवसायीको छाता सङ्गठन होटल एशोसिएसन अफ नेपाल (हान) का प्रथम उपाध्यक्ष विनायक शाहले यसपटकको नीति तथा कार्यक्रमले अहिलेको विषम परिस्थितिमा कोभिडले आक्रान्त तुल्याएको पर्यटन क्षेत्रको पुनरुत्थानलाई प्राथमिकता दिनुपर्ने थियो भन्दै उद्योगलाई कसरी बचाउने भन्ने किटानका साथ नसमेटिएको उल्लेख गर्नुभयो ।

उहाँले पर्यटन पुनरुत्थानको विषय समेटिए पनि सरकारले नै भनेको पर्यटन दशकको कार्यक्रम बजेटमा सम्बोधन भएको खण्डमा पर्यटन क्षेत्रमा सकारात्मक सञ्चार छाउने बताउनुभयो । हानले हाले गरेको एक सर्वेक्षणअनुसार होटल उद्योगमा रु १० खर्बभन्दा बढी लगानी रहेको छ । करिब सात लाख कर्मचारी आबद्ध छन् । बन्दाबन्दीको अवस्थामा अर्बौंको क्षति भएको व्यवसायीले बताएका छन् । नेपाल पर्यटन बोर्डले बन्दाबन्दीबाट थलिएको पर्यटन उद्योग उकास्न रु २० अर्बको राहत प्याकेज ल्याउन सरकारलाई सिफारिस गरेको थियो । सरकारी तथ्याङ्कअनुसार मुलुकमा होटलका ४५ हजार शय्या छन् । हानमा आबद्ध पर्यटकस्तरीयदेखि पाँचतारेसम्म गरी तीन हजार होटल छन् ।

त्यसैगरी लगानीका हिसाबले बढी जोखिममा रहेको क्षेत्र हवाई उद्योग हो । वायुसेवा सञ्चालक सङ्घका अनुसार सरकारी स्वामित्वको नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स), हिमालय एयरलाइन्ससहित हवाई क्षेत्रमा रु ११ खर्बको लगानी छ । हवाई पूर्वाधारमा नीति तथा कार्यक्रमले जोड दिए पनि कतिपय विषय व्यावहारिक कार्यान्वयनमा कठिनाइ हुने सङ्घका प्रवक्ता गोगराज कँडेल शर्माले बताउनुभयो । "स्वास्थ्य, शिक्षा, कृषि र ऊर्जालाई राम्रो 'फोकस' गरिए पनि पर्यटन उद्योगकका लागि उत्साहजनक विषय आएको छैन, आशा छ बजेटमा छुटेका कार्यत्रम समावेश हुनेछन्", उहाँले भन्नुभयो ।

मुलुकमा १० हेलिकोप्टर कम्पनीका ३३ हेलिकोप्टर छन् भने नौ जहाज कम्पनीका ४५ वटा जहाज छन् । पर्यटन व्यवसायी राजेन्द्रप्रसाद सापकोटा पनि कृषि र स्वास्थ्यमा जस्तो पर्यटन क्षेत्रमा उत्साहबर्द्धक कार्यक्रम नआएको बताउनुहुन्छ । कोभिडबाट थलिएको अहिलेको शून्य अवस्थाको पर्यटनलाई विशेष प्याकेज ल्याएर व्यवसायी र मजदुर बचाउनेतर्फ सरकारको ध्यान जानुपर्ने उहाँले बताउनुभयो ।

आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यत्रममा आर्थिक समृद्धिको महत्वपूर्ण आधारका रूपमा रहेको पर्यटन क्षेत्रको विकास प्रवर्द्धनका लागि पूर्वाधार निर्माणलाई जोड दिइएको थियो । निर्माणाधीन अन्तर ष्ट्रिय विमानस्थलको कामलाई प्रभावकारी रूपमा अघि बढाइनुका साथै पर्यटन प्रवर्द्धनात्मक गतिविधिलाई तीव्रता दिने भनिएको थियो । सरकारले आगामी आर्थिक वर्षमा पनि हवाई पूर्वाधार र दिगो पर्यटनलाई विशेष जोड दिएको छ ।

नेपाल पर्यटन बोर्डका पूर्वप्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले आर्थिक समृद्धिको दरिलो आधार र सम्भावनायुक्त पर्यटन क्षेत्रलाई विशेष सम्बोधन हुने गरी नीति तथा कार्यत्रममा नआएको भए पनि हवाई पूर्वाधारका हिसाबले उत्साहजनक रहेको बताउनुभयो । उहाँले कोभिडपछिको पर्यटन पुनरुत्थान, आन्तरिक पर्यटन प्रवर्द्धनजस्ता विषयलाई आगामी बजेटले प्राथमिकता दिनु उपयुक्त हुने उल्लेख गर्नुभयो । प्यासिफिक एशिया ट्राभल एशोसिएसन (पाटा) नेपाल च्याप्टरका प्रमुख कार्यकारी अधिकृत सुरेशसिंह बुडालले नीति तथा कार्यत्रमले धराशायी अवस्थामा रहेको पर्यटन उद्योगको संरक्षण र प्रोत्साहनका निम्ति ठोस कार्यत्रम ल्याउन नसकेको बताउनुभयो ।

बोर्डले तयार गरेको कोभिडपछिको पर्यटन क्षेत्रको असरसम्बन्धी अध्ययनअनुसार वैधरूपमा सञ्चालन भएका पर्यटन क्षेत्रमा रु एक खर्ब ५३ अर्बको लगानी छ । यो निजी क्षेत्रको मात्रै लगानी हो । भैरहवास्थित निर्माणाधीन गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल आगामी आर्थिक वर्षदेखि सञ्चालनमा ल्याइने भनिएको छ । पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल पनि आगामी आर्थिक वर्षभित्र निर्माण सम्पन्न गरी सञ्चालनको पूर्वतयारी गरिनेछ । बहुप्रतिक्षित निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आगामी आर्थिक वर्षभित्र निर्माणकार्य शुरु गरिने भएको छ । रासस

# 'पर्यटन बचाउन रु २० अर्बको राहत प्याकेज ल्याऊ'

काठमाण्डु । नेपाल पर्यटन बोर्डले कोभिड-१९ का कारण प्रभावित बनेको मुलुकको पर्यटन क्षेत्रको पुनरुत्थानका लागि रु २० अर्बको राहत प्याकेज ल्याउन सरकारलाई सिफारिस गरेको छ । बोर्डले कोभिडका कारण पर्यटन क्षेत्रमा पुऱ्याएको असर र यसबाट उद्योग बचाउन अवलम्बन गर्नुपर्ने सुझावसहितको प्रतिवेदन आइतबार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई बुझाएको हो ।



प्रतिवेदनले हालको महामारीको अवस्थाबाट सिर्जित विसम परिस्थितिको असरबाट यस क्षेत्रलाई बचाइराख्न पर्यटन क्षेत्रमा कार्यरत मानव संसाधन (कर्मचारी एवं पर्यटन श्रमिक) को पेशागत सुरक्षाका लागि रु २० अर्बको राहत प्याकेजको कार्यत्रम समेटिएको छ । प्रतिवेदनमा पर्यटन क्षेत्रमा आबद्ध कर्मचारी एवं श्रमिकलाई राहत उपलब्ध गराउने, पर्यटन व्यवसायीलाई आर्थिक राहत र सहुलियत उपलब्ध गराउने र पर्यटन क्षेत्रको तत्काल पुनरुत्थानका लागि गर्नुपर्ने केही नीतिगत सुधार रहेका छन् ।

उक्त राहत प्राप्त गर्नका लागि पर्यटन क्षेत्रमा कार्यरत रहेको प्रमाण उपलब्ध गराउनु पर्नेछ । अन्तिम तीन महिनाको तलब बैंकमा जम्मा गरेको प्रमाण, पान दर्ता प्रमाणपत्र, आयकर तिरेको प्रमाण र सामाजिक सुरक्षाकोषमध्ये कुनै पनि प्रमाण पेश गर्नुपर्ने विषय समेटिएको छ । यो प्याकेज उपलब्ध गराउन सकिएमा पर्यटन क्षेत्रमा कार्यरत कर्मचारी एवं मजदुरको जीविकोपार्जनमा सघाई उनीहरूको पलायनलाई रोक्न सकिने बोर्डको धारणा रहेको छ । यसबाट पर्यटन सामान्य अवस्थामा फर्कनेबित्तिकै पर्यटन क्षेत्रमा मानव संसाधनको अभाव नहुने बोर्डको विश्वास छ ।

त्यसैगरी पर्यटन व्यवसायीका लागि आर्थिक सहयोग एवं सहुलियत उपलब्ध गराउने दोस्रो उपायका रूपमा सुझाइएको छ । यसमा व्यवसायीले लिएको ऋणको ब्याजदर घटाई आधार दर वा आधार दरमा थप एक प्रतिशतमा नबढ्ने गरी ब्याजदर कायम गर्नुपर्ने विषय रहेको छ । हाल नेपाल राष्ट्र बैंकले साविक ब्याजदरमा दुई प्रतिशत घटाउने निर्णय गरिसकेको भए तापनि पर्यटन व्यवसायीलाई विशेष प्राथमिकतामा राखी थप ब्याज घटाउनुपर्ने विषय औँल्याइएको छ । त्यस्तै व्यवसायीले लिएको ऋण चुक्ता गर्नुपर्ने अवधिलाई पुनर्तालिकीकरण गरी तीन वर्ष थप गर्नुपर्ने, ब्याजको पूँजीकरणका लागि एक वर्षको समय उपलब्ध गराइनुपर्ने, हाल राखेकै धितोका आधारमा थप रु २५ लाखसम्मको ऋण उपलब्ध गराउनुपर्ने र विद्युत् महसुल भुक्तानीमा छुट र विद्युत्को डिमान्ड शुल्क मिनाहा गर्नुपर्ने विषय समेटिएको छ ।

**पर्यटन बिदाको व्यवस्था गर्न सुझाव**

आन्तरिक पर्यटन प्रवर्द्धनमा राहत पुऱ्याउने आँकलनसहित बोर्डले सरकारी तथा निजी क्षेत्रका कर्मचारीलाई पर्यटन बिदाको व्यवस्था गर्न सुझाएको छ । हालको अवस्था सामान्य हुनेबित्तिकै पर्यटन क्षेत्रको तत्काल पुनरुत्थानका लागि केही नीतिगत व्यवस्था गर्नुपर्ने विषयसमेत बोर्डले सिफारिस गरेको हो । यसअन्तर्गत आन्तरिक पर्यटन प्रवर्द्धनका लागि सरकारी, सार्वजनिक निकाय, अर्धसरकारी, गैरसरकारी तथा निजी क्षेत्रका कर्मचारीलाई स्वदेशभित्रका विभिन्न गन्तव्य घुम्नका निमित्त निश्चित रकम र अवधिसहितको तथा भ्रमण कार्यत्रममा खर्च हुने रकममा आयकर छुटसहितको वा अन्य उपायबाट समेत पर्यटन बिदाको व्यवस्था गरिनुपर्ने सुझाव प्रस्तुत गरिएको छ ।

विभिन्न रोजगारीमा रहेका लाखौँ मानिस यस व्यवस्थाअन्तर्गत स्वदेश भ्रमणमा गएमा उक्त भ्रमणबाट करिब रु ५३ अर्बको व्यापार हुने प्रक्षेपणसमेत गरिएको छ ।

त्यसैगरी व्यावसायिक सामाजिक उत्तरदायित्वअन्तर्गत पर्यटन पूर्वाधारमा लगानी गर्नुपर्ने विषयलाई औद्योगिक व्यवसाय ऐन र नेपाल राष्ट्र बैंकले परिपत्रमार्फत सम्बोधन गरिनुपर्ने विषयसमेत उठान गरिएको छ । त्यसैगरी कर चुक्ता गर्नुपर्ने अवधिलाई ६ महिना पर सार्नसमेत उक्त प्रतिवेदनमार्फत सरकारसमक्ष सिफारिस गरिएको छ ।

बोर्डद्वारा विश्वव्यापी महामारीका रूपमा फैलिएको कोभिड-१९ ले नेपालको पर्यटन क्षेत्रमा पारेको गम्भीर असरबाट पर्यटन क्षेत्रलाई बचाइराख्न तत्काल के कस्ता उपाय अवलम्बन गर्न सकिन्छ भनेर सर्वेक्षण गरी प्रतिवेदन तयार गरेको थियो ।रासस


नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

परियोजना कार्यान्वयन इकाई, धनुषा

**सवारी साधन खरीद गर्ने सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित सूचना प्रकाशित मिति :२०७७/०२/०५

यस परियाजनाको चालु आ.व. २०७६/७७ को स्वीकृत वार्षिक कार्यक्रम (माछा सुपरजोनतर्फ) मत्स्य कृषक, उद्यमी/समूह/सहकारीहरुलाई ५०% अनुदानमा सिगल क्याबिन पिकअप वितरण गर्नुपर्ने भएकोले देहाय बमोजिमको सवारी साधन सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संसोधन) २०७३ को दफा ८ को उपदफा (१) (क)(८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (चौथो संशोधनको २०७३) को नियम ३१ ख बमोजिम त्यस्तो सवारी उत्पादक (Manufacture) कम्पनि वा सो को आधिकारिक बिक्रेता (Importer) हरु बीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलोक संपिग) विधिबाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियमावली २०६४ को नियम ३१ ख को उपनियम २ अनुसार देहाय बमोजिमको सवारी साधन विक्रि गर्न चाहने उत्पादक (Manufacture) तथा आधिकारिक बिक्रेता (Importer) ले आ-आफ्नो उत्पादकको आधिकारिक स्पेसिफिकेशन, गुणस्तर, मुल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) तथा Manufactures Authoraization letter समेत संलग्न राखि यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा निवेदन दर्ता गर्नु हुन सम्बन्धित उत्पादक (Manufacturer) वा आधिकारिक बिक्रेताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आवश्यक सवारी साधनविवरण :

| Type of Vehicle | Requirement (General Specification) | Required Quantity | Remarks |
|---|---|---|---|
| 4WD, Single Cab Pick up | Four Stroke. Four Cylinders. Water-cooled diesel Engine. Engine Displacement 2500cc-2700cc. Developing Max. Rated Power output not less than 60hp at governed RPM. Max. Rated Torque not less than 190Nm at govermedRPM., (engine shall be fully equipped with all necessary items/accessories) for efficient fully load operation of at operating conditions, shall be equipped with cold starting direct electric starting system. | few | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत टेकनिकल स्पेसिफिकेशन बमोजिम हुनेछ । |

वरिष्ठ कृषि अधिकृत

# २५ जनाको आरडीटी टेष्ट १९ को रिपोर्ट निगेटिभ

**सिकेन्द्र पासवान**

कलैया । जिल्ला प्रहरी कार्यालय बारामा मुद्दा फाँटमा कार्यरत प्रहरी जवानलाई शनिबार कोरोना पुष्टि भएपछि प्रहरी कार्यालयले आईतवार पनि ११ जना प्रहरी कर्मचारी र जिल्ला अदालतका ९ जना गरि २० जनाको आरडीटी टेष्ट गराएको छ ।

जिल्ला प्रशासन कार्यालयमा गरिएको सो टेष्टमा १९ जनाको रिपोर्ट नेगेटिभ आएको र एक जना प्रहरी सहायक निरीक्षकको रिपोर्ट शंकास्पद देखिएको हुदा त्यसलाई क्वारेन्टाइनमा राखेर पिसिआर टेष्ट गर्ने प्रहरी प्रवक्ता गौतम मिश्रले जानकारी दिए ।

सबै संक्रमित प्रहरी जवानको सम्पर्कमा आएको हुदा परिक्षण गराइएको उनले बताए । शनिबार प्रहरी निरीक्षक सहित २५ जनाको पीसीआरको माध्यबाट स्याव संकलन गरिएको थियो । त्यसैगरि निजगढस्थित रामथलीका १९ जनाको आरडीटि नेगेटिभ आएका छन् ।

निजगढबाट कोरोना संक्रमितलाई काठमाण्डु पुर्‍याएर फर्किएका एम्बुलेन्स चालक, एम्बुलेन्समा गएका बिरामी र आफन्त सहित संक्रमित बालक बसेको निजगढ नगरपालिका वडा नम्बर १२ रामाथलीस्थित उक्त टोलका १९ जनाको आइतबार आरडीटी परीक्षण गरिएकोछ । दोलखा घर भई काठमाण्डुको चन्द्रागिरि नगरपालिका दहचोकमा बस्दै आएका ७ वर्षीय कोरोना संक्रमित वडा नम्बर १२ को उक्त स्थानमा करिब १ महिनासम्म बसेर गएका थिए ।

एम्बुलेन्सचालककोआइतबार बिहान मकवानपुरको हेटौंडास्थित प्रादेशिक अस्पातालमा स्वाब संकलन गरिएकोछ भने बालक बसेर फर्किएको रामथलीका स्थानीय १९ जनाको आरडीटी परीक्षण गरिएकोमा सबैको रिपोर्ट निगेटिभ आएको निजगढ नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख रमेश लामाले जानकारी दिए ।

निजगढ नगरपालिकाका मेयर सुरेश कुमार खनाल लगायत निजगढ नगरपालिकाको स्वास्थ्य शाखाको टोली परीक्षणको लागी आईतबार रामथली पुगेका थिए ।

बालक बसेर गएको घरका बाँकी ६ जना सहित एम्बुलेन्समा गएका बिरामीको भने सोमबार पीसीआर विधि मार्फत परिक्षणका लागि स्वाब संकलन गरिने लामाले बताए ।

सोमबार पीसीआर संकलन टोली आएपछि थप परीक्षण बढाइने भएकोछ । बालक आमासँगै वार्षिक परीक्षा सकेर चैत्र ८ मा निजगढ आइपुगेका थिए । आमाको दिदीको सम्धिनीको घर आएका उनीहरु लकडाउनका कारण रोकिएपछि उनीहरु एम्बुलेन्स चढेर वैशाख ६ मा काठमाण्डु फर्किएकाथिए ।

# ५० थान भेन्टिलेटर जडान गरिदैंछ : मुख्यमन्त्री राउत

**टुडे समाचारदाता**



जनकपुरधाम । प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले प्रदेशभरि ५० थान भेन्टिलेटर जडान गरिने बताएका छन् ।

उनले प्रादेशिक अस्पताल जनकपुर र नारायणी अस्पताल वीरगञ्जमा १०/१० तथा अन्य जिल्ला अस्पातालहरुमा ५/५ गरी ५० थान भेन्टिलेटरको जडान गरिने बताए । प्रत्येक जिल्लामा १२१ थान एम्बुलेन्स तथा शव बाहन उपलब्ध गराउने प्रकिया समेत अगाडि बढिसकेको उनले बताए ।

सामाजिक विकास मन्त्रालयको कोरोना सम्बन्धी नियमित मिडिया ब्रिफिङ्ग अन्तर्गत आईतबार बोल्दै मुख्यमन्त्री राउतले महामारी रोकथाम र नियन्त्रणको यस युद्धको अग्रमोर्चामा खटिएका स्वास्थ्यकर्मी, चिकित्सक, सुरक्षाकर्मी, सञ्चारकर्मी र उपचार तथा नियन्त्रणमा संलग्न अन्य कर्मचारीहरुको मनोबल उच्च राख्न प्रदेश सरकारले प्रोत्साहन भत्ता उपलब्ध गराइसकेको बताए । साथै कर्तव्य पालनको क्रममा कोरोना संक्रमित भई निधन हुन गएमा निजको परिवार लाई ५० लाख राहत उपलब्ध गराउने निर्णय समेत भएको उनले बताए ।

लकडाउन कार्यान्वयन पश्चात प्रभावित भएका गरीव, दैनिक मजदुर, कृषि मजदुर तथा किसानहरुको लागि प्रदेश सरकारले कोरोना भाइरस सत्क्रमण (कोभिड १९) प्रभावित मजदुर, श्रमिक, गरिव तथा आर्थिक रुपमा विपन्न किसानलाई राहत वितरण अनुगमन निर्देशिका २०७६ निर्माणगरी चरणबद्ध राहत प्याकेजहरु उपलब्ध गराइएको उनको भनाई छ ।

दोस्रो चरणको राहात मार्फत हालसम्म २७ हजार परिवारले राहात प्राप्त गरिसकेका छन् भने कुल ८३ हजार परिवारलाई राहत वितरण गर्ने लक्ष्य लिइएको उनले बताए ।

सीमानाकासँग जोडिएका समस्याहरु समाधानका लागि हामीले उच्च सतर्कता र साबधानी अपनाउनु जरूरी रहेको भन्दै उनले सीमामा रोकिएका नागरिकहरुलाई नेपाल भित्र् याउने नीतिगत निर्णय हुना साथै उनीहरुलाई राख्नका लागि प्रदेश सरकारले आठवटै जिल्लाका सीमा नाका नजिकै ३/३ सय बेड क्षमताको क्वारेन्टाइन निर्माणको प्रत्रिया शुरु गरिसकेको जानकारी गराए ।

कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारका लागि प्रदेश सरकारले चालेका कदमहरुमा सम्पूर्ण समुदाय र क्षेत्रबाट महत्वपूर्ण सहयोग प्राप्त भएकोमा सम्पूर्णलाई धन्यवाद दिदैं उनले विशेष स्वास्थ्य उपचारको क्षेत्रका खटिने स्वास्थ्यकर्मीहरुको योगदान अतुलनिय रहेको बताए ।

कोरोना संक्रमित भई प्रदेशका विभिन्न स्वास्थ्य संस्थामा उपचारको क्रममा रहेका दाजुभाइ तथा दिदि बहिनी हरुको स्वास्थ्य उपचारमा प्रदेश सरकारले कुनै पनि कसर बाँकी नराख्ने प्रतिवद्धता ब्यक्त गर्दै उनले आफ्नो आत्मबल मजबुत बनाई राख्न समेत आग्रह गरे ।

अहिले हामीले सामना गरिरहेको कोभिड १९ जस्तै अनेकौं महामारी, संकट र विपत्तीलाई हाम्रा पुर्खाहरुले पनि भ्mेलेको स्मरण गर्दै उनले हरेक अँध्यारोमा उज्यालोको आशा र हरेक संकटमा समाधानका उपायहरु पहिल्याउँदै मानव सभ्यता यहाँसम्म आई पुगेको उल्लेख गरे ।

आज हामी राजनीतिक आस्था र विचारभन्दा माथि उठेर कोरोनाले निम्त्याएको संकटको समाधान गर्नु पर्ने अवस्थामा रहेको भन्दै उनले कोरोना संत्रmमणबाट हाम्रो देश र प्रदेशलाई सुरक्षित' राख्ने अवस्थाको निर्माण नै हामी सबैको साभ्mा लक्ष्य हुनुपरेको बताए ।

प्रदेश सरकार आम समुदायले नै निर्माण गरेको सरकार रहेको भन्दै उनले आफ्ना समस्याहरुका समाधानको उपाय आफ्नो क्षेत्र र घर आँगनमा खोज्ने तथा आफ्ना लक्ष्यहरु आफ्नै योजना र योगदानले प्राप्त गर्ने ध्येयका साथ संघीयता कार्यान्वयन भएको बताए । संघीयता प्राप्तिको कठोर संघर्षमा ठुलो बलिदान गरेको भन्दै उनले उक्त बलिदानको जगमा उभिएको प्रदेश सरकार सदैव आम प्रदेशबासीहरुको सुख दुखको सहयोगी बन्ने विश्वास दिलाए ।

आम प्रदेशबासी र सम्पुर्ण सरोकारवालाहरुले कोरोना संक्रमण नियन्त्रणलाई लिएर साभ्mा लक्ष्य निर्माण गर्दै सहकार्य गरिए आफू र आफ्नो समुदायलाई सुरक्षित राख्न सकिने उनले बताए ।

यसका लागि लकडाउनको पालना, ब्यक्तिगत तथा सामुदायिक सरसफाइ र सम्वन्धित विज्ञहरुको सुभ्mावलाई हामीले कुनै पनि हालतमा पालना गर्नैपर्नेमा उनले जोड दिए ।

# कोरोना प्रभावित वीरगन्जको लागि विशेष प्याकेज माग

**टुडे समाचारदाता**



वीरगन्ज । पर्सा जिल्लाबाट निर्वाचित साँसदद्वय लक्ष्मणलाल कर्ण र प्रदिप यादवले कोरोना संकटको सामना गर्नका लागि बिशेष प्याकेजको माग गरेका छन् । पर्सा क्षेत्र नम्बर १ बाट निर्वाचित साँसद यादव र क्षेत्र ४ बाट निर्वाचित साँसद कर्णले आइतवार उपप्रधानमन्त्री तथा परराष्ट्र मन्त्री इश्वर पोखरेललाई भेँटेर यस्तो माग गरेका हुन । सरकारको तर्फबाट कोरोना सम्बन्धमा संयोजनको भुमिकामा रहेका संघीय सरकारका उपप्रधानमन्त्री पोखरेलले वीरगन्ज मुलुकमै सबैभन्दा बढी जोखिम क्षेत्र भएकोले त्यहाँ चाहिने साधनस्रोत अबिलम्ब उपलब्ध गराउने प्रतिबद्धता दिएको साँसद यादवले बताए ।

वीरगन्जमा ठुलो आकारको बृहद र सुबिधा सम्पन्न छुटै कोरोना अस्पताल बैकल्पिक रुपमा सुरु गर्ने, पीसीआर परीक्षणको दायरा बढाउनका लागि आवश्यक किट पर्याप्ति संख्यामा उपलब्ध गराउन, अस्पताल भर्ना हुने संक्रमितहरुको उपचार, खाना तथा अन्य सुबिधा बिश्व स्वास्थ्य संगठनको मापदण्डमा अबिलम्ब सुरु गराउन र वीरगन्जमा जारी लकडाउन र निषेधाज्ञाले यहाँको जनजीवन कष्टकर बनेकोले उचित ब्यवस्थापन गर्न लगायतका माग साँसदद्वयले राखेका थिए ।

माग उपर सुनुवाइ गर्दै उपप्रधानमन्त्री पोखरेलले तत्काले यसमा सकारात्मक पहल गर्ने प्रतिक्रिया दिए । उपप्रधानमन्त्री पोखरेलले तत्काले वीरगन्जको नेशनल मेडिकल कलेजका संचालक महमद बसरुद्दीन अन्सारीलाई टेलीफोन गरी उक्त अस्पताललाई कोडिड-१९ अस्पताल बनाउनका लागि प्रक्रिया थाल्न निर्देशन दिएका छन् । त्यस्तै पर्साका प्रमुख जिल्ला अधिकारी विष्णुकुमार कार्कीलाई समेत उपप्रधानमन्त्री पोखरेलले निर्देशन दिदै यसको लागि आवश्यक प्रबन्ध गर्न भनेका थिए ।

वीरगन्जको नारायणी अस्पतालमा सरकारले अहिलेसम्म कोभिड अस्पताल संचालन गरे पनि त्यसको क्षमताभन्दा बढी संक्रमित फेला परेका कारण यहाँ ब्यवस्थापनमा समस्या भएको छ ।

वीरगन्ज महानगरपालिकामार्फत एउटा निजी अस्पताल थप रुपमा संचालनमा ल्याउन तयारी गरिए पनि त्यो पर्याप्त नभएकोले नेशनल मेडिकल कलेजलाई कोभिड अस्पतालको रुपमा संचालनमा ल्याउनुको बिकल्प नरहेको उपप्रधानमन्त्री पोखरेलसंगको छलफलको निश्कर्ष रहेको साँसद यादवले बताए । त्यसतै किट लगायत आवश्यक सामग्री आपुर्तीको लागि पनि उपप्रधानमन्त्री पोखरेलले स्वास्थ्य मन्त्रालय लगायतलाई निर्देशन दिएका छन् ।

# संक्रमित फेला परेपछि लकडाउनमा थप कडाई

**मुकेश कुमार यादव**

लहान । सिराहाको सखुवानन्कारकट्टी गाउँपालिका-१ का ३० वर्षीय युवकमा कोरोना संक्रमण पुष्टि भएसँगै सिरहासहित लहान, गोलबजार मिर्चैया बरियारपट्टीमा लकडाउनलाई थप कडा बनाउने तयारी थालिएको छ ।

शनिबार लकडाउन पालना गराउन प्रहरीले कोरोना सम्बन्धि जनचेतना जगाउदै माइकिंग गरेका छन् । सखुवानन्कारकट्टी गाउँपालिकामा कोरोना संक्रमण पुष्टि भएसँगै सिरहा जिल्ला बासिन्दा पनि उच्च जोखिममा रहेको ठहर गर्दै नेपाल प्रहरी, सशस्त्र प्रहरी , ट्राफिक प्रहरीले संयुक्त प्रहरी टोलीले सिरहाको विभिन्न ठाउँमा म्याकिंग सहित मार्चपास गर्दै लकडाउन पालना गर्न सम्पूर्ण नगरवासी र गाउँ बासि लाई घरमै रही सुरक्षित रहन आग्रह गरेका छन् ।

त्यस्तै लहान प्रहरी कार्यलय लहानका डिएसपी सरत थापा क्षेत्री र शस्त्र प्रहरी वेस क्याम्प लहानका डिएसपी अर्जुन सापकोटाले माइकिंग गर्दै अति आवश्यक काम बाहेक कोहि घुमेको फेला परेमा ,पास बाहेकका सवारी साधन सडकमा गुडाएको पाइएमा नेपालको प्रचलित कानुन बमोजिम सजायका साथै दिन भर होल्ड जोनमा राखिने बताएका छन् ।

डिएसपी थापाले आइतबारदेखि लकडाउन कडा पारिएको बताए । हामी लकडाउनलाई पूर्ण पालना गराउन लागि परेका छौ । ईलाका प्रहरी कार्यालय मातहतका सबै क्षेत्रमा समेत थप कडाई गरिएको ईलाका प्रहरी कार्यलय लहानले जनाएको छ ।

तत्काल औषधी पसल बाहेक अत्यावश्यक पसलहरु समेत खोल्न नदिने प्रहरीको भनाइ छ । लकडाउनलाई पूर्ण पालना गर्न सम्पूर्ण सर्वसाधरणहरुलाई आग्रह समेत गरेका छन् । कोरोना भाइरस संक्रमणबाट बचाउन नेपाल सरकारले गत चैत ११ गतेदेखि नै देशभर लकडाउन गरेको छ ।

# भारतले पुनःदुई हप्ता लकडाउन बढाउने

**एएफपी**

नयाँ दिल्ली । कोरोना भाइरस (कोभिड-१९) बाट ज्यान गुमाउनेको सङ्ख्या बढने क्रम नरोकिएपछि सरकारले बन्दाबन्दीको अवधिलाई थप दुई हप्ता थप्ने तयारी गरेको भारतीय अधिकारीहरूले बताएका छन् ।

कोभिड-१९ को सङ्क्रमण वृद्धिदर बढिरहेको अवस्थामा शनिबार भारतका प्रधानमन्त्री नरेन्द मोदी र मुख्यमन्त्रीबीच करिब चार घण्टा लामो छलफ्ल भएको भारतीय सञ्चारमाध्यमले बताएका छन् । भिडियो सम्मेलनमार्फत गरिएको छलफलका निष्कर्षलाई औपचारिकरूपमा घोषणा भने गरिएको छैन ।

यद्यपि बैठकमा बन्दाबन्दी बढाउने सहमति भएको दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालले ट्विटरमार्फत सार्वजनिक गर्नुभएको छ । उहाँले ट्विटरमा लेख्नुभएको छ, "प्रधानमन्त्रीले बन्दाबन्दी बढाउने सही निर्णय लिनु भएको छ ।"

तर मुख्यमन्त्री केजरीवाललाई सञ्चारकर्मीहरूले बन्दाबन्दीबारे गरिएको प्रश्नमा संक्षिप्त प्रतित्रिया दिँदै भन्नुभयो, "निर्णयलाई प्रधानमन्त्री आँफैलेसार्वजनिकगर्नुहुनेछ।"यता, कोरोनाको संक्रमित बढ्दै गएपछि भारतका विभिन्न राज्यका सरकारले लकडाउन बढाउने निर्णय गर्ने तयारीमा छन् ।

पञ्जाबमा कांग्रेस सरकार तथा ओडिसा सरकारले ३० अप्रिलसँग लक डाउन बढाउने निर्णय गरिसकेका छन्। बाँकी राज्यले पनि मोदीलाई कमसे कम दुई हप्ता लकडाउन बढाउन सुभ्mाव दिएका छन् ।

# बाटोमा फालिएको ८ हजार रुपैयाँ क्वारेन्टाइनमा

**टुडे समाचारदाता**

कलैया । बाराको आदर्श कोतवाल गाउँपालिका-८ कोतवाली गाउँस्थित मन्दिर अगाडी आईतवार ८ हजार रुपैयाँ फालिएको अवस्थामा फेला परेको छ ।

बिहान ५ बजेको समयमा ५ सय दरको १६ वटा नोट सडकमा फालिएको देखेपछि गाउँलेहरु प्रहरीलाई खबर गरेको थियो । रुपैया यसरी सडकमा देखेपछि गाउँले त्रसित बनेका थिए ।

फेला परेको सो ८ हजार रुपैयाँ स्यानिटाईज गरि प्लाष्टिकले पोको पारी क्वारेन्टाइनमा राखिएको छ । पैसाको बिषयमा थप अनुसन्धान भईरहेको प्रहरी प्रवक्ता गौतम मिश्रले जानकारी दिए ।

पैसा हराएको दावी गर्न आएको व्यक्तीलाई अनुसन्धान गरेर बुभ्mाउने प्रवक्ता मिश्रले भने ।

# पोखरीमा शव फेला

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रदेश २ को अस्थायी राजधानी जनकपुरधामा परिचय खुल्न नसकेका एक व्यक्तिको शव फेला परेको छ ।

आइतबार बिहान जनकपुरधामको धनुष सागर पोखरीमा अन्दाजी ३५ बर्षीय पुरुषको शव फेला परेको प्रहरीले जनाएको छ । उनको शव पोखरीमा तैरिरहेको अवस्थामा फेला परेको हो ।

# लागु औषधसहित मानिस पक्राउ

लहान । प्रतिबन्धित लागुऔषधसहित सिरहा प्रहरीले आज बिहान एक युवकलाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यलिय सिरहाबाट खटिएको प्रहरी टोलीले सिरहा नगरपालिका १५ बाट लागुओषधसहित सिरहाको मिर्चैया नगरपालिका-५ निवासी ३५ वर्षीय आमोद भन्ने विजयकुमार यादवलाई पक्राउ गरेको हो ।

सर२प ८५२६ नंको मोटरसाइकललाई जाँच गर्दा लागुऔषध कोरेक्स ११ बोतल, नाइट्रोभेट ७० थान बरामद भएपछि यादवलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता प्रहरी नायब उपरीक्षक विनोद घिमिरेले जानकारी दिए ।

पक्राउ परेका यादवमाथि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।रासस

# नेकपा संसदीय दलद्वारा प्रदेश २ लाई ७ लाख सहयोग

**रञ्जन यादव**

जीतपुर । नेकपा प्रदेश नम्बर २ संसदीय दलले प्रदेश सरकार अन्तर्गत रहेको कोरोना भाइस संक्रमण, रोकथाम नियन्त्रण तथा उपचार कोषमा करिब सात लाख रुपैयाँ सहयोग गरेको छ । प्रदेस नम्बर २ सरकारले स्थापना गरेको सो कोषमा ६ लाख ९६ हजार ७ सय२२ रुपैयाँ जम्मा गरिएको नेकपाका प्रमुख सचेतक सुन्दर बहादुर विश्वकर्माले जानकारी दिए ।

नेकपाका ३२ जना सांसदहरुको तर्फबाट सो रकम चेक मार्फत खाता नं. १२२०५०३००००१ मा जम्मा गरिएको विश्वकर्माले जानकारी दिए ।


**नोबेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल संत्रmमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उत्तम उपायहरू :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसंग हात धुने,
- अनावश्यकरुपमाा घर बाहिर र भिडभाडमाा नजाने,
- खोक्दा र हछ्युँ गर्दा नाक र मुख कुहिनोले छाप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसंगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्कीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



**जनकपुर टुडे मिडिया ग्रुपको अपिल**

- नियमति रुपमा साबुन पानी तथा अल्कोहलयुक्त हेण्ड रबले हात धुने र सेनिटाइजर प्रयोग गर्ने ।
- खोक्दा, हाँचिछउँ गर्दा नाक र मुख हात, रुमाल अथवा हातको कुहिनाको भागले छोप्ने ।
- रुगाखोकी, ज्वरो तथा स्वास-प्रस्वासमा समस्या आए नजिकको स्वास्थ्य संस्थामा गएर चिकित्सक संग जाँच गराउने ।
- अनावश्यक रुपमा आफ्नो नाक, मुख र आँखा नछुने, छुनु परे राम्ररी हात धोकेर मात्र छुने । मोबाईल फोन लगायत धेरै प्रयोग गर्ने बस्तु सफा राख्ने ।
- रुगाखोकी लागेको व्यक्तिसंग दुरी कायम राख्ने, कुरा गर्नु परे १ मिटर टाढा बसेर गर्ने । अनावश्यक भिडभाडमा नजाने ।
- माछा, मासु र अण्डा राम्ररी पकाएर खाने । जङ्गली तथा घरेलु पशुपंछीसँगको असुरक्षित सम्पर्कबाट जोगिने ।

जनहितमा जारी संदेश


जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९०१०१, E-mail : jtodaynews@gmail.com,todayad@gmail.com, Website : www.ejanakpurtoday.com